भक्तपुरले अवलम्बन गरेको विकास मोडेल अरूको लागि चासोको विषय

भक्तपुर । नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका एकाइ समिति भक्तपुरको आयोजनामा असोज ३० गते विजया दशमीको अवसरमा शुभकामना आदानप्रदान तथा मार्गनिर्देशन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाले अवलम्बन गरेको विकासको नमुना अन्य क्षेत्रका लागि चासो र अध्ययनको विषय बनेको उल्लेख गर्दै नगरपालिकाले आफ्नो अस्तित्व र पहिचान कायम राख्न जनताको हितमा नि:स्वार्थ रूपमा काम गर्नुपर्ने बताउनुभयो । उहाँले भक्तपुरलाई आदर्श समाज निर्माण गर्ने लक्ष्यका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले सफाइकर्मीहरूलाई सङ्गठित गर्न सके उनीहरूको कार्यक्षमता र काम गर्ने पद्धतिलाई अझ व्यवस्थित बनाउन सकिने उल्लेख गर्दै सरकारका ऐन-कानुनको परिधिभित्र रहेर जनताको सेवामा समर्पित हुनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरका किसान तथा श्रमजीवी जनताको श्रमदान र चन्दा सहयोगबाट नगर निर्माण भएको स्मरण गर्दै नगरपालिकाले आफ्ना कामकारबाही पारदर्शी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भक्तपुरलाई भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्दै आत्मनिर्भर बनाउने दिशामा अघि बढाउनुपर्ने बताउनुभयो ।

कर्मचारी हुनु भनेको भ्रष्टाचार गर्नु नभई इमानदारीपूर्वक जनताको सेवा गर्नु हो भन्दै उहाँले भक्तपुरले आदर्श समाज निर्माणको परिकल्पना गरेको उल्लेख गर्दै कर्मचारीहरूले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरेर व्यवहारमै त्यसलाई प्रमाणित गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भाषा, साहित्य, संस्कृति र जनताको हितलाई संरक्षण गर्दै आदर्श

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ३९ ✪ ३ कार्तिक २०८३, मङ्गलबार ✪ 20 Oct. 2026, Tuesday ✪ मूल्य रू. १०।-

समाज परिवर्तन गर्न निरन्तर प्रयासको खाँचो



भक्तपुर । समाज परिवर्तन गर्न कुनै एक व्यक्तिको व्यक्तित्व विकास गर्नुभन्दा कठिन हुने भएकोले प्रतिबद्ध र समर्पित व्यक्तिहरूको समूहको निरन्तर प्रयास आवश्यक हुने विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले व्यक्त गर्नुभएको छ ।

वर्तमान परिप्रेक्ष्यमा बौद्धिक व्यक्तित्वहरूको भूमिकाबारे असोज २७ गते आयोजित भेलामा अध्यक्ष बिजुक्छेँले बौद्धिक व्यक्तित्वहरूले आफ्नो ज्ञान समाजको हितमा उपयोग गर्नुपर्ने बताउनुभयो । दुष्ट प्रवृत्तिका व्यक्तिहरूले गर्ने षड्यन्त्र र धोखाका कारण पनि समाज अघि बढ्न नसक्ने उल्लेख गर्दै उहाँले समाजमा परिवर्तन ल्याउन समर्पित बौद्धिक व्यक्तित्वहरूको खाँचो औँल्याउनुभयो ।

कार्यक्रममा स्रष्टा समाजका अध्यक्ष लक्ष्मणराज जोशीले विगतमा बौद्धिक व्यक्तित्वहरूले तत्कालीन समाजका ठालुहरूको भनाइलाई नै सही मानेर टाउको हल्लाइरहेको भए पृथ्वी अहिलेसम्म पनि चेप्टो नै हुन्थ्यो भन्नुभयो । सत्तामा रहेकाहरूको भनाइलाई मात्र सही मानेको भए कम्युनिस्ट घोषणापत्रसमेत लेखिने थिएन भन्दै उहाँले अहिले नेपालमा बुद्धिजीवीहरूमाझ ठूलो समस्या देखिनु दुर्भाग्यपूर्ण भएको बताउनुभयो । बुद्धि सबैसँग हुने भए पनि समाज परिवर्तनका लागि ज्ञान आवश्यक पर्ने उहाँको भनाइ थियो ।

प्राध्यापक समाजका प्रकाश श्रेष्ठले समाज परिवर्तनका लागि आलोचनात्मक चेत आवश्यक रहेको बताउँदै दोस्रो विश्वयुद्धपछि जर्मनीमा विकसित फ्रान्कफर्ट विचारधाराको महत्त्वबारे चर्चा गर्नुभयो ।

नर्सिङ कलेजकी अध्यापिका देवीका दनेखुले तीव्रगतिमा परिवर्तन भइरहेको समाजलाई बुझ्न आफ्नो विषयको मात्र ज्ञाता भएर नपुग्ने बताउनुभयो । समाजका विविध पक्ष र विषयका बौद्धिक व्यक्तित्वहरू एकै स्थानमा बसेर समाजको हितमा कार्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

ख्वप अस्पतालका निर्देशक तथा चिकित्सक समाजका अध्यक्ष डा. मजेशप्रताप मल्लले चिकित्सा पेसामा आबद्ध व्यक्तिहरू पनि बुद्धिजीवी नै भएको उल्लेख गर्नुभयो । तर, अहिलेको परिवेशमा उनीहरू देश र समाजको हितभन्दा अर्थोपार्जनमा बढी तल्लीन हुनु चिन्ताको विषय भएको उहाँले बताउनुभयो ।

कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै कार्यक्रम संयोजन गर्ने योगेन्द्रमान बिजुक्छेँले वर्तमान राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, भूराजनीतिक तथा विश्व परिवेशमा व्यापक उतारचढाव आइरहेको बताउनुभयो । उहाँले इटालियन मार्क्सवादी चिन्तक ग्राम्सीले चर्चा गरेझैं परम्परागत बुद्धिजीवीभन्दा समाजलाई बुझ्न र परिवर्तन गर्न सक्ने जैविक (अर्गानिक) बुद्धिजीवीको आवश्यकता रहेको बताउनुभयो । विभिन्न पेसामा आबद्ध बौद्धिक व्यक्तित्वहरू साझा चौतारीमा बसेर समाजका विसङ्गति र सत्ताको मनोमानीलाई चुनौती दिन अग्रसर हुनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले योगेन्द्रमान बिजुक्छेँको अध्यक्षतामा २० सदस्यीय एक बौद्धिक समाजको घोषणा गर्नुभयो ।

कार्यक्रमको सञ्चालन डा. सबिन ख्याजुले गर्नुभएको थियो ।

नयाँ पुस्ताको निर्माणमा सेवा निवृत्त शिक्षकको उल्लेख्य योगदान

भक्तपुर । सेवा निवृत्त शिक्षक समाज, भक्तपुरको आयोजनामा अर्धवार्षिक प्रकाशन 'शैक्षिक अनुभव' को १९ औँ अङ्क विमोचन तथा विजया दशमी २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा असोज २९ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि सुवालले समाज परिवर्तनका लागि सेवा निवृत्त शिक्षकहरूले नयाँ पुस्ता तयार गर्न महत्त्वपूर्ण योगदान गरेको उल्लेख गर्दै विद्यार्थीहरूको शैक्षिक स्तर उकास्न आफ्ना अनुभवका साथै संसारका अन्य देशहरूमा अपनाइएका शिक्षण विधिबारे आफ्ना लेखहरूमा उल्लेख गरेमा नयाँ पुस्ताले प्रेरणा पाउने बताउनुभयो ।

क्युवा र प्रजग कोरियाका विद्यालय तथा विश्वविद्यालयमा नि:शुल्क शिक्षाको बन्दोबस्त रहेको जानकारी दिँदै उहाँले नेपालजस्तै सानो मुलुक प्रजग कोरियाले शिक्षाकै माध्यमबाट आणविक ऊर्जा उत्पादन गर्न सफल भएको बताउनुभयो ।

शिक्षकहरूले नागरिक भावना जागृत गराउन उदाहरणीय कार्य गर्नुपर्ने आवश्यकता औँल्याउँदै सचिव सुवालले भन्नुभयो, "एक सर्वेक्षणअनुसार सन् २०२५ पछि नेपाल गलत बाटोमा गएको भन्ने मत ६१ प्रतिशतले दिएका थिए भने भदौ २३-२४ को उपद्रवपछि ७० प्रतिशतले नेपाल गलत बाटोमा गएको मत दिनुले सरकारहरू जनताप्रति जिम्मेवार नभएको प्रमाणित हुन्छ ।"

देश जलाउनेहरूका सात पुस्तासम्म पिरलो पर्ने विश्लेषकहरूको मत रहेको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "२००७ सालमा सहिदहरूले ज्यानको बलिदान दिएर जहानियाँ राणा शासनविरुद्ध सङ्घर्षबारे अध्ययन गरेकाहरू भदौ २३ र २४ गतेको विध्वंसमा राजीनामा दिएर भाग्दैमा दोषमुक्त हुन सक्दैनन् ।"

कार्यक्रमका सभापति एवम् समाजका अध्यक्ष अम्बिकामान मानन्धरले 'शैक्षिक अनुभव' सान्दर्भिक र पठनीय पुस्तक भएको बताउनुभयो ।

समाजका उपाध्यक्ष रामगोपाल कर्माचार्यले स्वागत मन्तव्य दिँदै भन्नुभयो, "सेवा निवृत्त शिक्षक समाजले निवृत्त शिक्षकहरूको अनुभव समेटिएको 'शैक्षिक अनुभव' पुस्तक समाजको स्थापनाकालदेखि निरन्तर प्रकाशन गर्दै आएको छ । निवृत्त शिक्षकका अनुभव, शैक्षिक लेख-रचना तथा समाजका गतिविधिहरू सोही पुस्तकमार्फत प्रकाशित गरिरहेका छौँ । साथै, निवृत्त

बाँकी पृष्ठ १२ मा

चामुण्डा बिन्द्रासैनीमा शुभकामना कार्यक्रम

दैलेख । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. १ समितिको आयोजनामा असोज ३१ गते शुभकामना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका सदस्य निरबहादुर शाहीले युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था हुने वातावरण सरकारले तयार गर्नु जरुरी रहेको बताउनुभयो ।

समाजवादी व्यवस्थामा कामदार जनताले सम्मानपूर्वक जीवनयापन गर्न पाउने धारणा राख्दै उहाँले उक्त व्यवस्थामा नागरिकको जन्मदेखि मृत्युसम्मका सबै व्यवस्था राज्यले गर्ने बताउनुभयो ।

चाडपर्वलाई भौतिकवादी दृष्टिकोणले रचनात्मक ढङ्गले मनाउनु जरूरी रहेको उल्लेख गर्दै उहाँले विश्वमा अशान्ति छाउनुमा संरा अमेरिकी साम्राज्यवाद प्रमुख रूपमा दोषी रहेको बताउनुभयो ।

नेमकिपा दैलेखका अध्यक्षले अहिलेको पुँजीवादी व्यवस्थाले कामदार जनताको हित नगर्ने भएकोले यस विषयमा सचेत हुन र जनतालाई पनि सचेत गराउन जरूरी रहेको बताउनुभयो ।

गोरख केसीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा दीपक शाही, विष्णु रेग्मी, उदय विक, सुरेन्द्र शाही, एचबी, लालिसरा विक, गगन केसीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

दैलेखमा साहित्यिक कार्यक्रमसहित शुभकामना आदानप्रदान

दैलेख । पञ्चकोसी साहित्य समाज दैलेखको आयोजनामा असोज ३१ गते विजया दशमी तथा दीपावलीको शुभकामना आदानप्रदान कार्यक्रम चामुण्डा बिन्द्रासैनीको जम्बुकाँध बजारमा सम्पन्न भयो ।

पञ्चकोसी साहित्य समाज दैलेखका कोषाध्यक्ष धनकुमारी शाहीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले प्रगतिशील साहित्यलाई अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै दसैँ तिहारमा साहित्यिक कार्यक्रमहरू अगाडि बढाउनु राम्रो हो भन्नुभयो । साहित्यले जनतालाई राजनैतिक चेतना जगाउन हतियारको काम गर्ने चर्चा गर्दै उहाँले साहित्य समाजले कार्तिक ७ गते गर्ने कार्यक्रममा सहभागी हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा केसेन्द्रप्रकाश कार्कीले पञ्चकोसी साहित्य समाजले विकृति र विसङ्गति अन्त्य गर्नुपर्ने आवश्यकता औँल्याउँदै समाजमा दबिएर रहेका कला र साहित्यलाई उत्साहित गर्नुपर्छ भन्नुभयो ।

चामुण्डा विन्द्रासैनी नगरपालिका वडा ३ का पूर्ववडा अध्यक्ष निरकबहादुर शाहीले 'किन ढोगे विदेशीलाई' भन्ने शीर्षकको कविता वाचन गर्दै समाजले आफ्ना गतिविधिलाई तिव्रता दिनुपर्छ भन्नुभयो ।

चामुण्डा कलेजका सहायक क्याम्पस प्रमुख नगेन्द्र कार्कीले हुँदा खानेहरूको पक्षमा साहित्यले आवाज

बाँकी पृष्ठ ११ मा

जनता म्वाःसा, भाषा म्वाइ

थ्वहे वइगु ने.सं. ११४६ कौलाथ्व द्वादशी व त्रयोदशी (कार्तिक ६ व ७ गते) नेन्हुयंकं *सुथायसिया ११:००* ता:इलय् निसिं याता, गोमारी-७, ख्वपय् जुइजु

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या व सांस्कृतिक ब्वज्या

त:जिक हानेता च्वसु (साहित्य) व सांस्कृतिक विधा दुथ्याक: दियता इनाप याङ: च्वङा । नपां फयांफक्व हापं बियो त:मुंज्या स्वभायता इनाप याङ: च्वङा ।

च्वसु (साहित्य) व सांस्कृतिक दु:थ्याकेगु थाय्

क) पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या, ग्वसाखल: गोमारी-७, ख्वप
Email: 46tamunjya1146@gmail.com

ख) Email: tamunjya1100@gmail.com

ग) 'मजदुर' दैनिक, कमलविनायक, नगांचा, भक्तपुर-१०


स्वापुया निंतिं :

☎ : ०१-५९२५४६९ : nepalbhasatamunjya : 46tamunjya : tamunjya : 46Tamunjya
: NBSTamunjya : 46tamunjya1146@gmail.com : tamunjya1100@gmail.com : https://tamunjya.com

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या
ग्वसाखल: गोमारी-७, ख्वप
स्वापु ल्या: ०१-५९२५४६९

सुचं : त:मुंज्यासं दुथ्याकेगु साहित्यया खाँग्व: २००० स्वयो म्ह्वाँ व १० मिनेटया दुनय् ब्वने सिधयके म: ।

साहित्य व सांस्कृतिक विधा दुथ्याकेगु लिपांगु न्हि ल्या : नेपाल सम्बत ११४६ ञलागा त्रयोदशी (२०८३ असोज २२), बिहीबा: तक



जोन रीड
(अन्तर्राष्ट्रवादी पत्रकार)

साम्यवादीहरूका निम्ति उनीहरूलाई स्वर्गमा पठाउन प्रार्थना गर्न पुरोहितको आवश्यकता हुँदैन बरु उनीहरू पृथ्वीमै स्वर्गभन्दा बढी चम्किलो देश बनाउँछन् र त्यस्तो देशको निम्ति मर्नुलाई पनि गौरवको रूपमा लिन्छन् ।

सम्पादकीय

परपीडकहरू के हुन् र के होइनन् !

'परपीडक' शब्दको सरल अर्थ हो - अरूलाई दुःख दिने व्यक्ति, व्यक्तिहरू, समूह वा राजनैतिक दलहरूतिर समेत सङ्केत गर्छ ।

देशको राणाविरोधी सङ्घर्षदेखि प्रजातन्त्रको पुन:स्थापना, गणतन्त्रको निम्ति गरेको सङ्घर्ष र पछिल्लो २०८२ भदौ २३ र २४ को उपद्रव, 'विद्रोह', 'आन्दोलन' र विध्वंस (देशको अत्यधिक जिल्लाको सरकारी र जनताका भवनहरूमा आगो लगाउने र बम फाल्नेहरूबाट भएको विध्वंस) बाट आएको सरकारसमेत 'परपीडक' को लाममा पर्छ । कसरी ?

'परपीडक' शब्दमा दास-मालिक, सामन्तवर्ग (जमिनदार, मिटरब्याजी वा बढी ब्याज लिई ऋण दिने साहुकाजीहरू), आफ्नै जहान वा परिवारका सदस्यहरूलाई पीडा दिने घरमुली पनि एक प्रकारका 'परपीडक' हुन् ।

राजनैतिक आन्दोलनमा सरकारको आलोचना गर्ने तर चुनाव 'बहिष्कार' को नाममा सरकारका 'परपीडकहरू' लाई जिताउन 'बहिष्कार' र 'वामपन्थी लुगा' लगाउनेहरू प्रजातान्त्रिक आन्दोलनमा ५०० जना प्रदर्शनमा स्वयम्सेवक ल्याउने वाचा गरेर ५-१० मात्र स्वयम्सेवक ल्याई ५०० नै भएको दाबी गर्नेहरू पनि परपीडक हुन आउँछ ।

संयुक्त सरकारहरूमा परपीडकहरू घुस्ने र देखिने धेरै सम्भावना हुन्छ । तर, जनताको आँखा दूरबिन सरह भएकाले उनीहरूले टाढा टाढाका पनि परिणाम, वस्तु वा मानिस चिन्ने गर्छन् । आन्दोलन नबिथोलियोस् भनी सहेर बस्नु पनि कहिलेकाहीं अवसरवादीहरूको निम्ति 'चौतारी' बन्न पुग्ने रहेछ । अहिले हिजोका आन्दोलनकारी दलहरूमा आपसमा नामै लिएर क-कसले इमानदारीपूर्वक काम गरे र क-कसले आन्दोलनलाई 'पानी पोखरी' बनाउन खोजेका थिए भन्नेबारे कुरा चल्दै छ ।

त्यस परिस्थितिबारे समयमै आलोचना र आत्मआलोचना भइदिएको भए जहिले पनि 'उपप्रधामन्त्री, स्वास्थ्यमन्त्री वा गभर्नर' को मनोनीतमा टाउको दुखाउनुपर्ने थिएन ।

यी त भए बितेको कुरा तर, आज पनि मानिसहरू जिउँदै हुँदा पनि भूमिसुधारको आन्दोलनमा जोताहा किसानको पक्षमा होइन विपक्षमा जानेहरू बढी 'बहुमत जनता' का पक्षपातीको रूपमा देखिएका छन् । त्यस्तै, व्यक्तिका छोरा नातिहरू आज अनेक कानुनी र गैरकानुनी जालझेल गरेर हजारौं रोपनी जग्गाको करोडौं र अर्बौं रुपैयाँ हसुरेर शासक दलहरूको धाप पाएर परपीडक भई रमाइरहेका छन् ।

यस्तो परिस्थितिबाट इमानदार र सरल जनतालाई जालसाजी वा विश्वासघात गरेर आफूलाई 'वीर' र 'बहादुर' दाबा गर्नेहरु धेरै पछि काठमाडौं उपत्यका छिरेर राजनैतिक नेता बनेका व्यक्तिहरूले सच्चाइ के हो बुझेका छैनन् । उनीहरू 'परपीडकहरू' कै फन्दामा परेको देखिएका छन् ।

केन्द्रीय स्तरका नेताहरूले मनमा राखेका होलान् - लाखौं कार्यकर्तामा ५-१० जनाको के मूल्य छ र ! तर, होसियार हुनुपर्ने एक गम्भीर प्रश्न 'युक्रेन' हो । बोल्शेविकहरूले समाजवादी क्रान्तिको बेला युक्रेन बनाउन ठुलो बलिदान चढाए । पछि आर्थिक र भौतिक उन्नति गर्न ठुलो जनधन खर्च गरे । तर, त्यहाँका जनताको धर्म, जात, संस्कृतिबारे ध्यान नदिँदा वा पद र भौतिक प्रगतिको सम्भावनाले 'पुँजीवादी विचार धोइएला' भन्ने सरलताले उल्टो काम गऱ्यो । आजसम्म नाटो देशका सबै गुप्तचर विभाग जसरी 'ट्रोत्स्कीवादीहरू' लाई सहयोग गराउँदै छन्, दक्षिण एसियामा पनि तिनीहरू प्रबल रूपले सक्रिय छन् ।

सर्प र हिंस्रक पशुहरू जसरी घाँस र झारपातमा हुर्कने गर्छन् त्यस्तै ती ट्रोत्स्कीवादीहरू छद्म पार्टीको नाममा सक्रिय छन् र नेपालका पुराना कम्युनिस्ट र समाजवादको नाममा जात र धर्म, विद्यालय, सहकारी संस्था वा स्वास्थ्य केन्द्रहरूजस्ता साना-ठुला सबै संस्थाहरूमा सक्रिय छन् । तिनीहरू वास्तवमा 'परपीडक' को रूपमा देखिने छन् ।

संयुक्त राष्ट्रसङ्घमा रास्वपाको सम्बोधन अध्ययन गर्दा

✍ प्रज्ज्वल

रास्वपा सरकारका प्रमुखले संयुक्त राष्ट्रसङ्घको ८१ औं साधारणसभामा न्युयोर्कमा २०८३ असोज ८ गते सम्बोधन गरे । उनले अङ्ग्रेजी भाषामा गरेको सम्बोधनको पूर्ण पाठ असोज १० गतेको 'द राइजिङ नेपाल' मा अङ्ग्रेजीमै प्रकाशित छ । त्यसको एउटा अंशमा उल्लेख छ, "Today, I would like to speak about the hopes of a young nation ।" अर्थात्, 'आज म यहाँ एउटा युवा राष्ट्रको आशाबारे बोल्न चाहन्थें ।'

नेपालमा बुद्ध २६ सय वर्षअघि जन्मनुभएको थियो । सुर्खेतको काँक्रेविहार ८ सय वर्ष पुरानो हो । जुम्लाको सिञ्जा राज्य १४ सय वर्ष पुरानो हो भने दैलेखको दुल्लु दरबार ९ सय वर्ष पुरानो हो । काठमाडौं उपत्यकाका सम्पदाहरू १५ सय वर्ष पुराना हुन् । भक्तपुरको चाँगुनारायण पनि १५ सय वर्षभन्दा पुरानो हो । भक्तपुरको भार्चाचो ढोका निर्माण भइरहेको बेला, अर्थात् ५ सय वर्षअघि, कोलम्बसले अमेरिका पत्ता लगाएका थिए । संयुक्त राज्य अमेरिकाभन्दा धेरै पुरानो नेपाललाई रास्वपाले राष्ट्रसङ्घको सभामा 'युवा राष्ट्र' बताउनु सत्य होइन । नेपाल विश्वकै प्राचीन सभ्यता बोकेको पुरानो मुलुक हो । यस्तो मुलुक कसरी नयाँ देश हुन्छ ?

असोज १० गतेको गोरखापत्रमा प्रकाशित रास्वपा सरकारको राष्ट्रसङ्घीय सम्बोधनको नेपाली अनुवादमा 'नयाँ' शब्द हटाइयो र 'एउटा राष्ट्रको' मात्र उल्लेख गरियो । राष्ट्रसङ्घका आधिकारिक भाषाहरू चिनियाँ, रुसी, अङ्ग्रेजी, अरबी, फ्रान्सेली र स्पेनी हुन् । अङ्ग्रेजी भाषाको सम्बोधनमा 'the hopes of a young nation' उल्लेख भइसकेको अवस्थामा नेपाली भाषाको अनुवादमा 'युवा' शब्द हटाएर प्रकाशित हुनु 'चोरको खुट्टा काट्' भन्दा रास्वपाले खुट्टा उचालेको जस्तो किन होइन ?

भारतीय विस्तारवादले सदियौंदेखि नेपालको ७१ भन्दा बढी स्थानमा नेपाली भूमि मिचेको र कालापानीमा भारतीय सेना तैनाथ गरेको पनि ७५ वर्ष नाघ्यो । भारतीय सुरक्षाकर्मीले खुला सिमानामा नेपालीहरूलाई लुटपाट र कुटपिट गरिरहेको घटना पनि पुरानै हो । नेपाली जनता भारतीय विस्तारवादको विरोधमा सङ्घर्ष गर्दै छन् । रास्वपाले प्रतिनिधिसभामा 'नेपालले भारतको भूमि मिचेको' भन्ने झूटो विषय बोल्यो ।

रसुवाको भोटेकोसी नदीमा आएको हिमपहिरो र त्यसबाट भएको अपूरणीय जनधनको क्षतिबारे रास्वपा सरकारले राष्ट्रसङ्घमा भन्यो, "जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढी राहदानीमा प्रवेशाज्ञा लगाएर यात्रा गर्दैनन् ।" बढ्दो प्रदूषणका कारण पृथ्वीको तापक्रम बढिरहेको र हिमालका हिउँ पग्लिएर हिमपहिरो आएको यथार्थ हो । संसारमा सबैभन्दा बढी प्रदूषण फैलाउने देश संयुक्त राज्य अमेरिका हो भन्ने लेखकको दाबी छ । हिमनदी र बाढी आउनुअघि कार्बन उत्सर्जन गर्ने देशहरूले प्रवेशाज्ञाविना प्रदूषण पठाएकाले नेपालमा हिमपहिरो आएको हो । यो यथार्थ रास्वपा सरकारले राष्ट्रसङ्घमा स्पष्टसँग किन राख्न सकेन ?

राष्ट्रसङ्घमा गरिएको सम्बोधनमा रास्वपा सरकारले छिमेकी देश भारत र चीनले शीघ्र उद्धारमा सहयोग उपलब्ध गराएको उल्लेख गऱ्यो । जबकि, हप्ता दिनसम्म रास्वपा सरकारले कुनै मित्रराष्ट्रसँग सहयोग मागेन र उल्टै हिमपहिरोमा परेका, जलविद्युत् आयोजनाका सुरुङभित्र थुनिएका तथा हिलोमा पुरिएका मानिसहरूको उद्धार गर्न संसारमा कतै जनशक्ति र उपकरण नभएको झूटो विषय प्रतिनिधिसभामा राख्यो । रास्वपाका कतिपय सांसदहरू नेपाली सुरक्षाकर्मीको उद्धार कार्यमा अवरोध पुऱ्याउन पहिरो प्रभावित जिल्लामा पुगेको सार्वजनिक भयो । केही मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संस्थाबाट समेत केही अर्ब रुपैयाँ सहयोग प्राप्त भयो, तर पुनर्निर्माणका लागि आवश्यक प्रारम्भिक खर्चको अनुमान ७ खर्ब रुपैयाँभन्दा बढी पुग्यो । गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव र विध्वंसमा पनि खर्बौं रुपैयाँका सरकारी तथा निजी भवनमा तोडफोड र आगजनी भयो । भूकम्प र कोभिड-१९ का कारण थला परेका नेपाली जनता देशभरि भएको आगजनी र हिमपहिरोबाट थप थला परे ।

रास्वपा सरकारले सम्बोधनमा हिमपहिरोबाट भएको क्षतिका लागि कुनै देश वा महादेशलाई दोष नदिने बतायो । कसैको दोषबिना क्षति कसरी हुन्छ ? संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिमा ट्रम्प आएपछि जलवायुसम्बन्धी पेरिस सम्झौताबाट अमेरिकी सरकार बाहिरिएको किन होइन ? आफूले उत्सर्जन गरेको प्रदूषणका कारण भएको क्षतिको क्षतिपूर्ति तिर्नुपर्ने डरले सो सम्झौताबाट बाहिरिएको हो भन्ने लेखकको तर्क छ ।

रास्वपा सरकारले 'जलवायु न्याय' राष्ट्रसङ्घको दस्तावेजमा रहेको एउटा सुन्दर वाक्यांशमा मात्र सीमित भएको पनि सम्बोधनमा उल्लेख गऱ्यो । राष्ट्रसङ्घको घोषणापत्र संयुक्त राज्य अमेरिकाले कहिले मानेको छ ? यो घोषणापत्रको उल्लङ्घन गरी संयुक्त राज्य अमेरिकाले इजरायल र युक्रेनलाई हतियार बेचेर उनीहरूलाई प्यालेस्टाइन, इरान तथा रुसविरुद्ध लडाइँ गराएको होइन र ? ट्रम्पले इरानको तेल कब्जा गर्न पटक-पटक खरानी पार्ने धम्की दिँदै आक्रमण गरेको किन होइन ? यी यथार्थ रास्वपाको सम्बोधनमा आएनन् ।

सम्बोधनमा नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' स्थापना गर्ने प्रस्ताव गरिएको छ । भारतले नेकाका मातृकाप्रसाद कोइरालालाई प्रधानमन्त्री बनाएर वि.सं. २००८ सालमा नेपालको उत्तरी हिमाली सीमामा १३ स्थानमा सुरक्षा चौकी राखेको थियो । नेपाली जनताको विरोधपछि बल्ल २०२६ सालमा भारतीय सुरक्षा चौकी हटाइयो । नेपालको भूमि कालापानीमा भारतीय सेना अझै तैनाथ छ । 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' को नाममा रास्वपाले भारतलाई त्यही हिमालय क्षेत्रमा सुरक्षा चौकी पुन:स्थापना गराउने त होइन ?


सम्बोधनमा नेपालमा विद्युतीय यातायातलाई प्रवर्द्धन गरिएको उल्लेख छ । तर, ८०० मेगावाटभन्दा बढी विद्युत् भारतसँग महँगोमा किनेर अँध्यारोमा बाल्नुपर्ने सरकारले विद्युतीय यातायातलाई कसरी धान्ने होला ? नेपालको नदीबाट नेपालीकै लगानीमा विद्युत् उत्पादन गर्ने कार्यक्रम रास्वपा सरकारले कार्यान्वयन गर्नुपर्थ्यो, गरेन ।

सम्बोधनमा रास्वपाले 'जब घरमा आगो लाग्छ, परिवारलाई ५० वटा फाराम भर्न नलगाई काम गर्ने' उल्लेख गऱ्यो । तर, हिमपहिरोपीडित विद्युत् उत्पादक र जनता कैयौं मन्त्रालय, विभाग र बोर्डमा धाउनुपरेको कुरा सार्वजनिक भइरहेको छ ।

सम्बोधनमा उल्लेख छ, "नेपाललाई अझ न्यायपूर्ण विश्वव्यापी आर्थिक व्यवस्था आवश्यक छ ।" यसका लागि उत्पादनका मुख्य-मुख्य साधन र सेवाको सामाजिकीकरण हुनु जरुरी छ । तर, रास्वपा सरकारले नेपाली काङ्ग्रेस, एमाले र तत्कालीन माओवादी नेतृत्वको सरकारकै केही व्यक्तिको हातमा स्रोत र साधन कब्जा गराउने नीतिलाई निरन्तरता दिँदै छ । रास्वपाले आफ्नै देशमा न्यायपूर्ण आर्थिक व्यवस्था कायम गरेर मात्र अन्तर्राष्ट्रिय मञ्चमा यो विषय प्रस्तुत गर्नुपर्नेमा त्यसो गरेन । नेपालमा अहिले ७० प्रतिशत मानिसलाई जीवन जिउन कठिन भएको र ७० प्रतिशत मानिसले नेपाल गलत बाटोमा गएको बताएका तथ्याङ्क हालै प्रकाशित भयो ।

रास्वपाले इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचनबाट आएको दाबी गऱ्यो । संयुक्त राज्य अमेरिकाका खोज पत्रकार किट क्लारेनबर्गले नेपालमा भदौ २३ र २४ गते भएको उपद्रव, तोडफोड र आगजनीदेखि गत फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनसम्म संयुक्त राज्य अमेरिकाको केन्द्रीय गुप्तचर संस्था सीआईएअन्तर्गतका एनईडी, आईआरआई, सीईपीपीएस, एनडीआईलगायत संस्थामार्फत २ करोड डलरभन्दा बढी रकम पठाएर 'नीति संवाद' का नाममा रास्वपाका नेताहरूलाई प्रशिक्षण दिएको खुलासा गरे । यो विषय गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवबारे छानबिन गर्न गठित काकी आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा पनि उल्लेख गरिएको छ । अघिल्ला निर्वाचनको तुलनामा फागुनको निर्वाचनमा सुरक्षाकर्मी, निजामती कर्मचारी तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू निष्पक्ष नभएको र सामाजिक सञ्जालको एल्गोरिदम रास्वपाको पक्षमा लागेको 'द ग्रेजोन' को समाचारमा उल्लेख गरिएको थियो ।

बालबालिकाको भविष्य सुधार गर्न शिक्षा, स्वास्थ्य नि:शुल्क गर्नुपर्छ



शुक्र

नेपालमा बालबालिकाको बहुआयामिक वञ्चितीकरण प्रोफाइल, २०२६ हालै सार्वजनिक भयो । प्रतिवेदनमा मधेस प्रदेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहेको उल्लेख छ । शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, आवास तथा सूचना र सञ्चारजस्ता आधारभूत आवश्यकतामा मधेसका बालबालिकाहरूको पहुँच कमजोर रहेको सार्वजनिक भयो ।

युनिसेफ नेपालको सहकार्यमा राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार पारेको सो प्रतिवेदनअनुसार नेपालमा ५०.२ प्रतिशत बालबालिका कम्तीमा एउटा आयाममा वञ्चित छन् । ५१.६ प्रतिशत बालबालिका दुई वा दुईभन्दा बढी आधारभूत आवश्यकताबाट वञ्चित रहेको प्रतिवेदनमा उल्लेख छ ।

बालबालिकाको पोषणको अवस्था अझै चुनौतीपूर्ण छ । पर्याप्त तथा विविध प्रकारका आहार नपाउने ६ देखि २३ महिनाका शिशु तथा बालबालिकाको अनुपात ६०.७ प्रतिशत रहेको छ । ५ वर्षमुनिका बालबालिकामा पुड्कोपनको समस्या २६.२ प्रतिशत र ख्याउटेपनको समस्या ६.६ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

आवास र सूचनासम्बन्धी दुवै आयाममा एकैसाथ वञ्चित हुने बालबालिकाको अनुपात पनि बढेको छ । २०७४ मा ३४.३ प्रतिशत रहेकामा २०८१/८२ मा यस्तो अनुपात ३५.३ प्रतिशत पुगेको प्रतिवेदनमा उल्लेख छ ।

परिवारको आर्थिक अवस्थाले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पारेको देखाएको छ । सबैभन्दा विपन्न २० प्रतिशत घरपरिवारका बालबालिका सम्पन्न परिवारका बालबालिकाको तुलनामा बढी वञ्चितीकरणमा पर्ने गरेका छन् ।

निरक्षर आमाका बालबालिकामा स्वास्थ्यसम्बन्धी वञ्चितीकरणको अनुपात २४.१ प्रतिशत रहेको छ भने उच्च शिक्षा हासिल गरेका आमाका बालबालिकामा यस्तो अनुपात ५.६ प्रतिशत मात्रै छ । यसले आमाको शैक्षिक स्तर र बालबालिकाको आधारभूत सेवामा पहुँचबिच सम्बन्ध रहेको देखाउँछ ।

प्रतिवेदनले शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ र आवासजस्ता आधारभूत सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याएको भए पनि आजसम्मका सरकारहरूले वास्ता गरेनन् । विशेषगरी मधेस प्रदेशमा विपन्न परिवारका बालबालिका, कम शिक्षित आमाका सन्तान तथा आधारभूत सुविधाबाट वञ्चित समुदायलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्नेतर्फ सरकारको ध्यान किन नगएको हो ?

नेपालमा खानेपानीमा राष्ट्रियस्तरमा २.१ प्रतिशत, शिक्षामा ११.३ प्रतिशत, सरसफाइमा २३.२ प्रतिशत, पोषणमा ४२.२ प्रतिशत, सूचना तथा सञ्चारमा ५२.२ प्रतिशत र आवासमा ५७.५ प्रतिशत बालबालिकाहरू बञ्चितीकरणमा परेको अध्ययन प्रतिवेदन २०२६ मा उल्लेख छ ।

सरकारले तयार गर्ने तथ्याङ्कको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहले योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने हो । तर, वञ्चितीकरणमा परेका बालबालिकाहरूसम्म शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, आवास तथा सूचना र सञ्चारजस्ता आधारभूत पहुँच पुऱ्याउन तीनै तहका सरकार असफल भए ।

भविष्यका कर्णधारको रहेका बालबालिकाको भविष्य सुधार गर्न शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क गर्नुपर्छ । स्वस्थ बालबालिकाको लागि पोषणयुक्त आहारको बन्दोबस्त हुनु जरुरी छ । यसतर्फ नयाँ दाबी गरिएको रास्वपा सरकारको ध्यान किन नगएको होला ?

सरकारको उपलब्धिहीन र निराशाजनक ६ महिना

✍ विवेक

रास्वपाको सरकार गठन भएको ६ महिना बित्यो । अहिलेसम्म आशालाग्दो केही काम गर्न सकेन । प्रधानमन्त्रीदेखि मन्त्रीहरू र कार्यकर्ता तहसम्म सबैसजो सामाजिक सञ्जालमा हावादारी प्रचारमा सक्रिय छन् । नियमित गर्नुपर्ने सामान्य प्रशासनिक कामहरूलाई समेत सरकारी पाल्तुहरू ठूलै उपलब्धि भनी सामाजिक सञ्जाल ततएर जनतामा भ्रम फैलाउँदै छन् । काम केही नभए पनि सामाजिक सञ्जालमा कृत्तिम बौद्धिकताको प्रयोग गरी विकासका झूटा दृश्यहरू देखाइरहेका छन् । परिवर्तन जनताको जीवनस्तरमा देखिनुपर्ने हो । नयाँ सरकारबाट आम जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । विगतका सरकारहरूको आलोचना गरेर मात्र हुँदैन सरकारले त अहिले काम गरेर देखाउने बेला हो । अरूको आलोचना गरेर आफ्नो असफलता वा अकर्मन्यता लुकाउन सकिँदैन । बिहानले दिउँसोको सङ्केत गर्दछ भनेझैं रास्वपा सरकारको कार्यकाल कस्तो हुन्छ त्यो बितेको ६ महिनाले देखाइसकेको छ । जनता भन्दै छन्, यो सरकार पनि विगतका सरकारहरूकै निरन्तरतामात्र हो ।

नेका, एमाले, माओवादी, राप्रपा, मधेसवादी दलहरूलाई पुरानाले गरेनन् अब नयाँले केही गर्छन् कि भनेर जनताले रास्वपालाई भारी मतले विजयी गराएका हुन् । यो रास्वपाको स्थायी विजय होइन । जनताले कहिले नेकालाई, कहिले एमालेलाई त कहिले माओवादीलाई धेरै मत दिएर ठूलो पार्टी बनाएकै थिए । ती दलहरूले आफ्नो प्रतिबद्धताअनुसार काम नगरेपछि जनताले आफ्नो मत समय समयमा परिवर्तन गर्दै आएका छन् । जनता कसैका पनि होइनन् आफ्नो मत इच्छाअनुसार दिन सक्छन् भन्ने एक उदाहरण पनि हो यो । इतिहासबाट शिक्षा लिन सकेन भने रास्वपा पनि नेका, एमाले, माओवादी, राप्रपाकै खाल्डोमा पुरिने छ । त्यसलाई कसैले रोक्न सक्दैन ।

रास्वपाका अध्यक्ष रवि लामिछानेले आफ्नो दलको नेतृत्वमा सरकार गठन भएको १०० दिनभित्र युरोपका गल्ली गल्लीमा नेपालीहरूलाई स्वदेश फर्किन पम्प्लेट टास्ने बताएका थिए । उनले १३ वटामात्र मन्त्रालय बनाउने पनि भनेका थिए । अहिले रास्वापको दुईतिहाइको सरकार गठन भएको ६ महिना बित्दासमेत एयरपोर्टमा विदेश जानेहरूको लाइन बढेको बढ्यै छ । दैनिक हजारौं युवाहरू रोजगारीको निम्ति विदेश गइरहेका छन् । भनाइ र गराइबिच फरकबारे जनताले प्रश्न गर्दै छन् । जनतालाई चित्त बुझ्दो जवाफ दिने पालो लामिछानेको हो ।

लामिछानेले सिंहको मुटु भएको मान्छेले ३ वटा फाइल खोलेमा भ्रष्टाचारीहरू सबै जेल पर्ने बताएका थिए । अहिले उनी अध्यक्ष भएको पार्टी नेतृत्वको सरकार छ । फाइल खोल्न कसले रोक्यो ? केहीलाई बिहान समात्यो, बेलुकी छोड्यो । समय समयमा गाईजात्रा प्रहसन चलिरहेको छ । कलाकारहरूले भरिएको संसद् र सरकार जनताको हितमा काम गर्न होइन नाटक देखाउनमै व्यस्त देखिन्छन् ।

भ्रष्टाचारको अन्त्य सुशासन र समृद्धिको नारा दिएर रास्वपा सरकारमा पुगेको हो । सुशासनको अर्थ कानुनबमोजिम शासन गर्नु हो र सबैलाई समान व्यवहार गर्नु हो । रास्वपाको सरकारले पहिलो काम नै लामिछानेमाथि चलाइएको सम्पत्ति शुद्धिकरण र सङ्गठित अपराधसम्बन्धी मुद्दा फिर्ता लियो । रास्वपा सभापतिलाई बचाउन कानुन संशोधन गर्नुले अब जिबी राईजस्ता अरबौंको भ्रष्टाचार र सङ्गठित अपराधमा संलग्नहरू सबै छुट्ने नजिर बन्यो । यसले रास्वपाको सुशासनको नारा अर्थहीन साबित गऱ्यो ।

लामिछानेको मुद्दा अभियोगपत्र संशोधन गरेर फिर्ता गरियो । संशोधनको अर्थ अपराध गर्नेलाई छुट दिन बनाइएको होइन । मुद्दाको अनुसन्धान गर्दैजाने क्रममा नयाँ नयाँ तथ्य र प्रमाण फेला पर्यो र अभियुक्तलाई बढी बिगो वा कैदको सजाय माग गर्नुपर्ने अवस्था आएमा सहजताको लागि राखिएको प्रावधान हो । तर यहाँ त अभियोग नै फिर्ता लिने गरी महान्यायाधिवक्तामार्फत टिप्पणी बनाई मुद्दा फिर्ता गरिएको छ । सानालाई ऐन र ठूलालाई चैन भनेको यही हो । एक जना व्यक्तिको लागि कानुनै संशोधन गर्नेहरूले सुशासन दिने आशा गर्नु आकाशको फल आँखा तरी मर भनेझैं हो ।

रास्वपा घोषणापत्रमा मन्त्रालयको सङ्ख्या घटाएर मितव्ययिता अप्नाउने उल्लेख गरिएको छ । १७ जना मन्त्रीले १५३ जना सल्लाहकार नियुक्ति गरेपछि उनीहरूको मितव्ययिताको धोती फुस्क्यो । संस्कृति तथा पर्यटनमन्त्री जम्बो टोलीसहित रारा भ्रमणमा गएको खर्च पर्यटन बोर्डबाट व्यहोर्न लगाएको विषय र भौतिक मन्त्रीले सार्वजनिक रूपमै ठेकेदारको खुट्टा भाँची दिने अभिव्यक्तिले सरकारको सुशासनमाथि गम्भीर प्रश्न उठ्यो । सरकारमा बस्नेहरूले बोलेर होइन काम गरेर देखाउने हो । भ्रष्टाचारीहरूलाई कारबाही गर्न कानुन बाधक भए कानुन संशोधन गर्न सकिन्छ । यसले जानेलाई छान्ने नारामा जितेका रास्वपाका मन्त्रीहरू अपरिपक्व र कच्ची रहेको बताउँछ ।

आफ्ना नेता, मन्त्री र सांसदहरूमाथिको आरोपमा छानबिनै नगर्ने, छानबिन गरीहाले पनि कसैलाई थाहा नदिई सुटुक्क सफाइ दिनेजस्ता थुप्रै उदाहरणहरू भटिन्छन् । गृहमन्त्री सुधन गुरुङमाथि भ्रष्टाचारको आरोपमा पक्राउ परेका दिपक भट्टसँगको साँठगाँठको प्रश्न उठ्यो । छानबिन समिति गठन पनि भयो । समितिले उनको संलग्नता नदेखाएको भन्दै राजीनामा दिएका गुरुङलाई पुनः गृहमन्त्री बनाइयो । अर्थमन्त्री स्वर्णिम वाग्लेले सूचना चुहाएको ७५३ वटा गाडीको अर्बौंको कर छलिको गम्भीर विषय उठ्यो । त्यो विषयमा लामो समय संसद्मा छलफल पनि भयो । तर, त्यसको छानबिनसम्म नगरी फासफुस पारियो । रास्वपाको सुशासनको यो नाङ्गो रूप नभए अरू के हो ? विस्तारै सबैले देख्दै र बुझ्दै जानेछन् ।

पछिल्लो घटनामा सांसद खगेन्द्र सुनार एक महिलासँगको अनैतिक सम्बन्ध र रगत पिउनेसम्मका अराजक अभिव्यक्तिको कारण विवादमा छन् । उनी आफैले भने एआइले बनाएको दाबी गरे तर प्रविधिका जानकारहरू त्यो वास्तविकता नै भएको बताउँदै छन् । रास्वपाको छानबिन समितिले कस्तो निष्कर्ष निकाल्छ त्यो भने हेर्न बाँकी नै छ ।

सरकारको प्रतिबद्धतामा किसानलाई पेन्सनको व्यवस्था गर्ने उल्लेख छ, त्यसबारे सिन्को भाँचेको छैन । खेतीको समयमा मलको अभावले रासायनिक मलविना धान रोप्नुपरेको छ । महँगी दिन दुई गुणा रात चौगुणाले बढ्दै छ । गरिबहरूको जीवन झन् कहालिलाग्दो बन्दै छ । १० वर्षसम्म करको दर स्थिर राख्ने प्रतिबद्धता गर्ने सरकारले स्वास्थ्य र शिक्षामा समेत कर लगाएको कारण जनस्तरबाट चर्को विरोध खेप्नुपर्यो । विद्युत्मा भ्याट लगाएरै छोड्यो । विनातयारी सुकुम्बासी उठाएर चर्को आलोचना खेप्दै छ । भोटेकोसी, बुढीगण्डकीको बाढी र विभिन्न ठाउँमा आएको पहिरोको कारण विपदमा परेकाहरूको उद्धारमा ढिलाइ भएकोमा पनि आलोचनाहरू भइरहेका छन् ।

सरकारले ६ महिनामा सामाजिक सञ्जालमा बाहेक जनताले अनुभूति गर्नसक्ने गरी कुनै विकास र राहतको काम गर्न सकेन । जति भएका छन् त्यति नै रास्वपाका नेता, कार्यकर्ता र समर्थकहरूकै मात्र हितमा भएका छन् । विगतका सरकारमा बस्ने पार्टीहरू पक्षपात, भागबण्डा, नातावाद, भ्रष्टाचारमा डुब्यो भनेर विकल्पको रूपमा रास्वपा छानिएको हो ।

रास्वपा कुनै विचार, सिद्धान्त र दर्शनको आधारमा स्थापना भएको पार्टी होइन । केपी ओली सरकारले गरेको सामाजिक सञ्जाल प्रतिबन्धको विरोधमा उठेको आवाजसँगै सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत, संसद् र थुप्रै सरकारी संरचनाको खरानी बनाएर अमेरिकी डलरको जगमा बनेको सरकार हो । रास्वपाका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरूको व्यवहार हेर्दा अझै राजनीतिक संस्कार भएको पार्टी बन्न सकेको छैन भन्न जो कोहीलाई कर लाग्छ । आलोचना सहनै नसक्ने, मनपरी छाडा गाली गलौज गर्ने, प्रशंसामात्र सुन्न चाहने रास्वपा कार्यकर्ताहरूको चरित्र देखिन्छन् । त्यो कुनै प्रजातान्त्रिक सस्कार होइन । त्यो त अराजक, अनुशासनहीन, गुण्डा र लठेतहरूको भिडजस्तो देखिन्छ । यसलाई सुधार्न धेरै नै समय लाग्न सक्छ ।

राजनीतिक पार्टी एउटा विचार, सिद्धान्त र दर्शनको आधारमा निर्माण भएको हुन्छ । उसले एउटा वर्ग, धर्म, जातको आधारलाइ टेकेर आदर्श समाज निर्माण गर्ने लक्ष्य लिएको हुन्छ । त्यसको आधारमा घोषणापत्र तयार गर्छ र सरकारमा गएर घोषणापत्र कार्यान्वयन गर्ने गर्छ । प्रधानमन्त्री बालेन्द्र शाहले संसद्बाटै नेपालले पनि भारतको धेरै ठाउँमा सिमाना मिचेको छ भन्ने अभिव्यक्ति, सांसदहरूको प्रश्नहरूको जवाफ दिन प्रधानमन्त्री उपस्थित नभई अर्कै मन्त्रीलाई जवाफ दिन लगाउनुजस्ता विषयहरू विवादित भए । सांसद कृष्णकुमार कार्कीले नाइजेरियन महिलालाई पेट बोकाएकोबारे संसदमा ठूलो चर्चाको विषय बन्यो । सांसदबारे छानबिन गर्नुपर्नेमा उल्टै समाचार लेख्ने पत्रकारलाई दुःख दियो । यसरी रास्वपा पार्टी र सरकारको ६ महिना विवादै विवादमा बित्यो । हात्ती आयो हात्ती आयो फुस्सा भनेझैं जनता तावाको माछा भुङ्ग्रोमा झैं भएको छ ।

सरकारमा बस्नेहरूले पहिलेका सरकारहरूको मात्र गाली गरेर अहिलेको कमजोरी ढाकछोप गर्न मिल्दैन । जनताको आँखा दुरबिनसरह हुन्छ । सबैले आआफ्नो चरित्र प्रदर्शन गर्छ । जस्तो खालको मान्छे सरकारमा गए पनि उसले आफ्नो चरित्र देखाइहाल्छ । रास्वपाले सुशासन दिन्छ भनेर विश्वास गर्नु गधालाई धोएर गाई बनाउनु जतिकै असम्भव हुनेछ । बितेको ६ महिनामा सरकारले गरेका कामहरू र सांसदहरूले गरेका हर्कतले त्यही पुष्टि गरेको छ ।

सन्दर्भ : माडागास्करको जेनजी आन्दोलन

साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ४३

✍ रामरतन चौधरी

माडागास्करको भौगोलिक महत्त्व

हिन्द महासागर विश्व व्यापारको निम्ति एक महत्त्वपूर्ण क्षेत्र हो । समुद्रको बाटो हुँदै संसारको ९० प्रतिशत तेल व्यापार हिन्द महासागरबाटै हुने गर्दछ । यहाँबाट जाने तेल 'स्ट्रेट अफ हर्मुज' (Strait of Hormuz), यमन र अफ्रिकाको हर्नमा रहेको विश्वव्यापी चोकपोइन्ट जिबुटी र इरिट्रियाबिचको जलडमरु 'बाब अल मन्डेब' (Bab-el- Mandeb) र अर्को 'स्ट्रेट अफ मलाक्का' (Strait of Malacca) हुँदै जान्छ । यी तीन ओटा बाटोबाट मात्रै संसारकै ५० प्रतिशत तेल जाने गर्दछ । अहिले अमेरिकाले थोपरेको युद्धको कारण 'स्ट्रेट अफ हर्मुज' र 'बाब अल मन्डेब' को रुटमा अवरोध सिर्जना भएको छ । कथंकदाचित यी तिनओटै बाटो बन्द भयो भने अर्को एउटा वैकल्पिक बाटो पूरै अफ्रिकालाई चक्कर काट्नुपर्ने 'केप अफ गुड होप' (Cape of Good Hope) को रुट बाँकी रहन्छ । युरोपेलीहरू भारत पत्ता लगाउन पूरै अफ्रिकालाई फन्को लगाएर यही लामो बाटोबाट आएका थिए । अफ्रिका महादेशको मोजाम्बिक र माडागास्करको बिचमा रहेको मोजाम्बिक च्यानल वैकल्पिक महत्त्वपूर्ण बाटो हो । मोजाम्बिक च्यानल एसिया, अफ्रिका र एटल्यान्टिक महासागरलाई जोड्ने रणनीतिक क्षेत्र हो ।

माडागास्करको अर्थव्यवस्था कृषिमा आधारित छ । धान, कफी, वैनिला यहाँको प्रमुख उत्पादन हो । माडागास्कर जैविक विविधता भएको देश पनि हो । यसको जमिन मुनि निकेल, कोबाल्ट र ग्राफाइटजस्ता खनिजहरू छन् । यी खनिजहरू विद्युतीय सवारी साधनको ब्याट्री, ऊर्जा भण्डारण र औद्योगिक उत्पादनहरूमा प्रयोग हुन्छ । पश्चिमा साम्राज्यवादीहरूको आँखा माडागास्करको खनिजमाथि पनि छ । यसकारण साम्राज्यवादीहरू यस क्षेत्रमा एक अर्कासँग लड्दै छन् ।

माडागास्करमा शक्ति राष्ट्रहरूको अवस्था

उपनिवेशकालमा माडागास्करको अर्थव्यवस्था फ्रान्सको हितमा थियो । त्यसबेला फ्रान्सले मालागासी जनतामाथि भारी कर थोपरेर शोषण गर्थ्यो । सन् १९६० मा फ्रान्सबाट माडागास्कर स्वतन्त्र भएपछि त्यो अवस्था रहेन । तर, पनि फ्रान्सको राजनीतिक र सांस्कृतिक प्रभाव भने बाँकी नै रह्यो । सन् २०२५ को जेनजी आन्दोलन अगाडि फ्रान्सले पनि यो क्षेत्रमा राम्रै प्रभाव जमाएको थियो । फ्रान्ससँग पूर्वराष्ट्रपति राजोयलिनाको सम्बन्ध घनिष्ठ नै थियो । फ्रान्सले माडागास्करमा उर्जा र पूर्वाधार विकासका नाममा ठुलो लगानी गरेको थियो । तर, अहिले फ्रान्सको उपस्थिति कमजोर बन्न पुगेको छ । जेनजी आन्दोलनपछि सेनाले सत्ता हातमा लिएपछि फ्रान्ससँगको सम्बन्ध बिग्रियो । सैन्य नेतृत्वको माडागास्करले अस्थिरता र षड्यन्त्र गरेको आरोपमा एक फ्रान्सेली कूटनीतिज्ञलाई निष्कासन समेत गऱ्यो । माडागास्कर टापुलाई अस्थिर बनाउने षड्यन्त्रमा भाग लिएको आरोपमा एक पूर्वफ्रान्सेली सैनिकलाई पनि माडागास्करको हिरासतमा राखिएको छ ।

सेनाले सत्ता हातमा लिएपछि संवैधानिक अदालत र निर्वाचन आयोगजस्ता लोकतान्त्रिक संस्थाहरूलाई निलम्बन गरिएको छ । सैन्य शासनले सत्ता हातमा लिएपछि निजी तथा पश्चिमी कम्पनीहरूले इन्धन आयातमा आफ्नो २५ वर्षको एकाधिकार पनि गुमाए । मालागासी सरकारले अब सिधै अन्य देशबाट इन्धन खरिद गर्न थालेको छ ।

हिन्दमहासागरमा भारतको दक्षिणतर्फ तथा माडागास्करको उत्तरपूर्वमा डियागो गार्सिया भन्ने टापुमा अमेरिका र वेलायतको सैन्य एयरवेस रहेको छ । यहींबाट अमेरिकाले पश्चिम एसिया तथा इरानमा आक्रमण गर्ने योजना बनाउँथ्यो । माडागास्करमा पनि आफ्नो उपस्थिति मजबुद बनाएर पुरै हिन्दमहासागरलाई नियन्त्रण गर्न चाहन्थ्यो । तर, अमेरिकाको योजना सफल भएन । अमेरिका र पश्चिमाहरूले माडागास्करमा रोपेको बिउ झाङ्गिगयो तर यसपटक यसले पश्चिमाहरूको हित नभएको विश्लेषकहरूको मत छ । पश्चिमाहरूले बरोबर आफ्नो प्रभाव विस्तार गर्न प्रयास गर्दै गरेको हो ।

सैन्य हस्तक्षेपबाट सत्ता हातमा लिएका एन्ड्री राजोयलिनाको सुरुमा अमेरिका र पश्चिमाहरूसँग सम्बन्ध बिग्रिएको थियो । त्यतिबेला पश्चिमाहरूले उनलाई बहिष्कार गरे । तर, सन २०१८ र २०२३ को निर्वाचनपछि पुनः सत्तामा पुगका राजोयलिनाको पश्चिमा देशहरूसँग पनि सम्बन्ध सुधार भयो । राजोयलिनाले सन् २०२२ मा तत्कालीन अमेरिकी राष्ट्रपति जो बाइडेनसँग वासिङ्गटनमा भेट गरेका थिए । अमेरिका आफ्नो गैरसरकारी संस्था USAID मार्फत मानवीय सहायता, स्वास्थ्य, शिक्षामा सहयोग गर्ने भन्दै माडागास्करमा आफ्नो पहुँच विस्तार गरिरहेको थियो । तर, पनि नतिजा उनीहरूको पक्षमा गएन । कर्नल रान्ड्रियानिरिना नेतृत्वको सरकार परम्परागत पश्चिमी साझेदारहरूसँग उभिनुको सट्टा मस्कोतिर मोडिएको बताइन्छ । रान्ड्रियानिरिनाले माडागास्करलाई ब्रिक्सको साझेदार बनाउने लक्ष्य राखेको पनि समाचार छ । यो पश्चिमाहरूको निम्ति चुनौति हो ।

एम्नेस्टी इन्टरनेसनललगायतका मानव अधिकार संस्थाहरूले माडागास्करको नयाँ सैन्य शासनले नागरिक स्वतन्त्रता कुण्ठित गरेको र देशमा रुसी प्रभाव बढेको आरोप लगाइरहेका छन् । माडागास्करमा कर्नल माइकल रान्ड्रियानिरिनाको नेतृत्वमा भएको सैन्य सङ्क्रमणपछि रुसी सैनिकहरू र रुसको अफ्रिका कोर्प्ससँग सम्बन्धित कर्मचारीहरू सङ्क्रमणकालीन राष्ट्रपतिको सुरक्षा गर्न पुगेको समाचार छ । रुसले मालागासी सेनालाई तालिम दिन हतियार, ट्रक र दुई हेलिकप्टर सहितका सैन्य उपकरणहरू सहयोग गरेको समाचार पनि छ । नयाँ शासन व्यवस्थामा रसियाको बढ्दो प्रभाव र राष्ट्रपतिको सुरक्षा गार्डमा रसियन सुरक्षाकर्मीहरू देखिएको पनि बताइन्छ ।

पश्चिमा गैरसरकारी संस्थाहरूको भूमिका

माडागास्करको जेनजी आन्दोलन डिजिटल रूपमा सङ्गठित र नागरिकहरूको चरम असन्तुष्टिबाट सिर्जित जनविद्रोह भनिए पनि अमेरिका वा पश्चिमाहरूको प्रभावमा उपद्रो भएको अङ्कल काट्नेहरू धेरै छन् । यो पनि रङ्गीन क्रान्तिकै सिलसिला हो ।

अमेरिकाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (USAID) र एन्टानानारिभोमा रहेको अमेरिकी राजदूतावासले माडागास्करमा रहेका विभिन्न गैर-सरकारी संस्थाहरूलाई खाद्य सुरक्षा, जनस्वास्थ्य, वातावरणीय संरक्षण, गरिबी निवारण, कृषि सहकारी, प्रकोप नियन्त्रण जस्ता विषयमा आर्थिक सहयोग गर्ने भन्दै चलखेल गर्दै आएको देखिन्छ । संयुक्त राज्य अमेरिका माडागास्करमा विश्व खाद्य कार्यक्रम (WFP) अन्तर्गत भोकमरीविरुद्ध काम गर्ने नाममा पनि प्रवेश गरेको थियो ।

फ्रान्सको एसिएफ (Action Against Hunger) ले माडागास्करमा कुपोषण विरुद्ध लड्ने, खाद्य सुरक्षा सुनिश्चित गर्ने र सफा खानेपानीको व्यवस्था गर्ने नाममा प्रवेश गरेको थियो । युरोप र अमेरिकामा जरा गाडेको Care International, बेलायतमा दर्ता भएको SEED Madagascar, शिक्षा क्षेत्रमा काम गर्ने नाममा बेलायती संस्था United World School, ADRA Madagaskar नामका सञ्जालहरू पनि माडागास्करमा क्रियाशील छन् ।

जेनजी आन्दोलनभन्दा केही समयअगाडि सन् २०२५ सेप्टेम्बर १५ मा ट्रान्सपरेन्सी इन्टरनेशनल (Transparency International) ले माडागास्करमा भ्रष्टाचारविरुद्ध एउटा सानो च्याली (Democrasia Mainty) आयोजना गर्न भूमिका निर्वाह गरेको थियो । जसले युवा-विद्यार्थीलाई सडकमा उत्रन उर्जा प्रदान गरेको मानिन्छ ।

यसरी माडागास्करमा संरा अमेरिका र पश्चिमाहरूले रङ्गीन क्रान्तिको निम्ति भूमिका निर्वाह गरेकै हुन् । तर, पनि उनीहरूले सोचेको परिणाम निस्केन । यो उनीहरूकै निम्ति गलपासो साबित भइरहेको विश्लेषकहरूको मत छ ।

सन्दर्भ सामग्री

rom Gen Z revolt to Junta control, Madagascar's promise of change is slipping away, Amnesty International, 2026 March 30
Madagaskar: the key role fo social media in the government's fall from power, Reflexscience, April 2026
Gen z, Digital Activism, and Regime Change in Madagascar, Stiftung Wissenschaft und Politid 2025 oct 29
Madagaskar: Yet Another Colour Revolution, FULCRUM 2025 Oct 26
Russian Military Intelligence Expands in Madagascar: Report, The Defence Post, 2026 sep 25
Review of the Termination of the Millennium Challenge Corporation Compact with Madagascar, U.S. Agency for International Development, 2010 March 31

उपभोक्ता संरक्षणमा सरकारी उदासीनता, कानुन बनेको ६ वर्षपछि राजधानीमा उपभोक्ता अदालत गठन, उपभोक्ता आफै जागरुक हुनु जरुरी



रामप्रसाद प्रजापति, अधिवक्ता

उपभोक्ताको हक मौलिक हक

नेपालको संविधान २०७२ को धारा ४४ ले उपभोक्ताको हकलाई मौलिक अधिकारको रूपमा समावेश गरेको छ । प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ, गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनी नेपालको संविधानको धारा ४४ ले संवैधानिक तथा मौलिक हकको बन्दोबस्त गरेको पाइन्छ ।

नयाँ संविधान जारी भएसँगै "गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानीबापतको क्षतिपूर्ति उपलब्ध गराउन" उपभोक्ता संरक्षण ऐन, २०७५ बनाई उपभोक्ता हकहितका लागि विभिन्न कानुनी बन्दोबस्त गरेको पाइन्छ ।

सर्वसाधारण उपभोक्ताको हकहित तथा अधिकारको संरक्षण गरी कालाबजारी, मिसावट र जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने व्यापारी व्यवसायी र सेवा व्यवसायीलाई नियमन र नियन्त्रण गर्न नेपालमा उपभोक्ता संरक्षणसम्बन्धी कानुनको रूपमा उपभोक्ता संरक्षण ऐन, २०५४ जारी गरिएको थियो ।

तर उपभोक्ता संरक्षण, कालाबजारी नियन्त्रणमा नेपाल सरकारको उदासिनताका कारण त्यति प्रभावकारी रहेको मान्न सकिन्न भने अर्कोतर्फ सर्वसाधारण उपभोक्ताहरूमा पनि कानुनी हक अधिकार प्रचलनका लागि आवश्यक जानकारी र चेतना नहुँदा कालाबजारी र विभिन्न सेवा व्यवसायीहरूले सर्वसाधारण उपभोक्ताहरू ठगिँदै आएका समाचारहरू प्रकाशित भइरहेको पाउँछौं ।

विभिन्न चाँडपर्व र मौसममा आवश्यक सामग्रीको कालाबजारी गरी वस्तु लुकाई बजारमा अभाव देखाई काला बजारी गर्ने, मिसावट गर्ने र अखाद्य पदार्थ तथा म्याद नाघेका वस्तु बिक्री गरी नाफा कमाउन उपभोक्ता ठग्ने गरेको पाइन्छ ।

ठुला उद्योगी, व्यापारी घरानाका व्यवसायीहरूसमेत यस्तो क्रियाकलापमा संलग्न भएको, अखाद्य पदार्थको मिसावट, तौल नपुग्ने, मिसावट तथा बजारमा वस्तु अभाव देखाई मूल्यवृद्धि गर्ने गरेका घटनाहरू समय समयमा सार्वजनिक भइरहेको पाउँछौं ।

अनुमानित बिल दिएर उपभोक्ता ठगी चालु

सँगसँगै उपभोक्ता ठगिने अर्को एउटा महत्त्वपूर्ण पाटोको रूपमा नक्कली विल, अनुमानित (ईस्टिमेट Estimeted बिल, एब्रिभिएटेड abbreviated) बिल दिई उपभोक्ता ठगिने क्रम पछिल्लो समय बढेको पाइन्छ ।

केही वर्षअघि सरकारले विभिन्न सञ्चारका माध्यमहरूमा व्यापारी व्यवसायीहरूले बजारमा उपभोक्तासँग मूल्य अभिवृद्धि कर (भ्याट) लिइरहेको अवस्थामा खरिद बिल (रसिद) नलिँदा भ्याट सरकारको खातामा जम्मा नहुने हुँदा कुनै पनि वस्तु खरिद गर्दा बिल भौचर लिनु हुन सर्वसाधारण उपभोक्ताहरूलाई अनुरोध गर्ने गरेको विज्ञापन खुबसित प्रचारप्रसार गर्ने गरेको थियो ।

यसैबिचमा उपभोक्ताले बिल लिने संस्कार बढाएको तथा सरकारले आन्तरिक राजश्व कार्यालयमार्फत अनुगमन तथा नियन्त्रण गरी बिल भौचर दिनुपर्ने व्यवस्था गरी पहिलेभन्दा गुणात्मक रूपमा बिल भौचर लिनेदिने क्रियाकलाप बढेको देखिन्छ । साथै पछिल्लो समयमा अनलाइन तथा कम्प्युटर प्रविष्ट गरी बिल भौचर लिनेदिने गर्न सङ्ख्यामा वृद्धि भएको देखिन्छ ।

तर यसरी कम्प्युटर प्रविष्ट गरी तथा अनलाइन माध्यमबाट बिल भौचर दिइरहँदा समेत पछिल्लो समयमा उपभोक्ता ठगिने क्रम झन बढी रहेको बताइन्छ ।

उपभोक्ताहरू सचेत नहुँदा सेवाप्रवाही व्यवसायी, कम्पनीहरूले उपभोक्तालाई ईस्टिमेट (अनुमानित) बिल दिने, ईष्टिमेट बिलको नाम विभिन्न उस्तै उस्तै अर्थ लाग्ने अङ्ग्रेजी शब्दहरू जस्तै abbreviated, Estimeted, Orderslip आदि शब्दहरूको प्रयोग गरेर बिल बनाई उपभोक्तालाई बिल भरपाई दिने र उपभोक्तासँग घुमाइ फिराइ सेवा शुल्क तथा मूल्य अभिवृद्धि कर (म्याद) जोडि ठगिने क्रम बढ्दो छ ।

सामान्यतया अधिकांश उपभोक्ताहरू बिल नै लिँदैनन् । बिल भरपाई लिए तापनि आफूले पाएको बिल भरपाई दुरुष्ट छ छैन हेर्दैनन् । यस्तो परिस्थितिमा नै बिल भरपाई दिने व्यवसायीले अनुमानित बिल अर्थात् ईस्टिमेट बिल दिएर गैरकानुनी रूपमा सेवाग्राहीसँग वस्तु वा सेवाको तोकिएको मूल्यमा सेवा शुल्कसमेत जोडि सो रकममा मूल्य अभिवृद्धि कर (भ्याट) जोडि रकम असुल गर्ने गरेको पाइन्छ । त्यसो गर्दा उक्त बिल भौचारबाट उठाइएको भ्याट सरकारको खातामा नगई व्यवसायी वा सेवा प्रवाहीको निजी खातामा जाने भएकोले एकातर्फ सरकारलाई कर राजश्वको नोक्सानी हुने भयो भने अर्कोतिर उपभोक्तासँग नक्कली अर्थात् ईस्टिमेट बिल दिएर वस्तुको मूल्यमा जोडिएको सरकारको खातामा नजाने भ्याट रकम ठगिने भयो । यस्तो क्रियाकलापमा कहीं आन्तरिक राजश्व कार्यालयका कर्मचारीहरूको समेत मिलोमत्तो छैन र ? भन्ने जानकारहरू प्रश्न गर्छन् ।

केही सचेत उपभोक्ताले यो त ईस्टिमेट बिल (अनुमानित बिल भौचर) मात्र हो, यो त abbreviated बिल भौचरको सारांशमात्रै हो, खासमा भ्याट बिल अर्थात् Tax Invoice खोई ? भनेर सोध्दा केही व्यवसायीले हजुरलाई भ्याट बिल नै चाहिने हो र ? भनी Tax Invoice दिने गरेको पाउँछौं भने केही व्यवसायीहरूले यो नै हाम्रो बिल भौचर हो । हामीहरूको कम्प्युटरबाट सिधै बिल भौचर छापिने हुँदा यस्तै छापिन्छ । हाम्रो कम्प्युटर सिधै आन्तरिक राजश्व कार्यालयसँग जोडिएको हुन्छ भनी ठाडो जवाफ दिने गरेको पाउँछौं । यसरी देशभरका विभिन्न व्यापारी, व्यवसायी, रेस्टुरेन्ट, होटल व्यवसायी तथा मनोरञ्जन तथा सेवा क्षेत्रका व्यवसायीहरूबाट दैनिक रूपमा करोडौं रुपैयाँ गैरकानुनी रूपमा सेवा शुल्क तथा भ्याटको नाममा ठगिने क्रम रहेको विज्ञहरू बताउँछन् । यसतर्फ सम्बन्धित सरकारी निकाय, स्थानीय सरकार, सम्बन्धित अनुगमन तथा नियन्त्रण गर्ने कार्यालय, कर तथा राजश्व कार्यालय र सर्वसाधारण उपभोक्ताहरू समेत सचेत हुनु जरुरी छ ।

मूल्यसूचीभन्दा बढी रकम लिए सजाय

कानुनबमोजिम वस्तु बिक्रेता तथा सेवा प्रवाही व्यवसायी तथा कम्पनीहरूले विभिन्न वस्तु तथा सेवाको मूल्यसूची (मेन्यु) मा नै सम्पूर्ण कर तथा राजश्वसमेत जोडी ग्राहक तथा सेवाग्राहीलाई देखाउनुपर्नेमा व्यवसायीहरूले मेन्युमा एकथरी मूल्य देखाई बिल भौचर दिने क्रममा मेन्यूमा रहेको वस्तु तथा सेवाको मूल्यमा सेवा शुल्क बापत भनी सामान्यतया १० (दश) प्रतिशत रकम जोडी पुन: सेवा शुल्कसमेतको रकममा १३ (तेह्र) प्रतिशत भ्याट जोडी उपभोक्तासँग रकम असुल्ने गरेको पाइन्छ । उदाहरणको लागि कुनै वस्तु वा सेवाबापतको मूल्य मूल्यसूचीमा ५००।- (पाँच सय रुपैयाँ) राखिएको छ भने उपभोक्ताले उक्त वस्तु वा सेवा उपभोग गरेबापत आफूले ५००।- रुपैयाँ तिर्नुपर्ने कुरा बुझेर वस्तु तथा सेवाको उपभोग गर्दछ । तर, बिल तिर्ने बेलामा व्यवसायीले वस्तु वा सेवाको मूल्य रु. ५००।-, सो मूल्यमा सेवा शुल्क बापत थप रकम समेत जोडेर रकम असुल उपर गर्ने गरेको पाइन्छ ।

वास्तवमा मेन्यु प्राइस (मूल्यसुची) मा रु. ५००।- (पाँच सय रुपैयाँ) छ भने त्योभन्दा बढी रकम असुल गर्न पाईदैन । मूल्यसूचीमै आवश्यक सम्पूर्ण शुल्क तथा मूल्य अभिवृद्धि कर (भ्याट) समेत जोडिएको हुनुपर्ने कानुनी व्यवस्था मूल्य अभिवृद्धि कर नियमावलीको नियम १४ ले गरेको पाइन्छ ।

काठमाडौँ उपत्यकामा उपभोक्ता अदालत

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ११, १२, १६, ३८, ४०, ४८, ५० तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १४ (ख) बमोजिम दायर भएको क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने मुद्दामा काठमाडौँ जिल्ला अदालबाट सेवा प्रदायक कम्पनीले उपभोक्तासँग मूल्यसूची मेन्यूमा उल्लेख गरिएको रकमभन्दा बढी (सेवा शुल्क तथा मूल्य अभिवृद्धि कर) जोडेर लिएको थप रकम रु. ३,०७८।६३ फिर्ता दिन र उपभोक्तालाई दु:ख हैरानी दिएबापतको थप रु.१०,०००।-(दश हजार रुपैयाँ) क्षतिपूर्ति दिलाई भराई लिन पाउने फैसला गरेको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ ले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउने, वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर तथा म्याद आदिबारे सूचित हुने उपभोक्ताको अधिकारलाई सुनिश्चित गरेको देखिन्छ भन्दै ऐन कानुनले वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य निर्धारण वा बृद्धिलाई रोक्न र नियन्त्रण गर्न नियमन गर्न सकिने कानुनी व्यवस्थासमेत उल्लेख गरेको हुँदा आन्तरिक राजश्व कार्यालयबाट प्राप्त पत्रबमोजिम पनि मेनु प्राइस (मूल्यसूची) मा सेवा शुल्क र मूल्य अभिवृद्धि कर (भ्याट) दुवै समावेश गरी मेन्यु प्राइस (मूल्यसूची) तयार गर्नुपर्ने हुन्छ भनी उल्लेख गरेको हुँदा मेन्यु प्राइसमा सेवा शुल्क र मूल्य अभिवृद्धि कर (भ्याट) समावेश नगरी वादीसँग बढी रकम भुक्तानी लिएको देखिँदा उक्त रकम र उपभोक्ता संरक्षण ऐन, २०७५ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२, ऐ.नियमावली २०५३ समेत विपरितको कार्य गर्ने विपक्षी कम्पनीलाई अनावश्यक हैरानी र मानसिक तनाव खेप्नु परेबापत क्षतिपूर्ति बापत रु. १०,०००।- भराई पाउने फैसला गरेको पाइन्छ ।

नेपालको पहिलो उपभोक्ता अदालत २०८१ चैत्र २ गते भयो । घरेलु तथा साना उद्योग विभागको परिसर, त्रिपुरेश्वर, काठमाडौँमा उपभोक्ता अदालत स्थापना गरेको छ । जसको क्षेत्राधिकार हाल काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लासम्म रहेको छ ।

२०७५ सालमा उपभोक्ता संरक्षण ऐनले उपभोक्ता अदालत गठन गर्ने उल्लेख गरेकोमा कानुन बनेको करिब ६ वर्षपछि काठमाडौँ, त्रिपुरेश्वरमा अदालत स्थापना भएको हो ।

सुरुमा उपभोक्ता अदालतले चिकित्सकीय लापरबाहीका मुद्दामा फैसला गरेपनि पछिल्ला समय मुद्दा छिन्न सुस्तता देखिएको छ ।

उपभोक्ता अदालतमा चिकित्सकीय लापरबाही, इन्टरनेटको गुणस्तर, सवारी साधनको गुणस्तर, सुनचाँदी जर्ती फिर्ता, इलेक्ट्रोनिक्स गुणस्तर, ढुवानी, सफ्टवेयर, विद्यालयको लापरबाही, एअरलाइन्समा शारीरिक हानि आदि विषयका उपभोक्ता ठगिएका भन्दा निकै थोरै सङ्ख्यामा मुद्दा दर्ता हुने गरेको देखिन्छन् ।

यसरी चाँडपर्वका अवसरमा मात्र होइन नियमित रूपमा सर्वसाधारण उपभोक्ताले वस्तु वा सेवा प्रदायक व्यवसायी कम्पनीसँग कानुनबमोजिमको दुरुष्ट बिल भौचर लिन जरुरी छ । अन्यथा गैरकानुनी रूपमा वस्तु वा सेवाको मूल्यसूचीभन्दा बढी रकम असुल्ने, कालाबजारी गर्ने, सरकारको ढुकुटीमा जम्मा हुनुपर्ने कर राजश्व छली निजी खातामा जाने कार्यलाई झन उत्साहित गराउने अवस्था सृजना हुने हुँदा त्यस्ता क्रियाकलापलाई दुरुस्ताहित गर्न दुरुष्ट बिल भौचर (Tax Invoice) लिन र नक्कली बिल तथा अनुमानित बिल भौचर दिने व्यापारी व्यवसायी र कम्पनीलाई खबरदारी गर्न जरुरी छ ।

सांस्कृतिक सम्पत्ति संरक्षण गर्नु सबैको कर्तव्य

भक्तपुर । नेपाल मजदुर किसान पार्टी इनाचो चोर्चा-७ वडा एकाइ समितिको आयोजनामा विजयादशमी २०८३ को शुभकामना आदानप्रदान तथा सापारु र गुन्हिपुन्हिका अवसरमा आयोजित गाईजात्राको सांस्कृतिक प्रतियोगितामा पुरस्कृत तथा सहभागी संस्कृतिकर्मी र कलाकारहरूलाई बधाई तथा सम्मान कार्यक्रम असोज २९ गते सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संस्कृति हाम्रो सम्पत्ति भएकाले यसको संरक्षण गर्नु सबैको कर्तव्य भएको बताउनुभयो । उहाँले संस्कृति नयाँ पुस्तामा हस्तान्तरण भइरहेकोमा खुसी व्यक्त गर्दै सांस्कृतिक गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

पढाइसँगसँगै नयाँ पुस्तालाई गीत, सङ्गीत, सीप, ज्ञान, खेलकुद र तालिममा सहभागी गराउनुपर्ने उल्लेख गर्दै उहाँले समयसापेक्ष गीत, सङ्गीत र सांस्कृतिक गतिविधि पनि संस्कृतिकै अभिन्न अङ्ग भएको बताउनुभयो । शिक्षामात्रै सबै कुरा नभएको स्पष्ट पार्दै उहाँले युवाहरूलाई योग्य, दक्ष र सक्षम बनाउन भक्तपुर नगरपालिकाले विभिन्न भाषा, सीप तथा दक्षतामूलक तालिम सञ्चालन गरिरहेको जानकारी दिनुभयो । भक्तपुरबाट शिक्षित जनशक्तिलाई दक्ष बनाउनु नगरपालिकाको उद्देश्य रहेको उल्लेख गर्दै उहाँले नगरपालिका आफ्नै स्रोतसाधनमा निर्भर भएर सञ्चालन भइरहेको बताउनुभयो ।

वर्तमान सरकारबारे चर्चा गर्दै प्रमुख अतिथि प्रजापतिले सरकार परिवर्तन हुनु स्वाभाविक प्रक्रिया भए पनि कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र स्थानीय सरकारजस्ता राज्यका निकायहरूमा क्षति पुऱ्याएर बनेको वर्तमान सरकारबाट धेरै ठुलो आशा गर्न नसकिने बताउनुभयो ।

उहाँले सरकारको बाचापत्रविपरीत युवाहरूलाई विदेश पठाउने क्रम जारी रहेको, सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा आफैँ आयोग गठन गरी आरोपबाट उम्कने प्रयास गरिएको, संसद्मा गम्भीर छलफल र विचारविमर्श हुनुपर्नेमा संसद्को गरिमा कमजोर पारिएको तथा पर्याप्त तयारीबिना सुकुमवासी बस्ती हटाइएको आरोप लगाउनुभयो । समयमा मल उपलब्ध नहुनु र संस्थागत तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिनुजस्ता कार्यले सुशासनको उपहास गरेको उहाँको भनाइ थियो ।

४६ औँ नेपालभाषा साहित्य त:मुंज्या ग्वसाखल:का कोषाध्यक्ष कृष्णगोविन्द लाखाजुले त:मुंज्या जनचेतना फैलाउने महत्त्वपूर्ण दबु भएको बताउनुभयो । उहाँले त:मुंज्याले राजनीतिक, सामाजिक तथा स्वास्थ्यसम्बन्धी विषयमा जनचेतना जगाउन योगदान पुऱ्याउँदै आएको उल्लेख गर्नुभयो । सांस्कृतिक प्रस्तुतिले मनोरञ्जन प्रदान गर्नुका साथै जनचेतना फैलाउने, विगतका घटनाहरूको स्मरण गराउने र परम्परागत संस्कृतिको संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो । नेपालभाषाको संरक्षण, संवर्द्धन र जगेर्नामा नेपालभाषा साहित्य त:मुंज्याले महत्त्वपूर्ण योगदान पुऱ्याएको उहाँको भनाइ थियो ।

कार्यक्रमका सभापति तथा नेमकिपा इनाचो चोर्चा-७ समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुले बजारभाउ निरन्तर बढ्नु, प्राकृतिक विपद् आइरहनु र समाजमा अन्योल कायम रहँदा पनि त्यसको प्रभावकारी व्यवस्थापन हुन नसक्नु वर्तमान सरकारको कमजोरी भएको बताउनुभयो । उहाँले नयाँ काम गर्नुभन्दा भएका संरचना र उपलब्धि बिगार्ने सम्भावना रहेको भन्दै सरकारका गतिविधिप्रति जनता सचेत रहनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संस्कृतिकर्मी एवं सांस्कृतिक गुरु कृष्ण दुमरु र राजेश लाखाले पनि मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सांस्कृतिक कलाकार तथा संस्कृतिकर्मीहरूलाई प्रमाणपत्र र मायाको चिनो प्रदान गर्नुभयो ।

गुन्हिपुन्हिको अवसरमा आयोजित सांस्कृतिक प्रतियोगितामा सिद्धि गणेश सांस्कृतिक समूहको नागाचा प्रथम भएको थियो ।

शासक नेताहरू विदेशीको इसारामा चल्दा देशलाई दु:ख

भक्तपुर । नेपाल मजदुर किसान पार्टी सानो ब्यासी एकाइ समितिको आयोजनामा बिहीबार कार्यकर्ताहरूको उपस्थितिमा विजया दशमीको उपलक्ष्यमा शुभकामना आदानप्रदान असोज ३० गते कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले सांसद र मन्त्रीहरू कुनै न कुनै काण्डमा फसेका समाचारहरूले नेपालीहरू व्यक्तिगत स्वार्थका लागि देश नै बेच्न तयार रहेको साबित गर्न खोजिरहेको बताउनुभयो ।

राजनीति जनताको नि:स्वार्थ सेवाभन्दा मोलमोलाइमा भइरहेको हुँदा उहाँले चिन्ता व्यक्त गर्नुभयो । विदेशीहरूले खराब र कमजोर व्यक्तिलाई प्रचारमा ल्याई माथि ल्याउने गरेको र देश खान आएका भारतीय विस्तारवाद र अमेरिकी साम्राज्ययवादले शेरबहादुर देउवालाई सत्तामा ल्याई उनीहरूले नै सखाप पारेको समाचार सबैले बुझ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

चुनावमा जितेर जहैमा, पदमा पुग्दैमा बुद्धि नआउने उल्लेख गर्दै उहाँले विदेशीको



इसारामा चल्ने सरकार धेरै दिन नटिक्ने उहाँले बताउनुभयो । देशमा अनियन्त्रित रूपमा महँगी बढिरहेको उहाँले बताउनुभयो ।

नेमकिपाले समाजको परिवर्तनको लागि खेलेको योगदान खेर नगएको र गीत, साहित्य र नाटकमार्फत जनतालाई सुसूचित गर्नुपर्ने आजको आवश्यकता रहेको उहाँले बताउनुभयो ।

नेमकिपा नगर समितिका नारायणप्रसाद त्वायनाबासुले युवा विद्यार्थीहरूलाई सच्चा मार्गमा डोहोऱ्याउनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

नेमकिपा वडा नं. २ का अध्यक्ष रत्नकाजी नायोभारी, नेक्रामसङ्घका बद्रीलक्ष्मी कोजु तथा समितिका जीपी लासिवाले पनि बोल्नुभएको उक्त कार्यक्रममा आयोजक समितिका पवनकृष्ण सुवालले 'श्रमिक' साप्ताहिकमा रामरतन चौधरीद्वारा लिखित सन्दर्भ: माडागास्करको जेनजी आन्दोलन साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन ४२ मा आधारित लेखको स्लाइडमार्फत प्रस्तुतीकरण दिनुभएको थियो ।

कार्यक्रम नेमकिपा सानो ब्यासी वडा एकाइ समितिका अध्यक्ष सरोज दथेपुथेको सभापतित्वमा भएको थियो ।

‘ए मेरा रातहरू’ कवितासङ्ग्रह पल्टाउँदा

✍ सुलोचना

नेपालका वरिष्ठ राजनीतिज्ञ तथा नेमकिपाका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ एक असल अभिभावक तथा मार्गनिर्देशक हुनुहुन्छ । उहाँ नेपालको कम्युनिस्ट आन्दोलनका एक अथक योद्धा हुनुहुन्छ । कामदारवर्गका जनताको हकहितका लागि लड्नुहुने श्रद्धेय बिजुक्छेँको जीवनयात्रा पक्कै सहज छैन । उहाँ आज पनि अध्ययन, चिन्तन र लेखनमा सक्रिय हुनुहुन्छ । राजनीति, साहित्य र संस्कृतिको क्षेत्रमा उहाँको देन अतुलनीय छ । ९० वर्षको सङ्घारमा पुगिसक्दा पनि युवा विचार र दृढ मनका साथ नयाँ पुस्तासँगै हुर्कँदै हुनुहुन्छ । कम्युनिस्ट सिद्धान्त, मार्क्सवाद, लेनिनवाद र माओविचारधारा, समाजवाद र साम्यवादलगायतका राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयमा आफ्ना कार्यकर्तालाई प्रशिक्षित तुल्याउन उहाँ कहिल्यै थाक्नु हुन्न ।

देश र जनताको नि:स्वार्थ सेवा गर्दै आउनुभएका श्रद्धेय बिजुक्छेँको साहित्यिक नाम हरिबहादुर श्रेष्ठ हुन् । साहित्यकार हरिबहादुर श्रेष्ठ हामी स्वयम्को निमित्त कुनै अपरिचित नाम होइन । साँच्चै उहाँ हामी सबैका प्रिय मार्गदर्शक तथा आदरणीय अभिभावक हुनुहुन्छ । सादा जीवन उच्च विचारका धनी व्यक्तित्व आदरणीय बिजुक्छेँको ‘स्कुलिङ’ पाउनु गर्वको विषय हो ।

उहाँका थुप्रै कविता, कथा, निबन्ध, समालोचनालगायतका लेख-रचनाहरू प्रकाशित छन् । उहाँ कवि, कथाकार, समालोचक पनि हुनुहुन्छ । सुपरिचित स्रष्टा हरिबहादुर श्रेष्ठको पहिलो कवितासङ्ग्रह ‘आकाश बाँधिएको छैन’ २०४२ सालमै प्रकाशित भएको थियो । अहिले भर्खरै २०८२ सालको माघ महिनामा अर्को कवितासङ्ग्रह ‘ए, मेरा रातहरू’ मजदुर दैनिकद्वारा प्रकाशित गरिएको छ ।

प्रतिष्ठित साहित्यकार हरिबहादुर श्रेष्ठको कलम यात्रा कहिल्यै सुस्ताएन । लेखन र अध्ययन उहाँको जीवनपद्धति हो भन्दा पनि फरक नपर्ला । उहाँका रचनाहरू सरल र सटिक छन् । उहाँ विभिन्न कविता, कथा र लेख रचनाहरूमा आम पाठकले बुझ्ने भाषाको प्रयोग गर्नुहुन्छ ।

सरकारमा बसेर देश र जनताको हितमा काम नगर्ने शासक दल र दलका नेताहरूको शासकीय प्रवृत्ति उदाङ्ग्याउने प्रयास कविले यस ‘ए मेरा रातहरू’ कवितासङ्ग्रहको माध्यमबाट गर्नुभएको छ । देशको राजनीतिक विकृति र विसङ्गतीलाई उक्त कवितासङ्ग्रहले चिर्ने प्रयास गरेको छ । कविले देशको वास्तविक समस्या र चुनौतिमाथि छलफल गरेर समाधानको बाटो पहिल्याउनुभएको छ । कामदारवर्गको स्वर्ग समाजवाद हुँदै साम्यवादी समाजको पक्षमा उभिन सारा नेपाली जनतालाई कवितामार्फत आह्वान गर्नुभएको छ ।

साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा रचित ‘ए मेरा रातहरू’ कवितासङ्ग्रहमा जम्मा ३८ वटा लामा-छोटा समयसान्दर्भिक कविताहरू समावेश छन् । पुस्तकको आवरण सज्जा आकर्षक देखिन्छ ।

कवितासङ्ग्रहको सुरूमा ‘कवि र कविताबारे’ हरिबहादुर श्रेष्ठको महत्त्वपूर्ण रचना प्रस्तुत छ । जसमा भाषाको विकाससँगै गीत, सङ्गीत, नाटक, कथा, कविता र महाकाव्यहरूको जन्म भएको उल्लेख छ । साहित्यमा राजनीतिको प्रभाव हुँदै आएको कुरा उदाहरणसहित प्रस्तुत छ । त्यसकारण साहित्य राजनीतिबाट अलग हुन नसक्ने कुरा यस लेखले बताउँछ । बेलायती रोमानी कवि वाइरनको ‘मैले लगाएको काँडा’ शीर्षकको कविता यहाँ उद्धृत गर्न मन लाग्यो-

‘यो काँडा हो
जसलाई मैले आफैले
रोपेको थिएँ,
त्यसले आज मलाई
जतातै घाउ पाऱ्यो
रगताम्य बनायो ।
पहिले नै सोच्नुपर्ने थियो
मैले यो कुरा
जे बीउ छर्छौं
त्यहीं फल पाउनेछौं ।

यसबाट के थाहा हुन्छ भने हरेक देशको साहित्यमा राजनीतिको गाढा प्रभाव परेको हुन्छ । आफ्नै समयमा देखेका र अनुभव गरेका विषय लेख र कवितामा अभिव्यक्त गरेका हुन्छन् ।

सुरुको कविता ‘साथीहरूलाई पर्खंदा पर्खंदै’ अत्यन्त रुचिपूर्वक पढें । सङ्घर्षको यात्रामा कोही साथीहरू सँगसँगै हिँड्छन्, कोही पछाडि पर्छन्, कोही फर्केर जान्छन् या कोही निराश हुन्छन् । तर, आजुमा पुग्न जस्तोसुकै चुनौती सामना गरेर भए पनि एक्लै अगाडि बढ्नुपर्ने सन्देश यस कविताले यसरी दिन्छ :

‘पुराना साथीहरूलाई
पर्खंदा पर्खंदै
आफ्नो यात्रा थालें ।’

त्यस्तै रवीन्द्रनाथ ठाकुरलाई सम्झँदै उद्धृत गरिएको कवितांश यहाँ प्रस्तुत गर्नु उचित लाग्यो ।

‘साथीहरूलाई बोलाउँदा पनि
कोही आएन भने साथी,
तिमी एक्लै जाऊ
रक्तप्लवित गोडा लिएर साथी
तिमी एक्लै जाऊ ।’

अत्यन्त मर्मस्पर्शी यो कविताले मन छुन्छ । तरङ्गित बनाउँछ । आफैसँग वार्तालाप गर्छु । अनि भन्छु, जीवनमा अनेक कठिन मोडहरू आउँछन् तर हाम्रो बाटो रोकिनुहुन्न ।


दोस्रो कविता ‘आमासँग उत्तर थिएन’ मा बाढी र पहिरोले निम्त्याएको विकराल स्थितिको दोषी को हो ? भन्नेबारे आमा र छोरीको वार्तालाप कवितामा प्रस्तुत छ । आमा दैवी प्रकोपको कारण ईश्वरले दु:ख दिएको भन्छिन् । तर, छोरी खोला र नदी मिचेर खेत बनाउने, ठुल्ठुला भवन निर्माण गर्ने, खोला किनारमा ग्यारेज र कारखाना बनाउने आदि कारणले गर्दा हामीजस्ता गरीबले दु:ख पाएको तर्क राख्छिन् । बाढी पहिरोले बाल मस्तिष्कमा पारेको प्रभाव र उब्जेको प्रश्नबारे कविता बोल्दछ ।

देशका शासक दलहरूले समृद्धिको नारा लगाउने तर देशलाई भड्खालोमा पुऱ्याउनेजस्ता विषय ‘समृद्धिको साथी को हो ?’ कवितामा प्रस्तुत छ । तिनीहरूको मगन्ते प्रवृत्तिले देश भिखारी बनाउने परिस्थिति सिर्जना भएकोप्रति कवि यसरी दुखेसो पोख्नुहुन्छ :

‘मित्रहरूसँग माग्दामाग्दै तिमीले
माग्ने पात्रो र झोलासमेत माग्यौ
आफ्नो छोरा बेच्यौ, दास बजारमा
स्वास्नीमात्र होइन, छोरीसमेत बेच्यौ
आमा नै बेच्ने तिमीले समृद्धिको के नाटक
गर्छौं ?’
‘युवाहरूका पौरखी हातहरूलाई
समुद्र पारमा, घर-खेत बेचाई
रगत र पसिना बेच्न कर गऱ्यौ,
अनि मानिसबिनाको देशको समृद्धि
तिमी कोसँग माग्छौ ?’

शासक दलहरू देशलाई आत्मनिर्भर बनाउने सोच्दैनन् । माग्ने प्रवृत्ति यथावत छ । देशका युवाहरूलाई स्वदेशमै रोजगार उपलब्ध गराउनुको सट्टा विदेशमा श्रम बेच्न पठाउने ती तमाम व्यक्तिहरूप्रति कवि तीखो व्यङ्ग्य हान्नुहुन्छ ।

‘ए नेवार दाजुभाइ’ शीर्षकको कवितामा परम्परा र संस्कृतिको नाउँमा जाँड-रक्सी धेरै खाने र हो-हल्ला गर्ने



नेवार दाजुभाइलाई देश र जनताको बारेमा सोच्न र शासक दलहरूको गलत राजनीतिक प्रवृत्ति, भ्रष्टाचारको विरोध गर्न, लाखौँलाख युवाहरूलाई विदेश पठाएर डल्लर कमाउनेहरूको विरूद्धमा लाग्न यो कवितांशमार्फत कवि अनुरोध गर्नुहुन्छ :

‘रक्सी र जाँडले मातेर होइन
भागबन्डाको विरोधमा सचेत भएर बढौं
भ्रष्ट मन्त्रीहरूको विरोधमा सचेत भएर
लागौं ।
ए नेवार भाइहरू !
जात्रामा हो-हल्ला गर्ने होइन
नारा लगाऔं जनताको हितमा’

जनताको भोटबाट जितेका जनप्रतिनिधिहरूले जनताको समस्या सम्बोधन गर्नुपर्छ । जनताको सानाभन्दा साना समस्यालाई मध्यनजर गर्दै समाधानतिर लाग्न सक्नुपर्छ । केही जनप्रतिनिधिहरू आफ्नो व्यक्तिगत स्वार्थको लागि पदको दुरूपयोग गर्छन् । आफ्नो फाइदा हेर्छन् । तर ‘ए, मेरा जनप्रतिनिधिहरू’ कवितामा कविले कर्मचारीतन्त्रबाट बच्न र नुनको सोझो नगर्न सचेत पार्दै भन्नुहुन्छ -

‘लडी मरौं, दास नबनौं पैसाको
कमारा नहोऔं पद र मानको
नफालौं गौरव र इज्जत
आफ्नै विचार र पौरखको
नुन नखाऔं अरूको, खाऔं आफ्नै फल

खाऔं अन्न पानी आफ्नै देशको
सेवा गरौं आफ्नै जनताको
तर ज्यू-हजूरी नगरौं पराइको ।’

देशका सम्पूर्ण जनप्रतिनिधिहरूले यो पढ्नैपर्ने कविता हो । ‘म कस्तो नेता हुँ ?’ ‘नेपाली हामी कस्ता मूर्ख ?’, ‘झन्डा हाम्रो’, ‘ मन्त्री र बालुवा’ शीर्षकको कविताले पनि यस्तै भाव दिन्छ । पद र पैसाको निम्ति देश बेच्ने, नैतिकता बेच्ने, सार्वजनिक सम्पत्ति दुरूपयोग गर्ने, पैसा बाँडेर चुनाव जित्ने नेताहरूको पर्दाफास यी कविताले गर्दछ ।

‘आतङ्कवाद वा साम्राज्यवाद’ र ‘इरानमा आतङ्कवाद’ शीर्षकको कवितामा साम्राज्यवादको चरम आतङ्कबारे उल्लेख छ ।

‘डोको र मेरो देश’ कवितामा देशका नेताहरूले देशको गोप्यता भङ्ग गर्ने र आफ्नो ठाउँलाई अरूको बनाउन सजिलो बनाएको आरोप छ । देशको आन्तरिक तथा सुरक्षा मामिलाको सम्बन्धमा गम्भीरतापूर्वक लिनुपर्ने र देशको गोप्यता सम्बन्धित निकायले राख्नुपर्ने विचार कविताले व्यक्त गर्दछ :

‘के लुकाउँछौ साथी तिमी,
देखिन्छ सबै यो डोकोमा
के राख्छौ तिमी पानी ?
जसमा एक थोपा पानी अडिदैन
गुप्तता के रहला
पराइलाई नै आफ्नो सम्झियौ भने
छिद्रैछिद्र भएको डोकामा
के अट्ला गुप्तता ।

‘म नेपाली, म भक्तपुरवासी’ कविता अझ बढी चाखलाग्दो छ । शिक्षा, स्वास्थ्य, सरसफाइ, मठ-मन्दिर, पाटीपौवा, बाटोघाटोलगायतको निर्माण क्षेत्रमा भक्तपुरको योगदान अतुलनीय छ । सारा नेपाल र जनतालाई यो कुराको ज्ञात छ । भ्रष्टाचार शून्य छ । देश र जनताको इमानदारीपूर्वक नि:स्वार्थ सेवा गर्दागर्दै पनि नेमकिपा र भक्तपुरको विरोध गर्दै आइरहेको कुरा हामीलाई थाहा छ । आजभोलि सामाजिक सञ्जालका वालहरूमा बकवास तर्कहरू राखेर नेमकिपाको विरोध गर्दै छन् । जो सुन्दै र हेर्दै आक्रोश पैदा हुन्छ ।

कवितामा उद्धृत एक कवितांश-

‘भक्तपुरको खोइरो खन्न छोडेको दिन
मैले रोजगारी पाउने छैन
नभुक्ने कुकुरलाई
के मालिकले पाल्ने मूर्खता गर्ला ?
.....
भक्तपुरेहरूले राम्रो गर्लान् भनी
यसकारण सराप मात्र दिन्छु
किनभने
सराप्नु पनि एउटा पेसा
प्रशंसाको निम्ति मैले
महिनावारी पाएको होइन ।’

सटिक जवाफ हो भक्तपुर र नेमकिपाको विरोध गर्ने पेसा अपनाएकाहरूलाई यो कविता । वर्गशत्रुहरू नेमकिपा तथा कामदारवर्गका जनता माथि उठेको चाहँदैनन् । तिनीहरू आफ्नो सत्ता टिकाउनका लागि यस्ता बकम्फुसे कुकुरहरू पाल्नमा अभ्यस्त हुन्छन् र विरोध गरिरहन्छन् । तर यसबारे हामी पाठक सचेत हुन जरूरी छ ।

नेपालमा अहिले पनि छाउपडी प्रथा, दाइजो प्रथा, धर्म र अन्धविश्वासको नाउँमा बोक्सीको आरोप लगाउने जस्ता विकृति विसङ्गति व्याप्त छ । आजको आधुनिक तथा वैज्ञानिक युगमा पनि बोक्सीको आरोपमा कुटपिट तथा हत्या भइरहेको छ । यसको दोषी को हो ? किन आज पनि गरीब तथा दलित महिलाहरू पीडित छन् । सरकारमा गएका शासक दलका महिला नेतृहरूले यसको विषयमा सोच्नुपर्ने हो तर तिनीहरू पुँजीवादी न परे । धेरै उच्च पदमा पुगे पनि धार्मिक अन्धविश्वासको विरोध गर्न सकिरहेका छैनन् । महिला मुक्तिको नाममा विदेशी पैसा असुल्ने र आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्ने पुँजीवादी चरित्रका कारण आज पनि सयौं महिलाहरू बोक्सीको आरोपमा ज्यान गुमाइरहेका छन् । यसको विरोध गर्न ‘१० वर्षे बालकको बयान’ कविताले आग्रह गर्दछ ।

‘केही अनुभवहरू’ शीर्षक कवितामा एक अभिभावकले जीवनको विभिन्न चरणमा गर्नुपर्ने कामकुराबारे व्यक्त गरिएको छ । जीवनमा सधैँ राम्रो विचार आफूले सिक्ने र सिकाउने गर्न आवश्यक भएको कविताले बताउँछ । कवितामा ज्ञान, आदर्श, बानी, व्यवहार जीवनमा लागू गर्न भनिएको छ । जुन यसप्रकार व्यक्त छ-

‘छोरी, अरूको मात्रै लिने होइन
दिने पनि बानी बसाल
सहयोग गर्नेप्रति कृतघ्न नहुनू ।
छोरी, तिमी मगन्ते नहोऊ
तिम्रो बानी बिग्रन्छ
मुलुक बिग्रेजस्तै
तिमी आफ्नो खुट्टामा उभिऊ
छोरी, अरूको भर नपर
अरूको अगाडि लाज लाग्ने
काम नगर छोरी
अब तिमी ठुली भयौ ।’

‘नेमकिपाले लडाइँको मैदान छोड्दैन’ शीर्षकको कविताले कार्यकर्ता हौस्याउँछ । नेमकिपालाई हराउन शत्रुहरूले धेरै प्रयास गरे । नेमकिपाको जाज्वल्यमान दीप निभाउन प्रयास गरे । तर, नेमकिपाले संसद, सदन र सडकमा एक्लै भए पनि लडिरहेको इतिहास साक्षी छ । सभामुख महोदयलाई सम्बोधन गर्दै लेखेको यो कविताले समाजवाद स्थापनाको लागि नेमकिपा लडिरहन्छ भन्ने सन्देश दिन्छ ।

‘निर्भयसाथ नेमकिपा लड्नेछ
भित्र र बाहिर सदनको
आफ्नो कर्तव्य पूरा गर्नेछ
पद र पैसाको निम्ति होइन
जनताको विश्वासलाई शिरोपर गर्दै
धरती र आकाशलाई साक्षी राखी
नेमकिपा एक्लै अघि बढ्छ, एक्लै
.....
हरेक रात आकाशमा
तारा चम्केजस्तै
नेमकिपा चम्कनेछ
नेमकिपाले लडाइँको मैदान छोड्दैन ।’

साँच्चै भन्ने हो भने अहिले हो-हल्लाको राजनीति छ । सिद्धान्त र विचार त परको कुरा, वैचारिक छलफलसम्म हुँदैन । अहिलेको यो स्थिति सिर्जना हुनुका पछाडि पहिलेका ठुला दल भनिएका शासक पार्टीहरू नै दोषी हुन् । पद र पैसा, दलीय स्वार्थको लागि राजनीतिको प्रयोग भयो । देश र जनताको सेवाभन्दा पनि उनीहरुले राजनीतिलाई पेसाको रूपमा अँगाले । तिनीहरू सिद्धान्तमा अडिग हुन सकेनन् । यद्यपि ‘सदन र सडक’ कवितामा कवि आफ्नो गुनासो पोख्नुहुन्छ-

‘हामीले आफ्नै सिद्धान्त छोड्यौं
हामीले सिद्धान्तका पुस्तकमा
ह्वारह्वार्ती आगो लगायौं,
पद र पैसामा लोभिएर
हामीले आफ्ना सबै
आदर्शहरू चटक्कै बिर्सियौं ।’

‘ठुलो देशले काँध चढाएको भए’ कविता सटिक छ । ‘मेरो मृत्यु पर्खने साथीलाई’ कविताले प्रजातन्त्रमा सँगै लडेका साथीहरू प्रजातन्त्र पुनर्स्थापनापछि वैचारिक मतभेदका कारण अलग हुन परेको र सँगै हिँडेको साथीले आफ्नो अवसान पर्खिरहेको विषयलाई जोड्न खोजेको देखिन्छ ।

कवितासङ्ग्रहको शीर्षक कविता ‘ए मेरा रातहरू’ विछोड, दु:ख, धैर्य, प्रकृति, साहस, सपना, भविष्य, लक्ष्य, जीवनबारेको गहिरो अर्थ दिने कविता हो । सुरूका कवितांशले भावविह्वल त बनाउँछ नै । आफ्नो प्रिय मान्छेको विछोडका कारण रात अनिँदो बितेको र दु:खका पल सँगालेर धैर्यका साथ आफूलाई सम्हाल्दै आफ्नो कर्तव्यप्रति उत्साह जगाउन गरेको प्रयत्न कवितामा प्रस्तुत छ । यी कविताका हरफहरूले शोभा मिसको सम्झना पुन: दिलायो ।

‘ए रात,
मैले मेरी मायालुलाई
छाँगा र छहरामा देखें
बग्दै गएको खोला नालामा
छमछम गर्दै बगेको सुनें,
सायद तिनी मलाई खोज्दै थिइन् ।
ए रात, मेरी मायालुलाई
कहाँ लुकायौ, ए मेरो रात ।
२
ए रात, तिमीले दु:ख दियौ मलाई,
तिमी अँध्यारोमा लुक्यौ
मेरा आँखामा निन्द्रा बनी
सतायौ, अनि तिमी
सपना बनी हर रात आयौ ।
मेरो सपनालाई तिमीले चुँडाइ लग्यौ
मेरो कल्पनालाई छेक्यौ,
ए रात, तिमी निर्दयी नबन ।

ए रात,
तिमीले मलाई रूवायौ
मेरी प्रियालाई लुकाएर
तर त्यो दिन आउनेछ, एकदिन
.....
आँखै शीतल हुने, मनमा
रसिला भावहरू पलाउने
कृत्रिम प्रकाश स्वत:
छरिनेछ यो भूमण्डलमा ।

भविष्यमा योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, उत्पादनका साधनहरू राष्ट्रियकरण, वर्गविहीन तथा आदर्श समाज जहाँ सबै मानिस समान हुन्छन् । वर्गविहीन समाजमा नाफाको निम्ति हानथाप हुनेछैन । त्यो समाज जहाँ बेरोजगार र गरिबीका कारण मृत्युवरण गर्ने छैन । समाजमा बहने आँसु हर्षको आँसु मात्र हुनेछ भन्ने आशासहित विकाररहित समाजको कल्पना यस कवितामा पाउन सक्छौं ।

कविताको अन्त्यमा कवि भन्नुहुन्छ-

‘ए रात
तिम्रो अन्त्यसँगै
नयाँ युग सुरु हुनेछ ।
ती चराहरूले सोध्नेछन्
मेरा आँसुहरूबारे ।

म भन्नेछु
मेरा ती दु:खका दिन र
रातका आँसुहरू
नयाँ युगका अभिनेता र
कलाकारहरूको आँखामा
सबैले देख्नेछन् ।

'गाजाका चिहान खन्नेहरू' - २

✍ अल्फ्रेड डि जायास

सामान्य बुझाइ

पुस्तक पढ्दै जाँदा म बारम्बार फिङ्केल्स्टीनको विवरणमा सहमत हुनुपऱ्यो । जस्तो, संयुक्त राष्ट्रसङ्घको सचिवालय, महासभा, सुरक्षा परिषद् र अन्य निकायहरू सिकिस्त भएको उनको दाबीमा म सहमत नभइरहन सकिन । राष्ट्रसङ्घमा मेरो आफ्नै अनुभव छ । त्यसको आधारमा म भन्न सक्छु, "राष्ट्रसङ्घले गर्ने छानबिनहरूमा राजनीतिक हस्तक्षेपलाई बेवास्ता गर्न सम्भव छैन । जुन गुट जति सत्तानिकट हुन्छ, त्यति नै सत्यबाट टाढा हुन्छ । यसैगरी जुन गुट सत्ताबाट जति टाढा हुन्छ, ऊ त्यति नै स्वतन्त्र हुन्छ र उति नै सत्यको पक्षमा उभिन सक्छ ।" (पेज ८९)


राष्ट्रसङ्घको सचिवालयले कानुनी क्षेत्राधिकारबाहिर गएर शक्तिको दुरूपयोग गर्दै आएको छ । यस्तो देख्दा चिन्ता लाग्छ, क्षुब्ध हुन्छु । राष्ट्रसङ्घको स्वतन्त्र विज्ञको रूपमा मसँग सचिवालयले मेरा प्रतिवेदनहरूलाई काँटछाँट गर्न, महत्त्वहीन देखाउन र मैले के लेख्नुपर्छ भनी निर्देशन दिन खोजेको अनुभव छ । ती प्रयासलाई मैले अस्वीकार गरेँ र तिनलाई आफ्नो पुस्तक 'मानवअधिकार उद्योग' मा समावेश गरेँ ।

निश्चय नै राष्ट्रसङ्घलाई पश्चिमा देशहरूले हतियार बनाएका छन् । ढिलोचाँडो विश्वका बहुसङ्ख्यक देशले राष्ट्रसङ्घलाई उपनिवेशवादको चङ्गुलबाट बाहिर निकाल्ने नै छन् । राष्ट्रसङ्घका वैचारिक मठाधीशहरूले मैले तयार गरेका दर्जनौँ प्रेस वक्तव्यलाई जारी गर्न अस्वीकार गरेका थिए । त्यसपछि मैले ती वक्तव्यलाई राष्ट्रसङ्घको सचिवालयले सेन्सर लगाएको खुलाएर आफ्नो ब्लगमा प्रसारण गरेँ ।

अफसोस, स्थिति झन् बिजोग छ । जुभेनलले आफ्नो पुस्तक छैटौँ व्यङ्ग्यमा लेखेका थिए - पहरेदारलाई कसले पहरा देला ? (३४७-४८ औँ हरफ) हाम्रा हकअधिकारको रक्षा गर्न स्थापित सङ्घसंस्थाले नै धोका दिए हामीले के गर्ने ?

फिङ्केल्स्टीनले बारम्बार अन्तर्राष्ट्रिय न्यायालयको विधानका दफाहरू सम्झाएका छन् । वा भनौँ, सम्झाउनुपरिरहेको छ । जस्तो दफा १९ भन्छ, "यस न्यायालयका सदस्य देशले व्यवहारमा जानुअघि आफ्ना हकअधिकारको निष्पक्ष र इमानदार अभ्यास गर्नेछु भनेर खुला अदालतसामु वचन दिनुपर्नेछ ।" (पेज ९७)

त्यस न्यायालयका केही न्यायाधीशका



गैरजिम्मेवार व्यवहारलाई हेर्दा यो दफामा ध्यान दिन आवश्यक छ । जस्तो, थोमस ब्युरगेन्थल, जर्ज नोल्टे, जुलिया सेबुटिन्डे र जोआन डोनोग्यूले यस्तो व्यवहार देखाएका थिए । जर्मन न्यायाधीशको बौद्धिक बेइमानी प्रस्ट छ । आफ्नो फरक मत राख्न उनले तर्कबाजी गरे । उनको तर्कबाजी जतिसुकै कलात्मक भए पनि त्यसले न्यायालयको मानमर्दन नै गरेको छ ।


फिङ्केल्स्टीनको पुस्तक 'गाजाका चिहान खन्नेहरू' लाई शानदार मात्र भन्नु विषयको गम्भीरतालाई घटाउनुहुनेछ । तथ्यहरू एकदम प्रभावशाली छन् । अनुसन्धान विधि गहन छ । स्रोतहरू भरपर्दा छन् । विश्लेषण चोटिलो छ । तर्कहरू अकाट्य छन् ।

पुस्तक पढ्दै जाँदा बेलाबेला मैले बिसाउनुपऱ्यो । किनभने, तथ्यहरूले मर्माहत बनाउँछन् । व्यथित पार्छन् । मनभरि आक्रोश पलायो । हाम्रा नेताहरूको पाखण्ड देखेर थकथकी लाग्यो । कम्तीमा सूचना युद्ध भए पनि जित्नैपर्छ भन्ने दृढ विश्वास उत्पन्न भयो ।

जातिसंहारलाई सामान्य बनाइँदै छ । यसलाई हामी मान्न तयार छैनौँ । तैपनि, एउटा दुस्वप्नलोकजस्तो जातिसंहार जारी छ । राजनीतिज्ञ, पत्रकार र प्राज्ञहरूले सबैभन्दा जघन्य अपराधहरू ढाकछोप गर्न अनेक तामझाम गर्दै छन् । उनीहरूको सुनपानी-छर्काइलाई हामीले अस्वीकार गर्नुपर्छ । उनीहरूको यो व्यवहार विश्वासघाती छ । उनीहरूले हाम्रा मूल्यमान्यता, अमेरिकाको संविधान, मानवअधिकारको विश्वव्यापी घोषणाप्रति विश्वासघात गरेका छन् ।

हाम्रै देखादेखी इजरायल, अमेरिका, युरोपेली युनियन लगायत देशले राष्ट्रसङ्घीय बडापत्रको खुला उल्लङ्घन गर्दै छन् । अन्तर्राष्ट्रिय कानुन र नैतिकता, नागरिक एवम् राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौता तथा मानव अधिकारसम्बन्धी युरोपेली महासन्धिहरूविरुद्ध तिनले विद्रोह गर्दै छन् । सारमा, तिनले सभ्यताविरुद्ध खुला विद्रोह गर्दै छन् ।

'गाजाका चिहान खन्नेहरू' अत्यन्त महत्त्वपूर्ण छ । यसमा गहिरो सुझबुझ छ । यसले व्यापक प्रभाव पार्न सक्छ । कुनै एक समीक्षकले यसलाई न्याय गर्न सक्दैन । सूचनाको दायरा बृहत् छ । तालिकाहरू पूर्ण छन् । स्रोतहरू व्यापक छन् ।



सयौँ फुटनोट छन् । फुटनोट कति विस्तृत छन् भने थप टिप्पणीका साथ पुस्तकलाई बारम्बार पढ्न आवश्यक छ ।

शैलीको कुरा गरौँ । फिङ्केल्स्टीनको भाषा सिसाजस्तो साफ र विद्वत् छ । मर्ममा हान्नुपर्ने बेला उनी ल्याटिन र फ्रान्सेली भाषाका चोटिला शब्द र वाक्यांश पनि प्रयोग गर्छन् । यसमा उनी हच्किन्नन् ।


गोया, पिकासो, मलक माटरलगायत कलाकारका प्रसिद्ध कृति समावेश गरेर लेखकले पुस्तकलाई समृद्ध पारेका छन् । यी कलाकृति व्यर्थै राखिएका होइनन् । तिनले पुस्तकमा अभिव्यक्त विचारलाई दृश्य रूप दिएका छन् ।

लेखकले यो त्रासदीमा संलग्न नाटकीय पात्रहरूको तस्बिर पनि राखेका छन् । आफ्नो पेशागत धर्म त्याग्ने र न्यायलाई अवरुद्ध पार्ने प्रमिला प्याटन, शेरिल सान्डबर्ग, जुलिया सेबुटिन्डे, जोआन डोनोग्यू र फातौ बेनसोउदाजस्ता व्यक्तिको फोटो छ ।

यो समीक्षामा मैले लेखकका २० भनाइ उद्धृत गरेँ । यी भनाइ खासगरी उच्चपदस्थहरूमा देखिएको भ्रष्टाचार, करियरप्रेम र दब्बु प्रवृत्तिको पीडादायी विश्लेषणबाट लिइएका हुन् । यी उद्धरण समावेश गर्ने मेरो लोभले गर्दा समीक्षा अलि लम्बिन पुगेको छ ।

निष्कर्ष : 'गाजाका चिहान खन्नेहरू' अन्तर्राष्ट्रिय फौजदारी अदालत (ICC) र अन्तर्राष्ट्रिय न्यायालय (ICJ) का सबै न्यायाधीशले पढ्नैपर्ने पुस्तक हो । यसलाई अमेरिका, क्यानडा, बेलायत र युरोपेली युनियनका सबै राजनीतिज्ञले पढ्नुपर्छ । खासगरी जातिसंहारमा भागिदार सबैले यसलाई पढ्नुपर्छ । मुटुमा मानवीय स्वाभिमान भएका सबैले एकपल्ट यो पुस्तक पढ्नुपर्छ ।

एक दिन यसको हिसाब-किताब जरुर हुनेछ । प्यालेस्टिनका पीडितहरू क्षतिपूर्तिका हकदार



छन् । उनीहरूलाई घर फर्किने हक छ । हामीलाई थाहा छ, एक हिसाबले होलोकस्ट (नाजी नरसंहार) लाई मान्यता दिँदै इजरायललाई राष्ट्रसङ्घको सदस्य बनाइएको थियो । प्यालेस्टिनलाई पनि राष्ट्रसङ्घको सदस्य बन्ने समान अधिकार छ । मलाई विश्वास छ, इजरायलभन्दा फरक प्यालेस्टिन राष्ट्रसङ्घीय बडापत्रमा उल्लेख उद्देश्य र सिद्धान्तप्रति इमानदार रहनेछ र उसले छिमेकीहरूविरुद्ध युद्ध गर्नेछैन ।

फिङ्केल्स्टीन होलोकस्टपीडतका छोरा हुन् । उनका बुबा औस्वीज यातनागृहमा थिए । उनकी आमा लुब्लिन/माज्दानेकमा थिइन् । आफूले केको बारेमा कुरा गर्दै छु भन्ने राम्रै हेक्का छ उनलाई । गाजामा भएको नरसंहारपछि प्यालेस्टिनीहरूलाई आफ्नै राज्यको अधिकार छ; उनीहरूले आत्मनिर्णयको अधिकार पाउनुपर्छ । यो जरुरी मात्र छैन । यही न्याय पनि हो ।

(लेखक अमेरिकी र स्वीस नागरिक हुन् । हाल उनी स्वीजरल्यान्डको जेनिभा सहरमा बस्छन् । उनी जेनिभा स्कुल अफ डिप्लोमेसीमा कानुनका प्रोफेसर हुन् । अघि उनी राष्ट्रसङ्घको मानवअधिकार उच्च आयुक्त कार्यालयमा वरिष्ठ अधिवक्ताको रूपमा कार्यरत थिए । उनी राष्ट्रसङ्घका पूर्वविज्ञ (सन् २०१२-१८) पनि हुन् । उनले एक दर्जन पुस्तक प्रकाशित गरेका छन् । तीमध्ये 'न्यायपूर्ण विश्व व्यवस्थाको निर्माण' को विश्वचर्चित पुस्तक हो ।)

स्रोत : कोभर्ट एक्सन म्यागेजिन । सम्यक

ग्लोबल टाइम्स सम्पादकीय

भारतको 'विजय कथा' ले चीन-भारत सीमामा पर्खाल मात्र ठड्याउने छ

केही स्थानको नाम परिवर्तन गरेर, केही मिडिया दुष्प्रचार सिर्जना गरेर, भारतले कडा अडान प्रस्तुत गरेको छ र आफ्नो क्षेत्रीय दाबीहरू जमिनमा साकार भएको भ्रम सिर्जना गरिरहेको छ । यस्तो छद्म षडयन्त्र वास्तविक लाभको अभावमा मनोवैज्ञानिक विजयबाहेक अरू केही होइन - भारतमा केहीले अँगालेको आत्म-भ्रामक "विजय कथा" को अभिव्यक्ति, जुन अब चीन-भारत सीमा मुद्दामा प्रक्षेपित गरिएको छ ।

भारत-चीन सीमा विवादलाई लिएर भारतका केही व्यक्तिहरूले फेरि नक्साको खेल खेलिरहेका छन् । भर्खरै, भारतको गृह मन्त्रालयले तथाकथित "लद्दाख केन्द्रशासित प्रदेश" मा २८ स्थानहरूको "मानक नामहरू" भनेर घोषणा गऱ्यो र तिनीहरूलाई आधिकारिक भारतीय नक्सामा चिन्ह लगाइयो । यीमध्ये केही स्थानहरू चीन-भारत सीमाको पश्चिमी क्षेत्रहरूमा अवस्थित छन् जुन स्थान चीनको वास्तविक नियन्त्रणमा छन् । यस वर्षको अगस्टमा भारतले अवैध रूपमा एकतर्फी रूपमा नाम परिवर्तन गरेको चीनको जाङ्नान, दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रका २७ स्थानहरूसहित, भारतले दुई महिनाको अवधिमा चीन-भारत सीमाका ५५ स्थानहरूमा जबरजस्ती 'भारतीय लेबल' थप्पा लगाएको छ ।

यो रणनीति कुनै नौलो होइन । पहिले एउटा प्रशासनिक घोषणा आउँछ, त्यसपछि आधिकारिक नक्सामा नामहरू प्रविष्टि गरिन्छ र त्यसपछि मिडियामार्फत दोहोऱ्याइएको प्रवर्धन व्यापक दुष्प्रचार गरिन्छ । नियत बुझ्न गाह्रो छैन: भारतलाई आशा छ कि, न्यूनतम लागतमा, तथाकथित "स्थापित तथ्यहरू" को रूपमा आफ्नो एकपक्षीय दावीहरू तयार पार्दै उसले बिस्तारै आफ्नो जनता र अन्तर्राष्ट्रिय समुदायको बिचमा सीमा मुद्दाको धारणालाई आकार दिन सक्छ । केही ठाउँको नाम परिवर्तन गरेर, केही मिडिया दुष्प्रचार सिर्जना गरेर, यसले कडा अडान प्रस्तुत गर्न सक्छ र आफ्नो क्षेत्रीय दाबीहरू जमिनमा साकार भएको भ्रम सिर्जना गर्न सक्छ । यस्तो छद्म षडयन्त्र वास्तविक लाभको अभावमा मनोवैज्ञानिक विजयबाहेक अरू केही होइन - भारतमा केहीले अँगालेको आत्म-भ्रामक "विजय कथा" को अभिव्यक्ति, जुन अब चीन-भारत सीमा मुद्दामा प्रक्षेपित गरिएको छ ।

कुनै ठाउँको नामकरणले प्रत्यक्ष रूपमा क्षेत्रीय सार्वभौमसत्ता सिर्जना गर्न सक्दैन र नक्सा क्षेत्रीय सार्वभौमिकतामा कुनै अन्तिम नियम होइन । सन् २०१९ मा, भारतले एकपक्षीय रूपमा आफ्नो घरेलु कानुनहरू संशोधन गऱ्यो, प्रासङ्गिक संवैधानिक प्रावधानहरू खारेज गऱ्यो र जानाजानी चीन-भारत सीमाको पश्चिमी क्षेत्रको चिनियाँ क्षेत्रलाई आफ्नै प्रशासनिक क्षेत्राधिकारमा समावेश गर्दै तथाकथित "लद्दाखको केन्द्र शासित प्रदेश" सिर्जना गर्ने घोषणा गऱ्यो । त्यसबेला चीनले आफ्नो विरोध स्पष्ट गरेको थियो र त्यसबेलादेखि उसको अडान दृढ र स्थिर रहेको छ । यदि कुनै देशले एकतर्फी रूपमा आफ्नो छिमेकीको भूभागलाई आफ्नो हो भनी घोषणा गर्ने कानुन पारित गर्न सक्छ भने, संसारभरका देशहरूले आफ्ना सीमा विवादहरू वार्ता गर्न आवश्यक पर्दैन । तिनीहरूले नक्सा पुन: कोरेर, सूचना जारी गरेर र आधिकारिक कागजातहरू छापेर डेस्कको पछाडिबाट सबै कुरा मिलाउन सक्थे । तसर्थ, भारतको कार्य अस्वीकार्य छ र यसको कुनै कानुनी प्रभाव छैन ।

सीमाको लद्दाख क्षेत्रको यथास्थिति कुनै कागजको खाली पाना होइन जुन इच्छामा परिवर्तन गर्न सकिन्छ । चीन-भारत सीमाको पश्चिमी क्षेत्र ऐतिहासिक रूपमा चीनको हो र चीनको उत्तरपश्चिम चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्रको अक्साई चीन क्षेत्रसहित सम्बन्धित क्षेत्रहरूमा सार्वभौमसत्ता छ र यसको दाबीको लागि पर्याप्त ऐतिहासिक र कानुनी आधारहरू छन् । भारतको दाबी औपनिवेशिक युगबाट विरासतमा प्राप्त अवैध सीमा सीमाङ्कनबाट उत्पन्न भएको हो, जसलाई चिनियाँ सरकारहरूले कहिल्यै मान्यता दिएनन् । यही कारणले गर्दा सार्वभौमसत्ताको दाबी गर्न र नक्सामा आफ्नो दावी विस्तार गर्नको लागि विशुद्ध रूपमा डिजाइन गरिएको भारतको ठाउँ-नामकरणको चाल, जाङ्नानमा स्थानको नामको चीनको कानुनी मानकीकरणभन्दा मौलिक रूपमा भिन्न छ । भारतले नाम दिएपछि मात्रै चिनियाँ भूभाग भारतीय हुनेछैन । यस्तो इच्छापूर्ण सोचले चीन-भारत सीमा समस्यालाई उचित रूपमा समाधान गर्न कुनै मद्दत गर्दैन । सीमा विवादले दुई देशबिचको समग्र सम्बन्धमा असर पारेको छ र नयाँ दिल्लीले पनि सीमा क्षेत्रको अवस्थाको बारेमा बारम्बार बोल्छ । यस वर्षको सेप्टेम्बरमा जब भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चिनियाँ राष्ट्रपति सी चिन फिङसँग भेट गरे, उनले दुई देशलाई संयुक्त रूपमा सीमा क्षेत्रमा शान्ति र शान्तिको रक्षा गर्न आह्वान गरे । यसअघि चीनका लागि भारतीय राजदूत विक्रम दोराईस्वामीले ग्लोबल टाइम्समा लेखेका थिए कि चीन-भारत सीमामा शान्ति र शान्तिले दुई पक्षबिच साझेदारी र सहयोगलाई प्रवर्द्धन गर्न मद्दत गर्नेछ । यदि वास्तवमै त्यस्तो हो भने, भारतले तनाव भड्काउनुको सट्टा यस प्रकारका मुद्दाहरूमा बढी संयम अपनाउनुपर्छ । केही भारतीय राजनीतिज्ञहरू अहिले आन्तरिक समस्याबाट ध्यानाकर्षण गराउन र राष्ट्रवादी भावनामा खलल पुऱ्याउन सीमा विवादलाई लिएर राजनीतिक कार्यक्रम गर्न तत्पर छन् । यस्तो व्यवहारले दुईबिचको पारस्परिक विश्वासलाई मात्र नष्ट गर्नेछ, विवाद समाधान गर्न केही गर्दैन र चीन-भारत सम्बन्ध सुधारमा नयाँ बाधाहरू खडा गर्नेछ । अन्ततः यसको नकारात्मक परिणाम पनि भारतले नै बेहोर्नेछ ।

वर्षौंदेखि, चीन र भारतले सीमा विवादमा आफ्ना विशेष प्रतिनिधिहरू बिचको बैठक, मतभेदहरू व्यवस्थापन गर्न र वार्ता अघि बढाउने निरन्तर प्रयासहरू जस्ता च्यानलहरूमार्फत सञ्चार कायम गर्दै आएका छन् ।

सीमावर्ती क्षेत्रहरूमा कडा मेहनतले जितेको शान्ति र शान्ति संयुक्त रूपमा सुरक्षित गर्न योग्य छ । चीन र भारत महत्त्वपूर्ण छिमेकी, प्रमुख विकासशील देशहरू र उदीयमान अर्थतन्त्रका प्रतिनिधि हुन् । तिनीहरूको सम्बन्ध द्विपक्षीय क्षेत्रभन्दा बाहिर फैलिएको छ र विश्वव्यापी र रणनीतिक महत्त्व बोकेको छ । संयुक्त राष्ट्र सङ्घ, ब्रिक्स, साङ्घाई सहयोग सङ्गठन र जी-२० लगायत बहुपक्षीय ढाँचाभित्र दुई देशहरूबिचको बृहत्तर सहयोग विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न र अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायलाई कायम राख्न महत्त्वपूर्ण छ । भारतले चीनसँग सोही दिशामा काम गर्नुपर्छ र द्विपक्षीय सम्बन्धलाई रणनीतिक दृष्टिकोण र दीर्घकालीन दृष्टिकोणका साथ अगाडि बढाउनुपर्छ र आपसी सम्मान र समझदारीको राजनीतिक बुद्धि प्रयोग गरी अशान्तिहरू हटाउनुपर्छ ।

भारतसँगको सम्बन्ध सुधार र विकास गर्ने चीनको प्रतिबद्धता अपरिवर्तित छ । हामी भारतलाई द्विपक्षीय सम्बन्धको बृहत्तर हितमा काम गर्न, सीमाको मुद्दामा शब्द र कार्य दुवैमा विवेक प्रयोग गर्न र दुई देशका नेताहरूबिच भएको महत्त्वपूर्ण समझदारीलाई पालना गर्न आग्रह गर्दछौँ । भारतले दुई पक्षबिच भएका सान्दर्भिक सम्झौताहरूलाई कडाइका साथ सम्मान गर्दै सीमा विवादलाई थप जटिल बनाउने कार्यहरू गर्नुको सट्टा द्विपक्षीय सम्बन्ध सुधार र विकासका लागि अनुकूल वातावरण सिर्जना गर्न ठोस कदम चाल्नुपर्छ । यथास्थितिलाई परिवर्तन गर्ने कुनै पनि एकपक्षीय कदमले चीनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने दृढ सङ्कल्पलाई डगमगाउन सक्दैन, न त इतिहासले लामो समयदेखि स्थापित वस्तुगत तथ्य र वास्तविकतालाई परिवर्तन गर्न सक्छ ।

अनुवाद : प्रकाश


खनिजमा धनी हुनुको पीडा

● प्रभात पटनायक

विश्वमा पुँजीवादी व्यवस्थाको रजाइँ छ । यस्तो स्थितिमा दक्षिण गोलार्द्धका कुनै देश वा भूभाग खनिजमा धनी छ भने त्यहाँका जनताले ठुलै सास्ती व्यहोर्नुपर्ने हुन्छ । विडम्बना, उत्तरी गोलार्द्धका देशमा पुँजीवादको किल्ला छ । इतिहास हेर्दा तिनीहरू खनिज सम्पदामा बाँकी विश्वभन्दा दरिद्र थिए । औद्योगिक पुँजीवादको जन्म भएको बेलायत हेर्दौं वा एसियाबाट उत्तरी गोलार्द्धको प्रतिनिधित्व गर्ने एकमात्र देश जापानलाई हेर्दौं । दुवै खनिज स्रोतमा गरिब थिए । अत्यावश्यक प्राथमिक वस्तुको भोक नै साम्राज्यवादलाई दिशा दिने शक्तिशाली चालक हो । खासगरी उत्तरको 'समृद्धि' कायम गर्न खनिज नभई नहुने प्राथमिक वस्तु हो ।

दक्षिणी गोलार्द्धको कुनै देशमा व्यवसायिक प्रयोगमा आउन सक्ने कुनै खनिज भेटियो भने उत्तरी गोलार्द्धका बहुराष्ट्रिय कम्पनीहरूले आँखा गाडिहाल्छन् । उनीहरू त्यो खनिज उत्खनन गर्न तुरुन्तै त्यो देशमा पुग्छन् । यस्तो उत्खननले गर्दा त्यो देशको कुल गार्हस्थ उत्पादन हवात्तै बढ्छन् । केही समयलाई जीडीपी उच्च देखिन्छ । त्यसलाई निर्यातमुखी अर्थतन्त्र कसरी फस्टाउँछ भनेर जल्दोबल्दो उदाहरणको रूपमा साम्राज्यवादी सङ्घसंस्थाले सारा विश्वसामु धुमधाम प्रचार गर्छन् । तर, त्यो देशमा त्यति धेरै रोजगारी पैदा हुँदैन । खनिजकै क्षेत्रमा पनि उति रोजगारी थपिन्न । उल्टो त्यो देश उद्योगविहीनतातर्फ धकेलिन्छ । जगेडा श्रमको आकार बढ्छ । त्यसको तुलनामा रोजगारी धेरै सानो हुन्छ । अझ अर्को कुरा के भने जहाँ यी खनिज भेटिन्छन्, प्रायः ती इलाकामा मानिसहरूको बसोबास हुन्छ । खासगरी आदिवासीहरूको बसोबास हुन्छ । यसले गर्दा ठुलो सङ्ख्यामा उनीहरूले आफ्नो जायजेथा गुमाउन पुग्छन्; उनीहरू विस्थापित हुन्छन् । बहुराष्ट्रिय कम्पनीहरूले पैदा गर्ने खनिज धनको ठुलो हिस्सा बिदेसिन्छ । त्यसैले खनिज उत्खननबाट अर्थतन्त्रका अन्य क्षेत्रको विकासमा हुने सहायक प्रभाव सीमित हुन्छ । खनिजलाई अन्य देशमा निर्यात गर्नका लागि चाहिने पूर्वाधारबाहेक अर्थोकको विकास हुन्न । त्यसैले यस्तो खनिज उत्खननबाट देशका आम जनता बिरलै लाभान्वित हुन्छन् ।

अन्त्यमा त्यो दिन आउँछ, जब त्यो खनिज सम्पदा रित्तिन्छ । खुब बढाइचढाइ गरिएको 'विकास' को पटाक्षेप हुन्छ । देश फेरि जस्ताको तस्तै हुन्छ । तर, यसपालि दृश्य अलि फरक हुन्छ । उसको खनिज सम्पदा खाली भइसकेको हुन्छ । खनिज धन निर्यात गर्नका लागि निर्माण गरिएका पूर्वाधारहरूको मर्मत-सम्भार गर्न हम्मेहम्मे पर्न जान्छ । यसरी ती पूर्वाधारमा खिया लाग्न थाल्छ । यसरी त्यो देशका जनता उत्खनन गरिएको आफ्नै देशको खनिज धनबाट लाभान्वित हुँदैनन् । बरु, उनीहरूले आफ्नै धन



गुमाउन पुग्छन् । छोटकरीमा भन्दा, यसरी जनता लुटिन्छन् ।

कतिपय मानिसले यस परिघटनालाई 'सम्पदाको श्राप' भन्ने गर्छन् । यो भनाइ सही होइन । किनभने, यसले एउटा घटनाको सामाजिक प्रकृतिलाई ढाक्छोप गरेर मूल कारणबाट ध्यान मोड्छ । यसको उदाहरण खोज्न टाढा जानुपर्दैन । हाम्रो छिमेकी देश बर्मा (म्यानमार) एउटा गजब उदाहरण हो । बर्मा बहुमूल्य धातुमा धनी थियो । तेलमा पनि उत्तिकै सम्पन्न थियो । १९ औँ शताब्दीको आधाआधीतिर त्यसले तेल निर्यात गर्न थाल्यो । बेलायती कम्पनी 'बर्माः आयल' र अमेरिकी कम्पनी 'स्ट्यान्डर्ड आयल' ले दनादन मिलेर तेल उत्खनन गरे । उत्खनन यति तीव्र थियो कि सन् १९४८ मा बर्मा स्वतन्त्र हुँदासम्म बर्माको तेल सम्पदा लगभग रित्तिइसकेको थियो । आज बर्माले हालै पत्ता लागेको ग्यास निर्यात गर्छ । तर, आफूलाई वैदेशिक लगानीको सबैभन्दा तुच्छ रूप भन्छन् । तिनीहरूले उत्पादनको क्षेत्रमा लगानी गरे कम्तीमा त्यो देशमा केही विकास निर्माण हुन्छ । तर, खनिज क्षेत्रमा लगानी गर्दा तिनले देशको नवीकरण गर्न नमिल्ने स्रोतसम्पदा लगेर जान्छन् । यसको लागि उनीहरूले टिकाउ पूर्वाधार निर्माण गर्नुपर्दैन । त्यसैले सम्पदा रित्तिँदासम्म देश झन् तन्नम हुन पुग्छ ।

दक्षिणी गोलार्द्धका धेरै देश राजनीतिक रूपले उपनिवेशवादबाट मुक्त भए । लगत्तै ती देशमा खनिज सम्पदालाई राष्ट्रियकरण गरियो । खनिज उत्खननका लागि सरकारी कम्पनीहरू खोलियो । यो स्वाभाविक पनि थियो । सरकारी क्षेत्रको डर देखाएर कतिपय दक्षिणी गोलार्द्धका देशहरूले बहुराष्ट्रिय कम्पनीहरूले खनिज क्षेत्रबाट निकाल्ने आयमा राजस्व बढाएको पनि देखियो । जस्तो, इक्वेडरमा वामपन्थी राफेल कोरेया राष्ट्रपति निर्वाचित भए । लगत्तै उनले साम्राज्यवादी सेनाले सिधै बहुराष्ट्रिय कम्पनीका स्वार्थको रक्षा गर्ने गर्छन् ।

यस्तो ठाडो सैन्य हस्तक्षेपको उदाहरण आज इरान बनेको छ । अमेरिका र इजरायलले इरानमा सत्तापलट गर्नका लागि आक्रमण गरेको खुलेआम बताउँदै छन् । यसको लागि उनीहरूले इरानको समग्र नेतृत्व पङ्क्तिको हत्या गरे । आजको युगमा बर्बरताको पराकाष्ठा हो यो । सत्तापलट गर्नका लागि आक्रमण गरिएको भए पनि यसका धेरै लक्ष्य थिए । पहिलो, इरानको तेलमा अमेरिकी कम्पनीहरूको हातमा ल्याउनु यसको आर्थिक लक्ष्य थियो । यो लक्ष्य डोनाल्ड ट्रम्पले कहिल्यै लुकाएनन् । सन् १९५१ मा इरानका जननिर्वाचित प्रधानमन्त्री मोहम्मद मोस्सादेगले इरानको तेल सम्पदा राष्ट्रियकरण गरेका थिए । त्यही भएर सन् १९५३ मा बेलायती र अमेरिकी गुप्तचरहरूले सत्ताविद्रोहमार्फत मोस्सादेगको सरकार

खनिज क्षेत्रबाट आउने राजस्व बढाए । खासगरी तेल क्षेत्रबाट उनले भारी राजस्व उठाएका थिए ।

खनिज सम्पदालाई राष्ट्रियकरण गर्दा देश बहुराष्ट्रिय कम्पनीहरूको षड्यन्त्रको सिकार हुने सम्भावना बढेर जान्छ । राष्ट्रियकरणको नीति लिने सरकारलाई सत्ताच्युत गर्ने चलखेल बढ्छ । सत्तापलटको प्रयास विफल हुँदा साम्राज्यवादी शक्तिले सिधै सैन्य हस्तक्षेप गरेका धेरै उदाहरण छन् । यसरी साम्राज्यवादी सेनाले सिधै बहुराष्ट्रिय कम्पनीका स्वार्थको रक्षा गर्ने गर्छन् ।

यसैबिच, रुस-युक्रेन द्वन्द्व र वासिङ्टन र कीभबिचको कूटनीतिक तनाव बढेको छ । युक्रेनले राष्ट्रपतीय निर्वाचनका लागि ६० दिनको युद्धविरामको प्रस्ताव गरेको छ भने रुसले चुनावको दिनमात्रै एक दिनको युद्धविराम गर्न सहमति जनाएको छ । युक्रेनी चुनावलाई लिएर वाशिङटन र किभबिच पनि विवाद भएको छ ।

रूस-युक्रेन द्वन्द्वको दुष्परिणामस्वरूप उत्पन्न जोखिमहरू समावेश गर्ने आवश्यकतालाई पनि ध्यानमा राख्दै रूससँगको डिजेल आपूर्ति सम्झौताको लागि अमेरिकी सरकारको दबाब मुख्यतया मध्यावधि चुनाव अघि रिपब्लिकन हितहरू पूरा गर्नको लागि हो । यो एक अस्थायी कूटनीतिक चाल हो र रूस-युक्रेन शान्ति वार्तामा यसको प्रभाव हेर्न बाँकी छ ।

धेरै देश र इलाकाका खनिज सम्पदामाथि नियन्त्रण जमाए । भारत त्यसको एउटा उदाहरण हो । उपनिवेशवादविरुद्ध सङ्घर्ष चलिरहँदा देशका तमाम खनिज सम्पदालाई राज्यको नियन्त्रणमा ल्याउने सोचिएको थियो । देश स्वतन्त्र भएपछि त्यससम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा भयो । तर, सन् १९९३ मा देश त्यो नीतिबाट पछि हट्यो । त्यो वर्ष खनिज क्षेत्रलाई बहुराष्ट्रिय कम्पनी र देशको निजी क्षेत्रको हातमा सुम्पिने निर्णय गरियो । पहिले बहुराष्ट्रिय कम्पनीहरूले खनिज क्षेत्रमा ५० प्रतिशत लगानी मात्र गर्न पाउने प्रावधान थियो । सन् २००६ मा त्यसबाट पनि भारत सरकार पछि हट्यो । यो क्षेत्रमा विदेशी कम्पनीहरूले पूर्ण स्वामित्व जमाउन पाउने भए ।

यसले गर्दा भारतमा नृशंस दमन देखापऱ्यो । बहुराष्ट्रिय कम्पनी र देशका निजी कम्पनीहरूले खानी उद्योग चलाउँदै गर्दा आदिवासी जनतालाई तिनका परम्परागत बासस्थलबाट ठुलो सङ्ख्यामा विस्थापित भए । उनीहरूलाई तिनको पुख्यौंली भूमिबाट जबरजस्ती निकालियो । यसका लागि ती कम्पनीले निर्मम तरिका अपनाए । यस्ताखाले घटनामा तथाकथित 'विकास' हासिल गर्न रैथाने जनताले ठुलो मूल्य चुकाउँदै आएका छन् । उनीहरू दरिद्रताको रसातलमा खस्छन् । पुँजीको 'आदिम सञ्चय' भनेको यस्तै हुन्छ ।

आज केन्द्रमा भाजपाको सरकार छ । खनिजमा सम्पन्न ओडिसा राज्यमा पनि भाजपाकै सरकार छ । यो राज्यलाई आज ठुला पुँजीपतिको चङ्गुलमा पारिँदै छ । खानी कम्पनीहरूका कर लगाउन पाउने राज्य सरकारको अधिकारलाई सीमित गर्न हालै नयाँ नियम जारी गरियो । यो नियमका कारण खानीबाट आउने राजस्व केन्द्रीकृत हुनेछ । कुरा यही सीमित हुन्न । त्यसको नाफाजति ठुला कम्पनीको हातमा जानेछ । त्यसैले खानी कम्पनीहरूका कारण विस्थापन र बेदखलीमा परेका जनता आन्दोलनमा उत्रिनु स्वाभाविक हो । वर्गसङ्घर्षको प्रमुख मोर्चा आज यो पनि हो ।

आज नवउदारवादी अर्थनीति मृत्युशय्यामा छ । 'समृद्धि' को सपना बाँडेर हिजो नवउदारवादी अर्थनीतिमा जनसमर्थन जुटाइएको थियो । आज त्यो भ्रामक सपना साबित भएको छ । यससँगै 'आदिम सञ्चय' को प्रक्रियाले अझ पेचिलो रूप लिने पक्का छ । भेनेजुयला र इरानमा साम्राज्यवादले ठाडो आक्रमण गऱ्यो । कतिपय देशमा उसले नवफासीवादी शक्तिलाई सत्तामा ल्याएको छ । 'आदिम सञ्चय' को निकै क्रूर तरिका हो यो । तर, यो तरिका विश्वव्यापी पुँजीको हितमा छ । अबको साम्राज्यवाद सिधै जनतासँग भिड्ने ताकमा छ । पुँजीवादको दियो निभ्दै छ । तर, यति नै बेला उसले नृशंस रूप लिने खतरा पनि छ । यस्तो बेला पुँजीवादविरुद्ध प्रतिकारमा उत्रिने जनताले यो तथ्यलाई ध्यान दिनुपर्छ ।

(लेखक विश्वप्रसिद्ध अर्थविद् तथा राजनीतिक विश्लेषक हुन् । उनका दर्जनौँ पुस्तक प्रकाशित छन् ।)

स्रोत : एमआर अनलाइन । गणेश

वासिङटनले रूसमाथिको प्रतिबन्ध किन खुकुलो बनाइरहेको छ ?

● झाङ होङ

ट्रम्पले गतहप्ता रूसलाई डिजेल आपूर्ति जारी गर्न सम्झौता गरेको घोषणा गरेपछि भर्खरै छ जना रिपब्लिकनसहित एक दर्जन अमेरिकी सिनेटरहरूले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई रुससँगको डिजेल सम्झौता रद्द गर्न आह्वान गरे ।

भर्खरै सम्पन्न भएको US–Russ डिजेल सम्झौताले हालैका वर्षहरूमा रूस तर्फको अमेरिकी नीतिमा उल्लेखनीय परिवर्तनलाई चिन्ह लगाउँछ र यसलाई मस्को विरुद्ध समन्वित पश्चिमी प्रतिबन्धहरूको ढाँचामा व्यापक रूपमा चुनौतीको रूपमा हेरिएको छ । अमेरिकी समायोजनले धेरै रणनीतिक विचारहरू प्रतिबिम्बित गर्दछ, र यो कदमले अन्तर्राष्ट्रिय ऊर्जा मूल्यहरू र रूस-युक्रेन वार्तामा प्रभाव पार्नेछ ।

घरेलु रूपमा अमेरिका-रूस डिजेल सम्झौताको पछाडि मुख्य कारकहरूमध्ये एक मध्यावधि चुनावअघि ट्रम्प प्रशासनले सामना गरिरहेको दबाब हो । चुनाव नजिकिँदै गर्दा बढ्दो डिजेलको मूल्यले घरेलु मुद्रास्फीति बढाएको छ र रिपब्लिकनहरूलाई दबाबमा पारेको छ । भर्खरको मतदान डेटाले देखाउँछ कि रिपब्लिकनहरू जेनेरिक कङ्ग्रेसनल मतपत्रमा आफ्ना डेमोक्रेटिक समकक्षहरूभन्दा ७ प्रतिशत अङ्कले पछाडि छन् ।

रिपब्लिकन चुनावी आधारको मुख्य भाग बन्ने अमेरिकी कृषि राज्यहरूमा, धेरै किसानहरू उच्च ऊर्जा मूल्यहरूबाट गहिरो असन्तुष्ट छन्, जसले पार्टीको समर्थनको स्थिरतालाई कमजोर पार्छ । कृषि राज्यहरू र स्विङ राज्यहरू रिपब्लिकनहरूका लागि भोट खोज्ने मुख्य रणभूमि हुन् र बढ्दो इन्धनको मूल्यमा सार्वजनिक असन्तुष्टिले पार्टीको परम्परागत चुनावी फाइदालाई कमजोर बनाउँदैछ । त्यसकारण यो सम्झौता ट्रम्प प्रशासनले आफ्नो चुनावी सम्भावनालाई बलियो बनाउन र घरेलु मुद्रास्फीतिको दबाब कम गर्नको लागि आपत्कालीन उपाय हो ।

डिजेल सम्झौताले रूस-युक्रेन वार्तामा गतिरोध तोड्न र भूराजनीतिक जोखिमहरू समावेश गर्न मद्दत गर्ने उद्देश्य राखेको छ ।

बाल्टिक सागरमा रसिया र नाटो बिचको गतिरोध बढ्दै गएको छ, जसले आकस्मिक झडपको जोखिम बढाएको छ । संयुक्त राज्य अमेरिकाले प्रमुख शक्तिहरूबिचको प्रत्यक्ष टकरावबाट असुविधाजनक स्थितिमा राख्नबाट बच्ने आशा गर्दछ । मिडिया रिपोर्टहरूले सङ्केत गर्दछ कि अमेरिकी राजदूतहरूले युक्रेनी अधिकारीहरूलाई रूसी डिजेल निर्यातलाई अनुमति दिने सम्झौता "सङ्केत पठाउन," रसियालाई वार्तामा फिर्ता ल्याउन र मस्कोको अडानलाई "नरम" गर्ने बोलीको हिस्सा हो भनेर बताए । यसले सङ्केत गर्छ कि अमेरिकाले ऊर्जा व्यापारलाई मेलमिलापको सङ्केत पठाउन, स्थिति नियन्त्रणबाट बाहिर निस्कने जोखिम कम गर्न र रूस-युक्रेन शान्ति वार्ताको पुनः सुरुको लागि अवस्था सिर्जना गर्न प्रयास गरिरहेको छ ।

यसैबिच, रुस-युक्रेन द्वन्द्व र वासिङ्टन र कीभबिचको कूटनीतिक तनाव बढेको छ । युक्रेनले राष्ट्रपतीय निर्वाचनका लागि ६० दिनको युद्धविरामको प्रस्ताव गरेको छ भने रुसले चुनावको दिनमात्रै एक दिनको युद्धविराम गर्न सहमति जनाएको छ । युक्रेनी चुनावलाई लिएर वाशिङटन र किभबिच पनि विवाद भएको छ ।

रूस-युक्रेन द्वन्द्वको दुष्परिणामस्वरूप उत्पन्न जोखिमहरू समावेश गर्ने आवश्यकतालाई पनि ध्यानमा राख्दै रूससँगको डिजेल आपूर्ति सम्झौताको लागि अमेरिकी सरकारको दबाब मुख्यतया मध्यावधि चुनाव अघि रिपब्लिकन हितहरू पूरा गर्नको लागि हो । यो एक अस्थायी कूटनीतिक चाल हो र रूस-युक्रेन शान्ति वार्तामा यसको प्रभाव हेर्न बाँकी छ ।

सम्झौताले प्रमुख शक्तिहरूबिचको तनावलाई केही हदसम्म कम गर्न र कूटनीतिक मध्यस्थताको लागि कोठा सुरक्षित गर्न सक्ने भए पनि यसको दीर्घकालीन नकारात्मक परिणामहरू अझ स्पष्ट हुन सक्छन् । अमेरिका-रुस डिजेल सम्झौताले अमेरिका-युरोपियन गठबन्धनभित्र विभाजनलाई अझ फराकिलो बनाउन सक्छ । अमेरिकी प्रतिबन्धहरूको आंशिक खुकुलोले रूसमा केही आर्थिक दबाब कम गर्न सक्छ, जबकि युरोपेली देशहरूलाई युक्रेनलाई आफ्नो समर्थन बढाउन प्रेरित गर्दछ ।

एकसाथ लिइयो भने, यी कारकहरूले मस्को-कीभ शान्ति वार्ताको गतिरोधलाई थप जटिल बनाउन सक्छ र लामो र सामान्यीकृत द्वन्द्वतर्फको प्रवृत्तिलाई सुदृढ बनाउन सक्छ ।

यसको मूलमा, यो ऊर्जा सम्झौताले रुस-युक्रेन द्वन्द्वको अन्तर्निहित आधारभूत सुरक्षा मुद्दाहरूको समाधानको सट्टा प्रतिस्पर्धी हितहरूको रणनीतिक आवास प्रतिनिधित्व गर्दछ । जब रणभूमिको स्थिति परिवर्तन हुन्छ, यो कमजोर ऊर्जा सहयोग जुनसुकै बेला अवरुद्ध हुन सक्छ । रुसप्रतिको रणनीतिलाई लिएर पश्चिमाभित्रको विभाजन झन्झन् स्पष्ट हुँदै गइरहेको छ, जसले ट्रान्सएट्लान्टिक गठबन्धनको एकताको लागि नयाँ परीक्षा अगाडि ल्याउँदै छ ।

यस पृष्ठभूमिमा, युरोपले सुरक्षामा आफ्नो रणनीतिक स्वायत्ततालाई सुदृढ गर्न र अमेरिकी रणनीतिक व्यवस्थाहरूमा आफ्नो निर्भरता कम गर्न आफ्नो प्रयासलाई निरन्तरता दिन सक्छ ।

(लेखक चाइनिज एकेडेमी अफ सोसल साइन्सेजको इन्स्टिच्युट अफ रुसी, इस्टर्न युरोपेली र सेन्ट्रल एसियन स्टडीजका रिसर्च फेलो हुनुहुन्छ ।)

-पिपुल्स डेली अनलाइन

अनुवाद : प्रकाश

शिक्षा, स्वास्थ्य : संस्कृति र पूर्वाधारमा भक्तपुर मोडेल



भक्तपुर । भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा असोज ३१ गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दसैँ, तिहार तथा छठ पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, संस्कृति तथा पूर्वाधार विकासको क्षेत्रमा गरिरहेका कामबारे जानकारी दिनुभयो ।

उहाँले देको मिवा आवास योजनाबारे चर्चा गर्दै आयोजना कार्यान्वयनमा ढिलाइ हुँदा जनताले नै समस्या र नोक्सानी बेहोर्नुपर्ने भएकोले विद्यमान समस्या समाधान गर्दै आयोजना छिटो सम्पन्न गर्ने प्रयास भइरहेको बताउनुभयो ।

आयोजनाका सम्बन्धमा स्थानीय जनताका गुनासा र समस्यालाई गम्भीरतापूर्वक लिई सरसल्लाह तथा छलफलका माध्यमबाट समाधान खोजिरहेको उहाँले स्पष्ट पार्नुभयो । जनतालाई अप्ठ्यारो पार्ने गरी कुनै काम नगर्ने उल्लेख गर्दै आवास योजनाको कामलाई संवेदनशीलताका साथ अगाडि बढाइरहेको बताउनुभयो ।

सरकारको तर्फबाट भर्खरै जारी गरिएको भूमिसम्बन्धी ऐन संशोधन गर्ने अध्यादेश २०८३ जारी भएपछि गुठी अधिनस्थ जग्गासम्बन्धी समस्या समाधान गर्न सकिने विश्वास व्यक्त गर्दै प्रमुख प्रजापतिले यस व्यवस्थाले देको मिवा इतापाके आयोजनामा परेका गुठी अधिनस्थ जग्गाहरूमा समेत व्यक्तिसरह समान योगदान कटौती हुने र यसबाट मोही किसानलाई समेत राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले गरिरहेको काम तथा विकासको नमुना अध्ययन गर्न विभिन्न स्थानबाट मानिसहरू आउने गरेको बताउँदै भक्तपुरको विकास मोडेलप्रति धेरैको चासो र आकर्षण रहेको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुरका कलेजहरू गुणस्तर सुनिश्चितता प्रत्यायन (क्युएए) प्राप्तिको चरणमा रहेको जानकारी दिँदै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नगरपालिकाले निरन्तर प्रयास गरिरहेको बताउनुभयो ।

पशु वध तथा मासु बिक्रीसम्बन्धी व्यवस्थाबारे चर्चा गर्दै उहाँले मङ्सिर १ गतेदेखि पशु वधका लागि आवश्यक व्यवस्था गर्नुपर्ने, पशुको जाँच गर्नुपर्ने तथा पशुको छाला बिक्री गर्न नपाइने कानुनी व्यवस्था ल्याइएको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित आदर निकेतनको सञ्चालनबाट प्रभावित भएका विभिन्न व्यक्तिहरूले आर्थिक सहयोग गर्नुभएको प्रसङ्ग उल्लेख गर्दै उहाँले सहयोगी भावना र सामाजिक उत्तरदायित्वका साथ सहयोग गर्ने सबैप्रति नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले दसैँ, तिहार तथा छठजस्ता चाडपर्वलाई सामाजिक सद्भाव कायम गर्ने अवसरको रूपमा मनाउनुपर्ने बताउनुभयो । उहाँले समाजको सामाजिक तथा आर्थिक अवस्थाअनुसार चाडपर्व मनाउन आग्रह गर्दै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको उल्लेख गर्नुभयो । नगरपालिकाले नगरवासीको हितलाई ध्यानमा राखेर विद्यालय, अस्पताल तथा आवास योजनाजस्ता कार्यक्रम सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी नगर समिति भक्तपुरका उपाध्यक्ष लक्ष्मीभक्त लासिवाले सामुदायिक भावनाबाट प्रेरित भई स्थापना भएका संस्थाहरूले समाजकै हितमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल मजदुर किसान पार्टी नगर समितिका प्रतिनिधि गंगाराम ज्याख्वले पार्टीले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध गर्दै आएको उल्लेख गर्दै विश्वका न्यायप्रेमी जनताको पक्षमा आवाज उठाउँदै आएको बताउनुभयो ।

स्थानीय समाजसेवी गणेशप्रसाद सुवालले नेपाल मजदुर किसान पार्टीको मुख्य उद्देश्य देश र जनताको सेवा गर्नु रहेको बताउनुभयो । उहाँले बस्तीभित्र सञ्चालन भइरहेका प्रदूषण फैलाउने उद्योगहरूलाई स्थानान्तरण गर्नु आजको आवश्यकता भएको धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले देको मिवा आवास योजना जनताको मागअनुसार व्यवस्थित आवासको व्यवस्था गर्ने उद्देश्यले अघि बढाइएको बताउनुभयो । उहाँले करिब ९० प्रतिशत जनता योजनाको पक्षमा रहेको उल्लेख गर्दै जनताकै योगदान र सहभागिताका कारण खुला क्षेत्रको व्यवस्था सम्भव भएको बताउनुभयो । उहाँले आयोजनाअन्तर्गत भइरहेको विकास निर्माणको प्रगति प्रस्तुत गर्दै योजनालाई छिटो सम्पन्न गर्ने दिशामा काम भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा सदस्य श्यामसुन्दर मातांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

देश जलिरहँदा राजिनामा दिई भाग्नु पनि देशघाती



भक्तपुर । सांस्कृतिक पर्वको लामो बिदाको अवसरमा प्रभात इङ्लिस सेकेन्डरी स्कूलका एसईई २०७६ समूहका विद्यार्थीहरूको आयोजनामा शनिबारदेखि 'पेसाकप' फुटसल प्रतियोगिता सुरु भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले प्रतियोगिताको उद्घाटन गर्दै भन्नुभयो, "पुर्खाले निर्माण गरेको प्राचीन सांस्कृतिक नगर भक्तपुरलाई सफा-स्वच्छ राख्दै संरक्षण गर्नु नयाँ पुस्ताको जिम्मेवारी हो ।"

"नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले ३० वर्षअघि नयाँ पुस्तालाई 'एक घर, एक स्नातक' बनाउने भक्तपुरको सपना अघि सार्नुभएको थियो । सोहीअनुसार ख्वप कलेजलगायत अन्य कलेजहरू स्थापना र सञ्चालन भएपछि 'एक घर, एक स्नातक' मात्र नभई अहिले 'एक घर, एक स्नातकोत्तर' तयार भइरहेको छ", विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अध्यक्ष बिजुक्छेँले 'सय वर्षपछिको भक्तपुर' को परिकल्पनामा भक्तपुरका सडकमा विदेशीहरू नेवारी भाषामा कुराकानी गर्ने र भक्तपुरवासीले उन्नत आतिथ्य प्रदान गर्ने उल्लेख गर्नुभएको छ । तीस वर्षयता भक्तपुर एसएलसी र एसईईको नतिजामा पटक-पटक उत्कृष्ट स्थानमा पुगेको कुरा पनि सार्वजनिक भएकै हो । भक्तपुरका युवा तथा विद्यार्थी साहित्य, हाजिरीजवाफ र खेलकुदसमेतमा पटक-पटक अग्रस्थानमा रहँदै आएका छन् ।"

उहाँले भन्नुभयो, "किसान र श्रमजीवी जनताको श्रमदान तथा चन्दाबाट आर्थिक अनुशासन र पारदर्शिता अपनाउँदै भक्तपुरका सम्पदा संरक्षण र विकास निर्माणका काम भइरहेका छन् । हाम्रा अग्रजहरूको यस प्रकारको योगदानलाई नयाँ पुस्ताले अनुकरण गर्दै निरन्तरता दिनु जरूरी छ ।"

२०८२ भदौ २३ र २४ गतेका घटनाबारे चर्चा गर्दै उहाँले भन्नुभयो, "देशको सम्पदा र सम्पत्ति जलाउनु तथा जिम्मेवारीमा रहेका व्यक्तिहरूले कुर्सी छोडेर राजीनामा दिई भाग्नु दुवै देशघाती र विश्वासघाती काम हुन् । नयाँ पुस्ता उपद्रव र विध्वंसमा लाग्नु हुँदैन; सिर्जना र निर्माणमा लाग्नु आवश्यक छ ।"

नेमकिपाले शिक्षालाई उत्पादन श्रमसँग जोड्नुपर्ने विषयमा जोड दिँदै आएको उल्लेख गर्दै उहाँले यसतर्फ पनि नयाँ पुस्ता सचेत हुनु आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "खेलकुद स्वास्थ्य, अनुशासन र मित्रताका लागि हो । खेलकुदमा हार-जित क्षणिक हुन्छ भने मित्रता र अनुशासन सदाका लागि हुन्छन् । यसैलाई मनन गरेर प्रभातका पूर्वविद्यार्थी र शिक्षकहरू फुटसल प्रतियोगितामा सहभागी हुने अपेक्षा गर्दछु ।"

उद्घाटन कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य गौतमप्रसाद लासिवा र प्रभात पूर्वविद्यार्थी सङ्घका संयोजक निरञ्जन दुवालले पनि मन्तव्य राख्नुभएको थियो ।

शनिबार शिक्षक र पूर्वविद्यार्थीबिच दुईवटा प्रदर्शनी खेल र आइतबार पूर्वविद्यार्थीहरूको खेल भएका थिए ।

अध्ययन गोष्ठी

विद्यालयको आयोजनामा शुभकामना तथा अध्ययन गोष्ठी कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले देशको नेतृत्व गर्ने मन्त्री तथा प्रधानमन्त्रीहरू दृढ अडानमा रहन नसक्दा देश भड्खालोमा परेको बताउनुभयो ।

सचिव सुवालले शिक्षक बीउजस्तै भएको उल्लेख गर्दै शिक्षकले आफूजस्तै असल नयाँ पुस्ता तयार पार्न निरन्तर प्रयास गर्नुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य रोशनमैयाँ सुवालले नियमित अध्ययन गर्ने बानीको विकास गर्नुपर्ने बताउनुभयो ।

प्रधानाध्यापक स्वर्णिमा मूलले शुभकामना व्यक्त गर्दै विद्यार्थी तथा शिक्षकलाई रचनात्मक कार्यमा सहभागी हुन आग्रह गर्नुभयो ।

वैज्ञानिक सिकाइसम्बन्धी प्रशिक्षक सुरेश परियारले दुर्गा र महिषासुरसम्बन्धी कथाको सामाजिक तथा ऐतिहासिक व्याख्या प्रस्तुत गर्नुभयो ।

नमुना संसद् कार्यक्रम

विद्यालयले असोज २८ र २९ गते कक्षा ९ र १० का विद्यार्थीलाई सामाजिक अध्ययन विषयको व्यावहारिक ज्ञान दिने उद्देश्यले 'नमुना संसद्' कार्यक्रम सञ्चालन गऱ्यो ।

कार्यक्रममा सातवटा संसदीय समिति, मन्त्रिपरिषद् र प्रतिनिधिसभाका बैठक सञ्चालन गरिएका थिए । ११० जना विद्यार्थी सहभागी भएको उक्त कार्यक्रममा १०५ जनाले सांसदको भूमिका निर्वाह गरेका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले संसद्को शून्य समय, विशेष समय र आकस्मिक समयबारे जानकारी दिँदै देशका जल्दाबल्दा विषयमा गहन छलफल गर्न सुझाव दिनुभयो ।

यस्ता कार्यक्रमले विद्यार्थीलाई राज्य सञ्चालन प्रक्रिया र राजनीतिबारे सचेत बनाउन मद्दत गर्ने उहाँले बताउनुभयो ।

प्रधानाध्यापक स्वर्णिमा मूलले नमुना संसद्बाट विद्यार्थीहरूले संसदीय अभ्यासको अनुभूति गरेको बताउनुभयो ।

कार्यक्रममा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई प्रखर वक्ता, स्पष्ट वक्ता, अनुशासित सांसद, उत्कृष्ट सचिव र उत्कृष्ट संसदीय कर्मचारी विधामा प्रमाणपत्र प्रदान गरिएको थियो ।

देश गलत दिशातर्फ उन्मुख रहेको सर्वेक्षणको निष्कर्ष

भक्तपुर । नेमकिपा बोलाछेँ समितिको आयोजनामा विजया दशमी, दीपावली, ने.सं.११४७ तथा छठ पर्वको अवसरमा असोज ३० गते शुभकामना आदान प्रदान कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा सचिव प्रेम सुवालले बाजा बजाउँदा, गीत गाउँदा हात खुट्टा चल्ने, शारीरिक अभ्यास हुने र कुनै विशेष खबर सूचना दिन बाजाको प्रयोग गरिने सन्दर्भ उल्लेख गर्दै प्राकृतिक प्रकोप बाढी, पहिरो, भूकम्प आदिबारे जनतालाई सचेत गराई सुरक्षित हुनुपर्ने बताउनुभयो ।

काठमाडौँ विश्वविद्यालयले गरेको एक सर्वेक्षणअनुसार झण्डै ६२ प्रतिशतले देश गलत दिशातर्फ गइरहेको तथ्य सार्वजनिक भएको र निर्वाचनपछिको सर्वेक्षणमा उक्त आँकडा ७० प्रतिशत पुगेको सन्दर्भमा बोल्दै अतिथि सुवालले राजनीति देश र जनताको समस्या समाधानका लागि हुनुपर्ने बताउनुभयो ।

प्रतिक्रियावादी शासकहरूले बुद्ध धर्मलाई बदनाम गर्न नक्कली भिक्षुहरू तयार गरेको इतिहासबाट सिक्दै जनताको निम्ति काम गर्ने कार्यकर्ताहरू चनाखो हुनुपर्ने खाँचो औँल्याउनुभयो ।

उहाँले सोभियत रुस, चीन, प्रजग कोरियाले पुँजीवादी देशहरूले ३ सय वर्षमा गर्न नसकेको काम ४०-५० वर्षमा गरेर देखाएको तथ्याङ्कबाट जनताको वास्तविक दुःख, पिर, मर्का बुझेका देशको समस्या समाधानमा तत्पर असल नेता र नेतृत्व भएमा देशले काँचुली फेर्न धेरै समय नलाग्ने स्पष्ट पार्नुभयो ।

नेमकिपा भजिसका उपेन्द्र सुवालले नेमकिपाले तत्कालीन कार्यक्रमको रूपमा जनताको प्रजातन्त्र र दीर्घकालीन रूपमा समाजवाद हुँदै साम्यवादी आदर्श समाजमा पुग्ने लक्ष्य लिएको र पार्टीका अग्रज नेता कार्यकर्ताहरूले देश र जनताको निम्ति निःस्वार्थ रूपमा गर्दै आइरहेको बताउनुभयो ।

नयाँ पुस्तालाई राजनैतिक रूपले सचेत र शिक्षित पार्नु पर्ने कर्तव्य पूरा गर्न लाग्नुपर्ने धारणा व्यक्त गर्दै उहाँले न्याय र समानतामा आधारित आदर्श समाज स्थापना गर्न शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका आधारभूत आवश्यकता पूरा गर्नु राज्यको दायित्व हो भन्नुभयो ।

नेमकिपा भ. न. स. का प्रतिनिधि गंगाराम ज्याख्वले जनताको निम्ति राम्रो विचार दिन सक्ने व्यक्ति मात्र नयाँ मान्छे हुने जिकिर गर्दै पहिलेका सरकारहरूले जस्तै जनविरोधी काम गर्नेहरूलाई जनताले बेलैमा चिन्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

एच.एस.सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा ४ वडा समिति अध्यक्ष पशुपति प्रजापति, वडा पार्टीका सल्लाहकार राजाराम सुवाल, नेपाल क्रान्तिकारी महिला सङ्घ बोलाछेँकी अध्यक्ष कृष्णलक्ष्मी दुवाल, आयोजक समिति सचिव विश्वराम त्वायना, सदस्य राजेन्द्र माकलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा महिला सङ्घकी रेश्मी हालेयोले गीत प्रस्तुत गर्नुभयो भने विद्यार्थीहरू कुशल सुवाल, कञ्जन त्वायना र सुरम्य सुवालले मालश्री धुन प्रस्तुत गर्नुभयो ।

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैँयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैँयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक युग र समाजको परिवर्तनमा बुद्धिजीवीहरूको भूमिका र योगदान महत्त्वपूर्ण

(वर्तमान परिप्रेक्ष्यमा 'बौद्धिक व्यक्तित्वहरूको भूमिका' बारे असोज २७ गते आयोजित भेलामा स्रष्टा समाजका अध्यक्ष लक्ष्मण जोशीले व्यक्त गर्नुभएको मन्तव्य - सं.)

आज हामी बुद्धिजीवीहरूको भूमिकाबारे विचार विमर्श गरिरहेका छौं। यस कार्यक्रममा केही कुरा राख्ने अवसर दिनुभएकोमा सर्वप्रथम आयोजक साथीहरूलाई धन्यवाद दिन चाहन्छु।

बुद्धिजीवीको परिभाषा, अर्थबारे फरक-फरक दृष्टिकोण देखिन्छ। मलाई लाग्छ, प्रत्येक मानिस बुद्धिजीवी हो। बुद्धि नभएको मानिस संसारमा कतै हुँदैन। बुद्धिको मात्रा वा परिमाण फरक होला, परन्तु बुद्धिहीन असल वा खराब मानिस हुँदैन। मानिसमात्र होइन पशुपन्छीलगायत सबै प्राणीमा आ-आफ्नै प्रकारको बुद्धि हुन्छ। जसरी प्रत्येक मानिसमा तापक्रम विद्यमान हुन्छ तर सधैं ज्वरो आयो भनिँदैन। निश्चित मात्राभन्दा बढी तापक्रम भयो भनेमात्र ज्वरो आयो भनिन्छ। तर, लासमा ताप हुँदैन, चिसो हुन्छ।

बुद्धिलाई अर्थ्याउँदा शैक्षिक प्रमाणपत्रलाई मात्र आधार बनाउनु बुद्धिको गलत परिभाषा हो। बुद्धि कसैले पढेर आर्जन गर्छ त कसैले परेर वा अनुभवले। यहाँनिर एउटा किस्सा उल्लेख गर्दा सान्दर्भिक हुनेछ- कुनै मानिसलाई जहिले पनि टाउको दुख्थ्यो। धेरै डाक्टर देखाए, थरीथरीका औषधि पनि खाए। तर, निको भएन। एक दिन त्यो मानिस कमिज सिलाउन सूचिकार कहाँ पुग्छ र नाप दिन्छ। त्यसक्रममा उसले सूचिकारलाई कमिजको कलर (गला) घाँटीमा टम्म हुने गरी सिउन भन्छ। तब सूचिकारले भन्छ- घाँटी टम्म वा कस्सिएको लगाउँदा टाउको दुख्न सक्छ। त्यो मानिसले कलर अलि खुकुलो बनाई लगाउन थालेपछि टाउकोको दुखाइ आफै निको भयो। यहाँ डाक्टर पढेका बुद्धिजीवी भए, सूचिकार परेर वा अनुभवले बुद्धिजीवी भएको देखिन्छ। यस्ता किस्सा हामीले प्रशस्त सुनेका र पढेका पनि छौं। यसको अर्थ डाक्टर मूर्ख वा सूचिकार बुद्धिमान भन्न खोजेको होइन, भनाइको तात्पर्य बुद्धिमात्र भएर हुँदैन ज्ञान पनि हुनुपर्छ। नढाँटी भन्ने हो भने



ज्ञानबिनाको बुद्धि सहकारीमा करोडौंको बचत भएर पनि उपचार गर्न नपाई मृत्युवरण गर्नुपर्नेको सम्पत्ति वा धनजस्तै हो। त्यसैले बुद्धिका साथै ज्ञान पनि भएका नै साँचो अर्थमा बुद्धिजीवी हो। मलाई लाग्छ, शिक्षाले बुद्धि र बुद्धिले निःसन्देह चेतना दिन्छ, अनि ज्ञानले सही-गलत, उचित-अनुचितको शिक्षा दिन्छ। चेतनाले मानिसलाई फाइदा हुने र बेफाइदा हुने कुरा सिकाउँछ भने ज्ञानले ठीक-बेठीकको निर्क्योल गर्दछ। त्यसैले, हाम्रो समाजलाई प्राणी जगतको सर्वश्रेष्ठ मानिएको मानिसमा ज्ञानसहितको बुद्धिको आवश्यकता छ। त्यस्ता बुद्धिजीवीले मात्र सभ्य र सुसंस्कृत समाज निर्माणमा योगदान पुऱ्याउन सक्छन्। आजको सन्दर्भमा पनि यिनैहरूले आफ्नो भूमिका सर्वोत्कृष्ट ढङ्गले निर्वाह गर्न सक्छन् जस्तो लाग्छ।

हरेक युग र समाजका बुद्धिजीवीहरूको भूमिका र योगदानले नै हामी आजको अवस्थामा आइपुगेका हौं। यदि ऐतिहासिक कालदेखिका बुद्धिजीवीहरूले आफू र परिवारकेन्द्रित भएको भए, बलेको मुढोमात्र तापेको भए, शासकहरूको हरेक हुकुमलाई आँखा चिम्लेर शिरोधार्य गरेको भए पृथ्वी आज पनि चेप्टो नै हुन्थ्यो, सूर्यले पृथ्वीलाई घुमिरहेकै हुन्थ्यो, स्पार्टाकसहरू जन्मिने नै थिएनन्, कम्युनिस्टहरूले घोषणापत्र छापिने पनि थिएनन्, सर्वहारावर्गको राज्यको त कल्पना पनि हुने थिएन। भनाइको तात्पर्य शक्तिको अगाडि विचार सधैं र सबैले त्वं शरणम् गरेनन्। त्यसैले परिवर्तन, विकास र प्रगति सम्भव भयो। त्वं शरणम् गर्नेहरू हराउँदै गए वा इतिहासमा कुख्यात भए तर साँचा बुद्धिजीवीहरूले आफ्नो भूमिका, दायित्व र कर्तव्यलाई उत्कृष्ट ढङ्गले निर्वाह गरे।

गत वर्षको जेन-जेड आन्दोलन र विध्वंशपछि देश अगाडि बढिरहेको छ कि पछाडि धकेलिरहेको छ ? यसतर्फ प्रत्येक इमानदार बुद्धिजीवीले आफ्नो दिव्यचक्षु उघार्न ढीलो गर्न नहुने देखिन्छ। विगतका शासकवर्गले जस्तै एक थोक भन्ने र अर्को थोक गर्ने प्रवृत्ति र संस्कारलाई बहुमतको आडमा वर्तमान शासक दलले हाकाहाकी पुनरावृत्ति गरिरहेको सर्वत्र दृष्टिगोचर भइरहेको छ। मध्यमवर्गको पक्षपाती वर्तमान शासक दलले नयाँको ढ्वाङ फुकेर विद्यमान कतिपय क्षेत्रका बन्दोबस्त र संरचनालाई नियोजित रूपमा बिनाविकल्प खलबल्याउन थालेको छ। वर्तमान सरकारका कतिपय कार्यशैलीले देशको अस्तित्वलाई नै आघात पुऱ्याउने दुष्प्रयास गरिरहेको विपक्षीको आरोपमात्र होइन व्यवहारमा पनि देखिन थालेको छ। रास्वपाका प्रधानमन्त्रीले प्रतिनिधिसभाको रोस्ट्रमबाट नेपालले भारतको भूमि मिचेको जस्तो राष्ट्रघाती अभिव्यक्ति दिएपछि सुस्ता क्षेत्रमा भारतीयहरूले थप बलमिचाइ र हेप्न थालेको छ। नवलपरासीको सुस्ता क्षेत्रमा भारतीय सीमा सुरक्षा बल र भारतीय पक्षबाट गतिविधि तथा तटबन्ध निर्माणमा अवरोध पुऱ्याउनेजस्ता घटनाहरू भएका छन्।

बहुमतको सरकारका गलत कामबारे राष्ट्रियमात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत पुष्टि हुन थालेको छ। ग्रेजोनको रिपोर्टले यस्तै भनिरहेको छ।

आफ्नालाई काखी च्याप्ने र पोस्ने सिंहदरबारमा जाने र बस्नेहरूको परम्परा हो। त्यसलाई निरन्तरता दिन 'नयाँ' को आवरणमा शासकवर्ग खप्पिस देखिएको छ। हिजोका लम्पसारवादीहरूको चरित्र र प्रवृत्तिलाई आजकाले फरक ढङ्गमा दोहोऱ्याइरहेका छन्। यो खतरनाक कुरा हो। अझ ठुलो खतरा देशलाई कमजोर र पङ्गु बनाई देशकै सार्वभौमसत्ता र स्वतन्त्रतालाई च्याखेमा थाप्ने अपराध मिहीन ढङ्गमा हुन थालेको आभास र आशङ्का सर्वत्र गर्न थालिएको छ। यस्तो अवस्थामा बुद्धिजीवीहरूको काँधमा आफूलाई साँचो बुद्धिजीवी प्रमाणित गर्ने ठुलो जिम्मेवारी आएको छ। समयले भनिरहेको छ - उठ, जाग बुद्धिजीवीहरू ! समय घड्के पछुताउने बाहेक कुनै विकल्प रहने छैन।

बुद्धिजीवी कुनै देशका हुँदैनन्, विश्वका जिम्मेवार नागरिक हुन्छन्। विश्वका धेरै देशमा संरा अमेरिकाले आतङ्कपूर्ण ज्यादति गरिरहेको छ। प्यालेस्टिन र गाजा, भेनेजुयला, इरान आदि ठाउँमा अमेरिकाले गरिरहेको काम अपराध हो। इतिहास खोतल्ने हो भने अल्याख आतङ्कवादी घटना भेटिन्छ। त्यसको विरोध र प्रतिकार गर्नु प्रत्येक बुद्धिजीवीको नैतिक दायित्व र कर्तव्य हो। हाम्रो विरोध र प्रतिकारले आतङ्कपीडित जनताको आत्मबल बढ्छ। भोलि आफूलाई पर्दा साथ र सहयोग पाइन्छ।

यस्तो विषम परिस्थितिमा पनि केही बुद्धिजीवी भनाउँदाहरू कोही हाहुमा र कोही लहैलहैमा निहीत स्वार्थको लागि आफ्नो ज्ञानबिनाको बुद्धि खर्चिरहेका छन्। तर, कतिपय बुद्धिजीवीहरू ज्ञानसहितको आफ्नो बुद्धिलाई देशको हित, जनताको कल्याणका साथै समाजलाई सभ्य र सुसंस्कृत बनाउन हरप्रकारका बाधा-अवरोधको सामना गर्दै, पन्छाउँदै आफ्नो भूमिका र दायित्व निर्वाह गरिरहेका छन्। त्यसको सिको र अनुसरण गर्दै हामी सबैले आ-आफ्नो क्षेत्रबाट होस्टेमा हैंसे गर्न सकौं - यही आजको आवश्यकता हो।

कुरीति र अन्यायको बारेमा चुप नलाग्ने हाम्रो आफ्नै परम्परा छ



योगेन्द्रमान बिजुक्छेँ

पहिले पनि हामी यसरी नै विभिन्न भेला र जमघटमा भेट गर्दै आएका हौं। तर, आजको यो जमघटलाई हामी अलि फरक बनाउने प्रयत्न गरौं भन्ने आग्रह हो।

हिजो ख्वप अस्पताल, इन्जिनियरिङ कलेज, बहुप्राविधिक संस्थान, अन्य कलेज र संस्थाहरूका साथीहरूसँग सम्बन्धित क्षेत्रका विषयका बारेमा कुराकानी गऱ्यौं। तर, हामीले आ-आफ्नो क्षेत्रलाई मात्र राम्रो बनाएर र त्यसका बारेमा मात्र चिन्तन गरेर सिङ्गो समाज उँभो नलाग्ने अवस्था सृजना भएको देखिन्छ। यही अवस्थाले के हामी विविध विषय र क्षेत्रसँग आबद्ध व्यक्तित्वहरू एउटा साझा चिन्तनको चौतारीमा भेला भएर सम-सामयिक विषय र समस्याका बारेमा चिन्तन मनन र भलाकुसारी गर्न सक्दैनौं र भन्ने सोच्न बाध्य तुल्याएको छ। हामीमध्ये कोही प्राज्ञिक कर्म, कोही बौद्धिक कर्म, कोही शिक्षण कर्म, कोही पत्रकारिता कर्म, कोही जनताको सेवामा र अरु धेरै कर्मसँग आबद्ध छौं। यी फरक कर्महरू देखिए तापनि हामी समाजबाट अलग्ग र टाढा भने छैनौं।

यही सेरोफेरोमा कुरा गर्दा म एन्टोनी ग्राम्सकीलाई सम्झन्छु। उनको परम्परागत र अर्गानिक बुद्धिजीवीको (Traditional and Organic intellectual) भिन्नतालाई स्मरण गर्छु। इटालियन मार्क्सवादी ग्राम्सकीका अनुसार सबै आ-आफ्नो पेसामा दक्ष हुन्छन् र उनीहरू आफ्नै पेसामा तल्लीन हुन्छन्। बिरामी जाँच्ने चिकित्सक र खेतमा बाली लगाउने किसान आ-आफ्नो कामका लागि दक्ष छन् र उनीहरू परम्परागत बुद्धिजीवी हुन्। तर, आफ्नो पेसागत दक्षता र कार्यबाहेक सार्वजनिक हितका लागि कार्य गर्ने बुद्धिजीवी जैविक बुद्धिजीवी हुन्। समाज बदल्न हामीलाई जैविक बुद्धिजीवीको आवश्यक हुन्छ।

भारतीय इतिहासकार रोमिला थाप्पर र प्यालेस्टिनी विद्वान् एडवार्ड सइदको सार्वजनिक बुद्धिजीवी (Public Intellectual) को महत्त्वका बारेमा सम्झन्छु। थाप्पर सत्ता र यथास्थितिलाई जोड दिनुहुन्छ भने सइद निमुखा र आवाजविहीनहरूको प्रतिनिधित्व बुद्धिजीवीले गर्नुपर्नेमा जोड दिनुहुन्छ।

बेलायती इस्ट इन्डिया कम्पनीको भारती जनताविरुद्धका नीतिहरूको आवाज बुलन्द गर्ने राजा राममोहन राय र भारतमा आर्थिक राष्ट्रवादको जननी मानिने उद्योगपति दादाभाइ नाराओजीलाई सम्झन्छु। राय बङ्गाली थिए। भारतको पुनर्जागरणको प्रणेता मानिने रायले सती प्रथादेखि अन्य धेरै कुरीतिविरुद्धमा आन्दोलन चलाए। उद्योगपति नाराओजीले ब्रिटिस साम्राज्यको आर्थिक शोषणका कारण भारत र भारतीय जनता कङ्गाल हुनुपरेको भन्दै बेलायती साम्राज्यको विरोधमा आर्थिक राष्ट्रवादको झन्डा उचाले जसले गर्दा सन् १८८५ मा भारतीय राष्ट्रिय काङ्ग्रेस गठन हुन मद्दत गऱ्यो। भारतलाई बेलायती साम्राज्यबाट मुक्त गर्न सन् १९४७ मा त्यही भारतीय राष्ट्रिय काङ्ग्रेसले महत्त्वपूर्ण भूमिका खेल्यो।

त्यस्तै, युरोपको प्रबोद्धन र पुनर्जागरणको युग जसमा दार्शनिक, विद्वत वर्ग र चिन्तकहरूले तात्कालीन समाजमा मठाधीस र धर्म गुरुहरूले सृजना गरेको गलत भाष्यलाई चुनौती दिएका थिए। त्यही चुनौती र उनीहरूको अदम्य साहसले युरोपमा विज्ञानको युग सुरु हुन मद्दत गऱ्यो। प्रवोद्धन युगका एक महान् दार्शनिक इम्यायुल कान्त Private use of Reason / Public use of Reason लाई सम्झन्छु। कान्तका अनुसार आ-आफ्नो पेसागत कर्ममा निश्चित अवधिमा लाग्नु आफ्नो बुद्धि विवेकको निजी प्रयोग हो। तर, त्यस निश्चित अवधिपश्चात् जब सिङ्गो समाजका लागि उसले आफ्नो बुद्धि विवेकको प्रयोग गर्छ त्यो सार्वजनिक प्रयोग हो। सत्यको लागि विष पिउनु तयार हुने युनानी महान् दार्शनिक सुकरातलाई सम्झन्छु जसले युवाहरूलाई प्रश्न गर्न प्रेरित गरे।

कुरीति र अन्यायको बारेमा चुप नलाग्ने हाम्रै आफ्नै परम्परा पनि छ। १०४ वर्षको राणा शासकलाई हाँक दिने यस्तै सार्वजनिक बुद्धिजीवीहरू हुन्। भक्तपुरको कुरा गर्दा वैश्विक परिवेशमा एसियाको एक निमुखा देश भियतनाममाथि अमेरिकी साम्राज्यवादले गरेको अत्याचारको विरोधमा यहाँका गल्ली र बजारहरूमा आवाज गुञ्जियो। त्रिविका पूर्वविद्वान् प्राध्यापक कमलप्रकाश मल्लले नेपालको बौद्धिक परम्पराका बारेको विशेष निबन्धमा भारतको मगधस्थित विक्रमशीला महाविद्यालयमा अध्यापन गर्नुहुने रत्न कृति, विरोचन र कनकश्रीजस्ता विद्वान्हरूका बारेमा चर्चा गर्नुभएको छ। मगधमा मुस्लिम शासकको आक्रमणपछि विक्रमाशिलाका अर्का विद्वान् पण्डित बुद्धश्री अथाह पुस्तक, अभिलेख र आफ्ना शिष्यहरूसँग नेपाल फर्केको (विशेष गरी भक्तपुर) अवस्था र प्रसङ्गलाई मल्लले युरोपको पुनर्जागरणको घटनासँग तुलना गर्नुभएको छ।

नेपालको आजको राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, भूराजनीतिक र वैश्विक परिवेशमा व्यापक उत्तारचढाव आइरहेको तथ्यलाई हामीले टुलुटुलु मात्र हेरिरहन मिल्छ र ? प्रजातान्त्रिक व्यवस्थाको देशमा सत्तालाई प्रश्न नगर, पुराना सबैको काम छैन, हामी जे गर्दै छौं ठीक गर्दै छौं नियतमा शङ्का नगरजस्ता भाष्य सृजना गरी आम मानिसको आवाज थुन्ने कोशिश भइरहेको छ। धर्म निरपेक्ष राज्यको सरकार प्रमुख र मन्त्रीहरूले अमुक धर्मलाई आम जनतामा लाद्ने दुष्प्रयास गरिरहेको अवस्था छ। युवाको देश पलायन रोक्न सकेको छैन। जनताका दैनिकी समस्या झन्झन् विकराल हुँदै छ। तर, अल्गोरिडम रूपी टुना मुनाले आम मानिसलाई दिग्भ्रमित तुल्याउँदै छ। वैश्विक परिवेशमा आम नरसंहारक राज्यहरूको पक्षमा युवाहरूलाई मोहित पार्ने काम भइरहेको छ। यस्तो वर्तमान परिवेशमा हाम्रो भूमिका के हुनुपर्छ भन्नेबारेमा चिन्तन मनन गर्न ढिलाइ गर्नु हुँदैनजस्तो लाग्छ।

(वर्तमान परिप्रेक्ष्यमा बौद्धिक व्यक्तित्वहरूको भूमिकाबारे मङ्गलबार असोज २७ गते आयोजित भेलामा निमन्त्रणकर्ताको तर्फबाट योगेन्द्रमान बिजुक्छेँले कार्यक्रमको औचित्यबारे प्रस्ट पार्दै दिनुभएको स्वागत मन्तव्य -सम्पादक)

साम्राज्यवादी अमेरिकाकै कारण विश्व अशान्त

भक्तपुर। "संसारमा धेरै वर्षअगाडि मान्छेले मान्छेको मासु खान्थे। आज युग निकै अगाडि बढिसकेको छ तर संसारमा रगतको खोलो बग्न बन्द भएको छैन। विश्व अझै अशान्त छ। त्यसको मुख्य कारण अमेरिकी साम्राज्यवाद हो।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले बाल विकास सेकेन्डरी स्कूलद्वारा आयोजित दसैं शुभकामना आदानप्रदान कार्यक्रममा असोज ३० गते बताउनुभएको हो।

अमेरिकाले इरान, गाजामा युद्ध थोपरेर मानवताविरुद्ध अपराध चालू राखेको उल्लेख गर्दै उहाँले साम्राज्यवादी अमेरिकाले विभिन्न बहानामा युद्ध थोपरेर संसार अशान्त बनाइरहेको प्रस्ट पार्नुभयो।

समाज परिवर्तन गर्न समय लाग्ने भएकोले निरन्तर समर्पित भएर लाग्नुपर्ने आवश्यकता औंल्याउँदै अध्यक्ष रोहितले नयाँ पुस्तालाई सत्य र न्यायको पक्ष लिन सिकाउनुपर्नेमा जोड दिनुभयो। उहाँले देशको पक्षमा उभिने युवा कति तयार पाऱ्यौं भन्नेबारे आत्मसमीक्षा आवश्यक भएको चर्चा गर्नुभयो। व्यक्तिगत स्वार्थमा नलाग्ने र गलत नगर्ने मानिसले जीवनमा कहिल्यै पश्चाताप गर्नु नपर्ने कुरा बताउँदै उहाँले शिक्षकहरूलाई बाटो नबिराउन र दोहोरो चरित्रको नबन्न सल्लाह दिनुभयो।

मित्र र शत्रु चिन्न नसक्दा जीवनमा दुःख पाइने भन्दै उहाँले समयमै आफ्ना र पराइ चिन्न सक्नुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष रोहितले भन्नुभयो, "विद्यालय जीवनमा शिक्षकहरूले उपलब्ध गर्नुभएका प्रेरणादायी पुस्तकहरू अध्ययन गरेर समाज परिवर्तनको निम्ति सङ्घर्षमा होमिएँ। अग्रज शिक्षकहरूले साह्रै कठिन जीवन रोज्दा पछुतो भयो कि भनी चासो देखाउनुभयो। जीवनमा ठुला सौख, स्वार्थ नराखी सरल जीवनशैली रोजेको हुनाले कहिल्यै पछुतोभाव पलाएन।"

उक्त अवसरमा विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईंले विद्यार्थी जीवनदेखि समाजसेवा, मानवसेवा तथा देशप्रेमको भावना सिकाउन नसक्दा जो सत्तामा पुगे पनि देशहितमा काम नगरेको बरु विदेशीकै पिछलग्गू बनेको बताउँदै विद्यार्थीहरूलाई सानो उमेरदेखि सामूहिक तथा सामाजिक भावना दिनुपर्नेमा जोड दिनुभयो। उहाँले नयाँ पुस्तालाई आशावादी बन्न सिकाउनुपर्नेमा पनि जोड दिनुभयो।

उहाँले शिक्षकहरू समाज परिवर्तनका संवाहक भएकाले अध्ययनशील बन्न र सिर्जनात्मक कार्यमा लाग्न सबैलाई आग्रह गर्नुभयो। चाडबाडलाई रचनात्मक क्रियाकलाप गर्ने र अध्ययन अनुसन्धान गर्ने अवसरको रूपमा उपयोग गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले शिक्षकहरूलाई यस्ता कार्यमा लाग्न सल्लाह दिनुभयो। उहाँले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले लेख्नुभएको पुस्तक 'सय वर्षपछिको भक्तपुर' ले सार्थकता पाउँदै गएकोमा खुसी व्यक्त गर्दै नयाँ पुस्ताले अझ मेहनत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले ख्वप विश्वविद्यालय स्वीकृति दिन तयार नभएकाहरू जनताका शत्रु भएको चर्चा गर्नुभयो।

बौद्धिक समाज भक्तपुरका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँले शिक्षक संवेदनशील हुनुपर्ने भन्दै विद्यार्थीलाई आफ्नो क्षमता चिन्न, आफूलाई नियन्त्रण गर्न, अरूको अस्तित्व स्वीकार गर्न तथा समाजमा घुलमिल हुन सिकाउनुपर्ने बताउनुभयो। उहाँले शिक्षकमा राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयको गहिरो ज्ञान हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। दसैं परम्परा मात्र नभई मानव जातिले सिर्जना गरेर संस्कृति र प्रकृतिको सुन्दर सङ्गम भएको धारणा व्यक्त गर्दै यसलाई रचनात्मक ढङ्गले भव्य बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। संस्कृति भनेको नाचगान गर्ने, बाजा बजाउने, जात्रापर्व मनाउने मात्र नभई मानिसको सोच्ने, व्यवहार गर्ने र जीवन जिउने कला पनि भएकाले यसतर्फ सचेत रहन सबैलाई आग्रह गर्नुभयो।

ख्वप अस्पतालका निर्देशक मजेशप्रताप मल्लले शिक्षा क्षेत्रमा विकृति फैलिरहेको अवस्थामा बाल विकास स्कूलले आशा जगाएको बताउनुभयो। उहाँले विद्यार्थीहरूलाई विध्वंश, विकृति तथा विसङ्गतिबाट टाढा राख्दै देशलाई माया गर्न र अग्रजलाई सम्मान गर्न सिकाउनुपर्नेमा जोड दिनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा सीता प्रजापतिले स्वागत गर्नुभएको थियो। शिक्षकहरू शङ्कर आचार्य, सुलोचना छ्वाजु, सृष्टि प्रधान र चिनियाँ भाषा शिक्षिका राजमती र आसमतीले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो भने सङ्गीत शिक्षक पुरुषोत्तम सुवाल, सुमन गैँडा, रियाज बासुकलालगायतले साङ्गीतिक प्रस्तुति राख्नुभएको थियो।

कार्यक्रममा विद्यालयले स्टुडियो रेकर्ड गरी तयार पारेको नेपालभाषाको गीत 'सिंहदरबारय् छाय् मी तया ?' (सिंहदरबारमा किन आगो झोस्यौ ?) सार्वजनिकीकरण गरिएको थियो। गीतका सङ्गीतकार सुमन गैडा हुनुहुन्छ भने चन्द्रबहादुर श्रेष्ठ, रियाज बासुकला, दीपिका कुसीले स्वर दिनुभएको छ।


[illegible]
[illegible] बचत तथा ऋण सहकारी संस्था लि.
ACCESS
BRONZE
शुभ विजया दशमी,
शुभ दीपावली-२०८३
एवं
नेपाल संवत् ११४७ को
[illegible] उपलक्ष्यमा यस संस्थाका सम्पूर्ण सदस्य एवं
[illegible]
हार्दिक मंगलमय शुभकामना

नेमकिपा स्थापनाकालदेखि नै श्रमिकवर्गको हितमा क्रियाशील

भक्तपुर । भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.ले असोज २७ गते विजयादशमी २०८३ को उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा संस्थाको ऋण अनुगमन उपसमितिले आयोजना गरेको एकहप्ते ए.आई. तालिम र महिला तथा बालबालिका उपसमितिले आयोजना गरेको एकदिने दही बनाउने तालिमको प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले चाडपर्वको बेला बजारमा सरकारले नियमित अनुगमन गर्न नसक्दा खाद्यान्नमा मिसावट बढी पाइएको र व्यापारीहरूले जनताको स्वास्थ्यमा खेलबाड गरिरहेको बताउनुभयो । आकासिँदो महँगी र दैनिक उपभोग्य वस्तुहरू स्वास्थ्यबर्द्धक पाउन गाऱ्हो वर्तमान परिवेशमा जनता कसरी बाँच्ने भन्ने चिन्ता भएको पनि उहाँले व्यक्त गर्नुभयो । २०२१ सालमा नेपाल मजदुर किसान पार्टीले भक्तपुरमा मोहियानी हक कायम गर्दै किसान आन्दोलन अगाडि बढाएको स्मरण गर्दै उहाँले पार्टीले स्थापनाकालदेखि कामदारवर्गको हक र हितका लागि काम गर्दै आएको धारणा राख्नुभयो ।

दार्शनिकहरूका अनुसार पढेका बुझेकाहरूले नबुझेका जनतालाई सही रूपमा बुझाउँदै जानुपर्नेमा उहाँले जोड दिनुभयो । ओली सरकारले जनताको पक्षमा अडान लिन नसक्दा देश आजको अवस्थामा पुगेको र नेपाली जनताले सास्ती भोग्न परिरहेको धारणा व्यक्त गर्दै उहाँले सहिद गङ्गालालले जनताको प्रजातन्त्रको लागि अडान लिँदा जहाँनिया राणा शासकको गोली खाई आफ्नो ज्यानको आहुतिबाट पाठ सिक्नुपर्ने बताउनुभयो । दार्शनिक सुक्रेतले सही विचारलाई फैलाएको स्मरण गराउँदै उहाँले सही विचारको लागि विष खाएर मृत्युवरण गरेको घटना उल्लेख गर्नुभयो । विरोधीहरूले सामाजिक सञ्जालमा नेमकिपाबारे नकारात्मक कुराको भ्रामक सूचना फैलाइरहेको हुँदा सचेत जनताले यसको विरोध गर्नुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी वडा नम्बर २ का अध्यक्ष रत्नकाजी नायोभारीले तालिमलाई व्यावहारिक रूपमा उपयोग गर्न सके बेस हुने विचार व्यक्त गर्नुभयो । विद्यालय वा कलेजमा अध्ययनरत आआफ्ना छोराछोरीहरू सही बाटोमा छन् या छैनन् भनी अभिभावकहरूले विचार गर्नुपर्ने हुँदा गलत बाटोमा लागे त्यसलाई सपार्न धेरै समय लाग्ने र समयमै छोराछोरीको बारेमा चासो राख्नु हरेक अभिभावकहरूको दायित्व भएको धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले निम्न आय भएका वर्गको विकास र उन्नतिका लागि सहकारीले कार्यक्रमहरू गर्दै जानुपर्ने र तालिम प्राप्त सदस्यहरूलाई साना, मझौला व्यापार सञ्चालनमा सहुलियत ब्याजदरमा ऋण दिएर सदस्यहरूको आर्थिक उन्नतिका लागि ध्यान दिनुपर्ने बताउनुभयो । एआई तालिमका प्रशिक्षक एवं सहजकर्ता सुनिल दथेपुथेले एआई भनेको ह्युमन इन्टेलिजेन्सलाई जस्तै एपको उपयोग गरी कसरी सजिलो सस्तो तरिकाले उपयोग गर्ने भन्ने हो भन्नुभयो ।

संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले संस्थाले समय सापेक्ष रूपमा सदस्यहरूका लागि विभिन्न तालिमहरूको आयोजना गर्दै आएको र यसले सामाजिक कार्यमा पनि सक्रियता जनाउँदै आएको जानकारी गराउनुभयो । आ.व. २०८२।०८३ को शेयर लाभांश वितरण असोज २८ गतेदेखि वितरण गर्ने योजना रहेको पनि जानकारी गराउनुभयो ।

संस्थाका सचिव कृष्णप्रसाद सुवालले कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्नुभएको उक्त कार्यक्रममा ऋण अनुगमन उपसमितिका संयोजक शिवकृष्ण कोजुले स्वागत गर्दै सदस्यहरूको सीप विकासमा लगानी गर्दै आएको विचार व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालको सभापतित्वमा भएको सो कार्यक्रममा संस्थाको महिला तथा बालबालिका उपसमितिका संयोजक चञ्चल सुवालले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा बाँसुरी बाजा तालिममा सहभागी सांस्कृतिक कलाकारहरू, एआई तालिम र दही बनाउने तालिममा सहभागीहरूलाई प्रमुख अतिथि प्रेम सुवालले प्रमाणपत्र तथा तालिम सहजकर्ताहरूलाई प्रशंसापत्र र मायाको चिनो वितरण गर्नुभएको थियो ।

गुणस्तरीय शिक्षा सुनिश्चिततामा क्युएएको भूमिका महत्त्वपूर्ण

भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप इन्जिनियरिङ कलेज र खप कलेज अफ इन्जिनियरिङका प्राध्यापक तथा कर्मचारीबिच बडादसैँ, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा असोज २९ गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दसैँ, तिहार, नेपाल संवत् र छठलगायतका पर्वहरूले आपसी सद्भाव, एकता र सामाजिक सम्बन्धलाई थप सुदृढ बनाउने बताउँदै सबैलाई चाडपर्वका अवसरमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

खप इन्जिनियरिङ कलेज र खप कलेज अफ इन्जिनियरिङले निरन्तर मेहनत र परिश्रमका साथ विभिन्न उपलब्धि हासिल गर्ने प्रयास गरिरहेको बताउँदै उहाँले कलेजले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त गर्न प्राध्यापक तथा कर्मचारीहरूले गरेको मेहनत र योगदान उल्लेखनीय रहेको बताउँदै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न क्युएएको महत्त्व बढ्दै गएको उल्लेख गर्नुभयो ।

भक्तपुरका शैक्षिक संस्थाहरूको व्यवस्थापन शैलीबाट अन्य क्षेत्रका संस्थाहरूले समेत सिक्न सक्ने बताउँदै उहाँले स्थानीय तहबाट सञ्चालित शैक्षिक संस्थाहरूले सीमित स्रोतसाधनका बिच पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने उदाहरण प्रस्तुत गरेको बताउनुभयो ।

प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूले समयअनुसार उत्पन्न हुने समस्याहरूको समाधान खोज्न सक्नुपर्नेमा जोड दिँदै उहाँले बौद्धिक वर्गमा आलोचनात्मक चेत, स्वतन्त्र विचार र परिवर्तनकारी सोच हुन आवश्यक रहेको बताउनुभयो । बौद्धिक व्यक्तिहरूलाई राजनीतिबाट टाढा राख्नुपर्छ भन्ने सोचले समाजमा अपेक्षित परिवर्तन सम्भव नहुने उल्लेख गर्दै उहाँले समाजको विकास र रूपान्तरणमा बौद्धिक वर्गको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।

उहाँले नयाँ सरकार गठन भएको सात महिना बितिसक्दा पनि जनताले अपेक्षा गरेअनुसार नयाँ काम र उपलब्धि देखिन नसकेको टिप्पणी गर्दै समाजमा सकारात्मक परिवर्तन ल्याउन शिक्षा, बौद्धिक विमर्श र आलोचनात्मक सोचलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिने सरकारको निर्णयप्रति असन्तुष्टि व्यक्त गर्दै यस्तो कदमले सुशासन र कानुनी जवाफदेहितामाथि प्रश्न उठाएको बताउनुभयो ।

उहाँले वर्तमान सरकारले आफ्नो घोषणापत्रअनुसार काम गर्न नसकेको टिप्पणी गर्दै घोषणापत्रमा किसानलाई पेन्सन दिने विषय उल्लेख भए पनि त्यसको कार्यान्वयन हुन नसकेको बताउँदै उहाँले सरकारले जनतासमक्ष गरेका प्रतिबद्धताहरू व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र सीमा सुरक्षाजस्ता संवेदनशील विषयमा सरकार प्रमुखले जिम्मेवार ढङ्गले बोल्नुपर्ने बताउँदै देशको हित र राष्ट्रियताको संरक्षणका लागि जिम्मेवार अभिव्यक्ति र प्रभावकारी पहल आवश्यक रहेको बताउनुभयो ।

उहाँले दसैँको बिदालाई अविस्मरणीय बनाउने गरी सिर्जनात्मक तथा उपलब्धिमूलक काम गर्न सबैलाई आग्रह गर्दै बिदाको समयलाई मनोरञ्जनमा मात्र सीमित नराखी नयाँ ज्ञान हासिल गर्ने, समाजका लागि उपयोगी काम गर्ने र आफ्नो जिम्मेवारी पूरा गर्ने अवसरको रूपमा सदुपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले चाडपर्वहरू खानपान र रमाइलोमा मात्र सीमित नभई प्रकृति, संस्कृति र सामाजिक जीवनसँग समेत जोडिएको बताउँदै चाडपर्वको महत्त्वलाई बुझ्दै मौलिक संस्कृति र परम्पराको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले विपद् व्यवस्थापनलगायत विभिन्न क्षेत्रमा प्राध्यापक तथा विज्ञहरूको अनुसन्धानबाट महत्त्वपूर्ण सहयोग प्राप्त गरिरहेको उल्लेख गर्दै उहाँले प्राध्यापकहरूबाट भएका अध्ययन तथा अनुसन्धानले नगरपालिकालाई नीति निर्माण र योजना कार्यान्वयनमा सहज बनाएको बताउनुभयो ।

कार्यक्रममा खप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले खप इन्जिनियरिङ कलेज गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तिको प्रक्रियामा रहेको र खप कलेज अफ इन्जिनियरिङले क्युएए प्राप्त गरिसकेको जानकारी दिनुभयो । उहाँले खप विश्वविद्यालय स्थापनाको अवधारणालाई साकार पार्न निरन्तर प्रयास भइरहेको बताउनुभयो ।

खप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले दुवै कलेजले शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्रगतिको बाटोमा अघि बढिरहेको बताउनुभयो । गुणस्तरीय शिक्षामार्फत दक्ष जनशक्ति उत्पादन गर्नु दुवै कलेजको मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा खप इ. कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँ, खप कलेज अफ इ. का उपप्राचार्य रत्नशोभा प्रजापति, खप कलेज अफ इन्जिनियरिङ आर. एन्ड डी. युनिटका संयोजक डा. राजुभाइ त्यात, खप इ. कलेजका सिभिल विभाग प्रमुख उमेश सुकमनी, लेखा शाखा प्रमुख विष्णुप्रसाद सुवाल र प्रशासन शाखा प्रमुख सिद्धिराम सुवालले पनि बोल्नुभएको थियो ।

खप अस्पताल ३६५ दिनै सेवामा समर्पित



भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा नजिकिँदै गरेका बडादसैँ, तिहार, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा असोज २९ गते शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चाडपर्वहरूको अवसरमा शुभकामना व्यक्त गर्दै चाडपर्वलाई आपसी सद्भाव, भाइचारा र सांस्कृतिक एकता अभिवृद्धि गर्ने अवसरको रूपमा मनाउनुपर्ने बताउँदै नेपाल सरकारले आइतबार सार्वजनिक बिदा दिने निर्णय गरे पनि भक्तपुर नगरपालिकाले जनतालाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले आइतबारसमेत विभिन्न गतिविधि सञ्चालन गर्दै आएको बताउनुभयो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप अस्पताल ३६५ दिन नै सञ्चालनमा रहेको उल्लेख गर्दै उहाँले यी सबै गतिविधि जनताको सेवाका लागि भएको स्पष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले गुणस्तरीय शिक्षा र सेवा प्रदान गर्न प्राथमिकता दिँदै आएको बताउँदै उहाँले कमजोर विद्यार्थीलाई सक्षम बनाउनु नै शैक्षिक संस्थाको वास्तविक सफलता भएको उल्लेख गर्नुभयो । उहाँले विद्यार्थीको भविष्य उज्ज्वल बनाउन शैक्षिक गतिविधिलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो ।

उहाँले सुख र दुःख मानिसले अनुभव गर्ने विषय भएको उल्लेख गर्दै सुखी हुनु भनेको धनसम्पत्ति मात्र हुनु नभई आत्मसन्तुष्टि प्राप्त गर्नु पनि भएको बताउनुभयो । मानिसले आफ्नो जीवनमा आत्मसन्तुष्टि र खुसीको महत्त्व बुझ्नुपर्ने उहाँको भनाइ थियो ।

नेपाल विविध भाषा, संस्कृति, कला र परम्पराले सम्पन्न देश भएको चर्चा गर्दै उहाँले सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धनमा शैक्षिक संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । संस्थान गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको चरणमा प्रवेश गर्दै गरेको सन्दर्भमा शैक्षिक गुणस्तर अभिवृद्धि र संस्थागत विकासमा निरन्तर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले दसैँ बिदालाई सदुपयोग गर्दै अतिरिक्त पुस्तकहरू अध्ययन गर्न तथा आफ्नो ज्ञान र सीप अभिवृद्धि गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो । उहाँले चाडपर्वका बेला यात्रा गर्दा सुरक्षित यात्रामा ध्यान दिनुपर्ने बताउँदै अध्ययन संस्थानले गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ आफ्ना गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा नर्सिङका विद्यार्थी निरुशा प्रजापति र आर्या मानन्धरले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले गीत, नृत्य तथा देउसी-भैलोलगायतका सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

नेमकिपा चाँगुनारायण-८ को शुभकामना आदानप्रदान कार्यक्रम

भक्तपुर । नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगरपालिका वडा नं. ८ वडा समितिको आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखले नेमकिपाले देश र जनताको निःस्वार्थ भावनाले सेवा गर्दै आएको बताउनुभयो ।

नेमकिपाका जनप्रतिनिधिहरूले इमानदारीपूर्वक देश र जनताको सेवा गर्दै आएको चर्चा गर्दै उहाँले पार्टीको सिद्धान्तअनुसार भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा उदाहरणीय काम गरिरहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिकाले खप कलेज, खप इन्जिनियरिङ कलेज र खप कलेज अफ ललगायत शैक्षिक संस्था स्थापना गरी भक्तपुर नगरको मात्र नभई देशकै शैक्षिक क्षेत्रमा योगदान पुऱ्याएको र खप अस्पताले देशका विभिन्न जिल्लाबाट आएका बिरामीलाई समेत उपचार सेवा प्रदान गर्दै आएको उहाँले बताउनुभयो ।

जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा विभिन्न समस्या र चुनौती थपिँदै गएको चर्चा गर्दै उहाँले वातावरण संरक्षणका लागि प्रत्येक नागरिक सचेत र जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो । नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले वर्तमान सरकार पुँजीवादी सरकार भएकाले जनताबिच विभेद कायम रहेको बताउनुभयो ।

सरकारले ल्याउन लागेको शिक्षा नियमावलीमा रहेका विभेदपूर्ण प्रावधानको विरोध गर्दै उहाँले शिक्षा क्षेत्रमा समान अवसर र न्याय सुनिश्चित हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

दैलेखमा...

उठाउनुपर्छ भन्दै चाड पर्व पनि वर्गीय हुने चर्चा गर्नुभयो ।

जयदेव मा.वि.का प्रधानाध्यापक तिलकप्रसाद शर्माले पञ्चकोसी साहित्य समाजको साहित्यिक यात्राले निरन्तरता पाओस् भन्नुभयो । भैरव मा.वि. डौसुरका सहायक प्रधानाध्यापक हर्कबहादुर शाहीले प्रगतिशील साहित्यलाई जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

पञ्चकोसी साहित्य समाजले आयोजना गरेको उक्त कार्यक्रममा खगेन्द्रबहादुर शाहीले आफ्नो कला, संस्कृतिलाई जगेर्ना गर्दै अगाडि बढ्नुपर्छ भन्नुभयो । देउडा गायक नन्दाराम रेग्मीले यस्ता कार्यक्रमले निरन्तरता पाउँदै जाओस् भन्नुभयो । कृष्णप्रसाद ढकाल, मान शाही र जयकला वि.क.ले पनि पञ्चकोसी साहित्य समाजले सबै किसिमका कला र साहित्यलाई समेट्नुपर्नेमा जोड दिनुभयो । दीपक शाहीले स्वागत गर्नुभएको उक्त कार्यक्रममा पूजा ढकालले शुभकामना दिँदै कविता वाचन गर्नुभएको थियो ।

हिमालय माविका प्रधानाध्यापक हर्कबहादुर वि.क.ले साहित्यले समाजलाई सही बाटो देखाउने चर्चा गर्दै देशमा आमूल परिवर्तनमा साहित्यको महत्त्वपूर्ण भूमिका रहन्छ भन्नुभयो । चामुण्डा बिन्द्रासैनी वडा नं. ७ का वडाध्यक्ष इन्द्रप्रसाद चौलागाईले पञ्चकोसी साहित्य समाजले आफ्नो क्षेत्रलाई बढाउँदै लगोस् भन्दै सुझाव दिनुभयो ।

यसैगरी नेमकिपा चामुण्डा विन्द्रासैनी वडा नं. ३ वडा समितिको आयोजनामा असोज ३० गते चामुण्डा विन्द्रासैनीको वडा नं ३ मा शुभकामना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका सदस्य निरकबहादुर शाहीले पदमा जानकै लागि राजनीति गर्नु गलत हुने चर्चा गर्दै निःस्वार्थ रूपमा जनताको सेवा गर्नु आजको आवश्यकता हो भन्नुभयो । राज्य चलाउने राजा शुद्धोधनको भन्दा राज्य सत्ता त्याग्ने गौतम बुद्धको प्रचार धेरै भएको चर्चा गर्दै उहाँले पुँजीवादी व्यवस्थाको अन्त्य नभएसम्म गरीब जनताले दुःख पाइरहनेछन् भन्नुभयो । रास्वपा सरकारले पुरानै पुँजीवादी विचारलाई अगाडि बढाएको चर्चा गर्दै सम्पत्तिमा सीमा तोक्ने, योग्यताअनुसारको ज्यालाको बन्दोबस्त गरी शिक्षा र स्वास्थ्यलाई निःशुल्क गर्न नसक्ने वर्तमान सरकार कसरी नयाँ हुन सक्छ भनी उहाँले प्रश्न गर्नुभयो ।

नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले पुँजीवादी व्यवस्था रहेसम्म भ्रष्टाचार र कमिसन रहिरहने चर्चा गर्नुभयो । उत्पादनका साधनलाई राष्ट्रियकरण नगरी निजीकरणलाई अगाडि बढाउने सरकार कसरी नयाँ हुन सक्छ भन्दै अध्यक्ष दीपक शाहीले समाजवादी व्यवस्था स्थापनाका लागि सचेत र सङ्गठित कार्यकर्ता आवश्यक छ भन्नुभयो । चाविनपा वडा नं. ३ का वडा अध्यक्ष दीपबहादुर शाहीले पुँजीवादी व्यवस्थाभित्रका विकृति र विसङ्गति हटाउन युवाहरू सचेत हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा बमबहादुर मलेइ, बासुदेव कँडेल, नारायणकुमार शाही, बमबहादुर तारामी, रत्नबहादुर सार्की, टेकबहादुर तारामी, ऐनबहादुर खप्तडी, हस्तबहादुर वि.क, दानकला मिजार र रवीन्द्र सुनारले पनि भाग लिनुभएको थियो ।

खप इन्जिनियरिङ कलेज पनि क्युएए उन्मुख



भक्तपुर । विश्वविद्यालय अनुदान आयोगको Educational Quality Assurance and Accreditation Council बाट भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप इन्जिनियरिङ कलेजको गुणस्तर परीक्षण कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले शिक्षामार्फत समाजमा परिवर्तन ल्याउने उद्देश्यले खप सर्कलअन्तर्गतका कलेजहरू स्थापना भएको बताउँदै वि.सं. २०५८ सालमा स्थापना भएको यस शैक्षिक संस्थाले प्रारम्भिक चरणमा विभिन्न आलोचना र चुनौतीको सामना गर्नुपरेको स्मरण गर्दै जनप्रतिनिधिविहीन अवस्थामा समेत कलेजको व्यवस्थापन र विकासका लागि निरन्तर काम गरिएको बताउनुभयो ।

उहाँले कुनै पनि संस्थाको विकास र सफलताको लागि जिम्मेवारीमा रहेका व्यक्तिहरूले इमानदारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै खप इन्जिनियरिङ कलेजले जनताको सेवा गर्ने उद्देश्यअनुरूप गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो । कलेजले आफ्नो शैक्षिक गुणस्तर र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै उत्कृष्ट शैक्षिक संस्थाका रूपमा पहिचान बनाउन सफल भएको उहाँले बताउनुभयो ।

कलेजले कानुनी प्रावधान तथा विश्वविद्यालयका नीतिनियमअनुसार काम गर्दै आएको उल्लेख गर्दै उहाँले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तिको प्रक्रियालाई उपलब्धिका रूपमा अघि बढाउँदै आगामी दिनमा कलेजहरूको शैक्षिक गुणस्तर अझ सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले खप सर्कल कलेजको सफलताले अन्य स्थानीय तहहरूलाई पनि आफ्नै पहलमा शैक्षिक संस्था सञ्चालन गर्न हौसला मिलेको बताउँदै स्थानीय सरकार बलियो हुनुपर्छ भन्ने मान्यताका साथ भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र जनताको सेवासँग सम्बन्धित विभिन्न क्षेत्रमा काम गर्दै आएको उल्लेख गर्नुभयो ।

स्थानीय सरकार सक्षम र बलियो भए मात्र जनताको आवश्यकता र चाहनाअनुसार प्रभावकारी सेवा प्रवाह गर्न सकिने बताउँदै नगर प्रमुख प्रजापतिले स्थानीय तहले आफ्नो स्रोत, साधन र क्षमताको सदुपयोग गरी जनताको हितमा काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा Peer Review Team का टोली नेता प्रा.डा. त्रिरत्न बज्राचार्यले खप इन्जिनियरिङ कलेजको शैक्षिक गतिविधि, व्यवस्थापन र सामाजिक प्रभावप्रति आफू सकारात्मक रहेको बताउँदै सार्वजनिक धारणा तथा कलेजले समुदायमा पारेको प्रभावका आधारमा पनि यसको विकास र गुणस्तर राम्रो देखिएको उल्लेख गर्नुभयो ।

विभिन्न कलेज तथा विश्वविद्यालयको Peer Review प्रक्रियामा सहभागी भएको अनुभव सुनाउँदै उहाँले खप इन्जिनियरिङ कलेजको व्यवस्थापन र प्रतिवेदन प्रस्तुत गर्ने शैली प्रशंसनीय रहेको बताउनुभयो । अन्य शैक्षिक संस्थाको तुलनामा विद्यार्थीको बिचमै पढाइ छाड्ने दर (ड्रपआउट रेट) र उत्तीर्ण प्रतिशतमा देखिने चुनौतीका सन्दर्भमा यस कलेजको अवस्था सकारात्मक रहेको उहाँको भनाइ थियो । सामुदायिक तथा स्थानीय तहबाट सञ्चालित शैक्षिक संस्थाले गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छन् भन्ने उदाहरण खप इन्जिनियरिङ कलेजले प्रस्तुत गरेको उहाँले बताउनुभयो ।

कार्यक्रममा संयोजक इन्जिनियर उमेश सुकमनीले Peer Review team समक्ष स्वअध्ययन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

खप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले कलेजको उद्देश्य, शैक्षिक गतिविधि तथा भावी योजनाबारे जानकारी दिँदै खप इन्जिनियरिङ कलेज नेपालमा स्थानीय तहबाट सञ्चालित पहिलो इन्जिनियरिङ कलेजका रूपमा स्थापित भएको उल्लेख गर्दै अनुसन्धान र नवप्रवर्तनमा जोड दिई दक्ष जनशक्ति उत्पादन गर्नु कलेजको प्रमुख उद्देश्य रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा खप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेंले पनि कलेजको बारेमा बोल्नुभएको थियो ।

टीमले सञ्चालक समिति, प्राचार्य, विद्यार्थी र स्थानीयहरूसँग छुट्टाछुट्टै भेट गर्ने छ । कलेजको समस्या र साझा सरोकारको विषयमा सरोकारवालाहरूसँग छलफल गरिनेछ । सो क्रममा कलेजका पुस्तकालय, पठनपाठनसम्बन्धी योजना, पूर्वाधारहरूलगायतको सबै विषयमा टीमले अध्ययन गर्नेछ । छलफलको लागि मङ्गलबार, बुधबार र बिहीबार तीन दिन समय छुट्याइएको छ ।

यसअघि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप कलेज अफ इन्जिनियरिङले क्यु.ए.ए. प्राप्त गरिसकेको छ ।

भक्तपुरले...

समाज निर्माणको लक्ष्य राखेको स्पष्ट पार्दै कर्मचारीहरू आफ्नो कामप्रति जिम्मेवार, पारदर्शी र इमानदार हुनुपर्ने र जनताको विश्वास जित्ने गरी काम गर्न आग्रह गर्नुभयो ।

उहाँले नगरपालिकाहरूबिच राम्रा काम गर्ने विषयमा स्वस्थ प्रतिस्पर्धा हुनु सकारात्मक भएको बताउँदै एकअर्काका राम्रा कामबाट सिक्दै जनताको हितमा प्रभावकारी सेवा प्रवाह गर्न सके स्थानीय तहको विकास र संस्थागत क्षमता अभिवृद्धिमा सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिदा र चाडपर्वका समयमा फोहोरमैला बढी उत्पादन हुने भएकोले सरसफाइकर्मीहरूले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले खानपानमा ध्यान दिन, अनैतिक गतिविधिमा संलग्न नहुन तथा लामो बिदाको समयलाई सदुपयोग गर्दै नयाँ-नयाँ पुस्तक पढ्ने र ज्ञानवर्द्धक लेखनमा समय बिताउन कर्मचारीहरूलाई आग्रह गर्नुभयो ।

राष्ट्रसेवक कर्मचारीहरू देश र जनताको सेवाका लागि आवश्यक परेको जुनसुकै जिम्मेवारी निर्वाह गर्न तयार रहनुपर्ने उल्लेख गर्दै उहाँले नगरपालिकाको विकास र सेवा प्रवाहमा कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।

उहाँले देको मिवा इतापाके आयोजनाअन्तर्गत गुठी जग्गासम्बन्धी विषयमा स्पष्ट पार्दै सरकारको तर्फबाट भर्खरै जारी गरिएको भूमिसम्बन्धी ऐन संशोधन गर्ने अध्यादेश २०८३ जारी भएपछि गुठी अधिनस्थ जग्गासम्बन्धी समस्या समाधान हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जनप्रतिनिधि, कर्मचारी तथा विभिन्न शाखाहरूबिच सुमधुर सम्बन्ध र समन्वय हुनुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिकालाई उदाहरणीय नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारीसँगै नगरवासीलाई समेत एकताबद्ध बनाएर अघि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

उहाँले चाडपर्वको समयमा नगर र नगरवासीको हितलाई ध्यानमा राखेर कर्मचारीहरूले काम गर्नुपर्ने बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका एकाइ समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले जनप्रतिनिधि र कर्मचारीबिच सहकार्य भएको नगरपालिका भक्तपुर नगरपालिका भएको बताउँदै स्थानीय तह पनि स्थानीय सरकार भएकोले कर्मचारीहरूको हकहित सुनिश्चित गर्ने गरी आवश्यक नियम तथा कानुन निर्माण गरी उनीहरूलाई उत्साहित बनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा एशोसिएसनका सदस्य विद्यालक्ष्मी प्रजापतिले स्वागत मन्तव्य राख्नुभएको थियो भने समितिका सहसचिव विकास प्रजापतिले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।

नयाँ...

शिक्षकहरूलाई राज्यले दिने पेन्सनलगायत अन्य सेवासुविधाका लागि सङ्गठित रूपमा आवाज उठाइरहेका छौं र यसमा सफल पनि हुँदै आएका छौं ।"

'शैक्षिक अनुभव' का सम्पादक ज्ञानसागर प्रजापतिले विमोचित पुस्तकमा उल्लिखित विषयवस्तुबारे सङ्क्षिप्त जानकारी प्रस्तुत गर्नुभयो ।

समाजका संस्थापक अध्यक्ष नाति कवांले विगतमा सरकारले सेवा निवृत्त शिक्षकहरूको पेन्सन दुई-तीन महिनासम्म रोकेको थियो भने वर्तमान सरकारले भक्तपुरका शिक्षकहरूलाई कतै चाडपर्व खर्च त कतै असोज महिनाको तलबभत्ता समयमै निकासा नगरी शिक्षकमाथि अन्याय र भेदभाव गरेको बताउनुभयो ।

समाजका सदस्य सजीव था श्रेष्ठले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा समाजकै सदस्य धीर्जबहादुर कायष्ठले शुभकामना मन्तव्यसहित धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एकक्षण प्रधान

आलीमा बसेर माछाको भाग खाने

नेवार किसानहरूमाझ साऱ्है चल्ती उखान छ -'आलीमा बसेर माछाको भाग खाने ।' अर्काको परिश्रमबाट 'भाग खाने' मानिसहरू समाजमा कम छैनन् । अचेल व्यापारमा साऱ्है चलेको शब्द हो - बिचौलिया ! सम्भवत: हरियो तरकारी व्यापारदेखि घर जग्गा व्यापार र सरकारबाट दिइने ठेक्का-पट्टा र विदेशी मेसिनरी सामानमा समेत यी बिचौलियाहरूको हात छ भनी अहिले सबैजसो भ्रष्टाचारको समाचारमा तिनीहरूको नाम र चर्चा छ ।

तर व्यवहारमा अहिले सिडियो र प्रहरीकहाँ जाने 'बिचौलियाहरू' तल्लो सेनाको तहमा पुग्ने कोसिस गरिरहेको चर्चा छ । यसको अर्थ हो - २-४ लाखको कारोबारमा समेत 'बिचौलिया' पुगिसकेको छ । तर हिजो नचिनिएका त्यस्ता समाजमा खैलाबैला मच्चाउने केही व्यक्तिलाई बजार मूल्यमा देखिएको वृद्धिलाई नियन्त्रण गर्न दुई चार दिनभित्रै त्यस्ता समाजविरोधीहरूलाई सुरक्षामा लिन सकिने सम्भावना पनि देखिन्छ । सत्य के हो भने स-साना व्यापारीहरूलाई समेत प्रशासनले हाजिर गराउनासाथ उद्योग-वाणिज्य सङ्घका केन्द्रीय स्तरमै ठुलाठालुहरूको 'निजी अर्थतन्त्र उद्योगधन्दाको विकासको सहयोग विना...' को नारा वा धम्की आइसक्छ ।

तर, आश्चर्य छ, लाखौं करोडौं तल्लो तहमा जनता मजदुर, किसान र कम आय भएका कर्मचारी, ज्यामी र हाते मजदुरहरूको दुई छाकको निम्ति बजार मूल्यमा तत्काल घटाउनुपर्ने विषयमा उद्योग वाणिज्य सङ्घको बैठक बसेको जनतालाई थाहा छैन । देशमा संसदीय व्यवस्था लागू भएदेखि २०४८ तिर एउटै मात्र उपभोक्ता ऐन बनाइयो; त्यसमा पनि अखाद्य वा मिसावटबाट सयौं मानिस मरे पनि खाद्य सामान उत्पादन गर्ने, बेच्ने थोक व्यापारी वा पसलेलाई केही सय रुपैयाँमात्र जरिवाना हुन्छ । त्यसमा पनि अर्थमन्त्री र सरकारलाई उद्योग व्यापार सङ्घले दबाब दिएको थियो ।

२९ असोज २०८३ को 'राजधानी' दैनिकको शीर्षक थियो-'महँगियो दसैं, बजार अनुगमन छ, छैन नियन्त्रण ।' विवरणमा राजधानीले बतायो - खाद्यान्नदेखि लत्ताकपडा, ग्यास र मासुमा मूल्य वृद्धि, तलबको तुलनामा खर्च बढ्दा मारमा उपभोक्ता ।'

नयाँ सरकारले आफूले के के गरौंला भनेर आएको होइन, बरु नयाँ पुस्तामार्फत गरेर देखाउँला भनी अमेरिकी अर्थशास्त्री भनाउँदा र भारतीय अर्थशास्त्रीहरूले पनि अवश्य आश्वासन दिएर शासनमा ल्याएको सर्वविदित छ । अमेरिका र भारत मिलेर संसारमा के नहोला भनी 'अन्धविश्वास' राखेर नयाँ पुस्तालाई त सरकारमा ल्यायो तर व्यवहार यता न उता देखियो ।

एसियाली विकास बैङ्कको कर्मचारी भनी प्रचार गरिएका अर्थमन्त्रीले अमेरिकी डलरको ऋण थप्ने र देशलाई खाडलमा पुऱ्याउने बाहेक अरू केही गर्नै सक्दैनन् ।

एक समाचारपत्र भन्छ - 'सरकारको सुशासनको नाराबिच महँगीको मार', 'दसैं मनाउन मुस्किल', 'बजारमा मूल्यवृद्धिको चाप' । नेपाल समाचारपत्र, २९ असोज २०८३)

३० असोज २०८३ को 'कान्तिपुर' ले लेख्यो- 'बजार भाउ ६.३४ प्रतिशतले बढ्यो, २२ महिनायताकै उच्च ।'

यसको अर्थ हो, हरेक कामदारवर्ग अर्थात् ३० देखि ४० हजारसम्म कमाउने मजदुर, शिक्षक, कर्मचारी आदिले नयाँ लुगा लगाएमा पेटभर खान पाउने छैनन्; पेटभर खान दिँदा नयाँ लुगा हुनेछैन । सरल हिसाब यही हो - यदि अर्थमन्त्रीले साहस गर्छन् भने टुँडिखेलमा जनसभा राखेर यो बजेटले सारा नेपाली जनतालाई पेटभर खाना र बालबच्चालाई नयाँ नाना दिन सकिन्छ भनी हिसाब बताउन अर्थमन्त्रीलाई हाँक दिँदै छन्- टोल टोलमा युवाहरू यो दसैंको उपहार भन्दै !

युवा अर्थमन्त्रीले जनतालाई आफ्नो बचनले आश्वस्त पार्न सक्ने अत्यन्त राम्रो हुनेछ- यो हाम्रो सुझाव हो ।

देश बनाउने टोली कहाँ छ ?

● स्नेह

महँगी,
बढ्यो भूकम्पमा
कोभिडमा झन बढ्यो
हिमपहिरोमा आकाशै छोयो
दशैंको मुखमा त
तीनसय प्रतिशत नै बढ्यो
खोइ,
देश बनाउने टोली कहाँ छ ?
के गर्दै छ ?
के दुई चार वर्षमै कोही नेता बन्छ ?
के जन्मनेबित्तिकै शिशु हिँड्छ ?
गन्तव्य नभएकाहरू
एक्सप्रेस कुदाउने कहाँ ?
देशै जलाउनेहरू
महँगी रोक्छौं कसरी ?

(२०८३ मंसिर १)

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३